साप्ताहिक

# श्रमिक

WORKERS Weekly

(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३३ ✪ अङ्क ११ ✪ २४ चैत २०८२, मङ्गलबार ✪ 7 April 2026, Tuesday ✪ मूल्य रू. १०।-

## सहकारी गरिबहरूको निम्ति हुनुपर्ने : रकम अपचलन गर्नेको सम्पत्ति जफत गर्नुपर्ने

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले सहकारी संस्था गरिबहरूको आर्थिक स्तर उकास्नको निम्ति खोलिएको संस्था हो भन्नुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा ६९ औँ राष्ट्रिय सहकारी दिवसको अवसरमा चैत २० गते सम्पन्न प्रवचन कार्यक्रममा उहाँले सहकारी संस्थाहरूले आर्थिक कारोबारमा मात्र सीमित नरही कृषि, स्वास्थ्य, गरिबलाई शिक्षामा छात्रवृत्ति, समय सापेक्ष तालिमलगायतका सामूहिक हितका लागि काम गर्नुपर्ने बताउनुभयो ।

उहाँले सहकारीको रकम अपचलन गरी सर्वसाधारणको बचत रकम जोखिममा पार्नेहरूविरुद्ध ऐन बनाई सम्पत्ति जफत गरी तत्काल मुद्दा लगाउनुपर्नेमा जोड दिँदै सहकारी संस्था स्थानीय व्यक्तिहरूले मात्र सञ्चालन गर्न पाउने नियम लागू गर्न सके बचत अपचलन हुनबाट जोगिने प्रस्ट पार्नुभयो । सहकारी संस्थाहरूले समय सापक्ष अर्थशास्त्र र भाषासम्बन्धी तालिम सञ्चालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सहकारीको पैसा हिनामिना गर्नेहरूलाई कारबाही गरेको स्मरण गर्दै समुदायको हित र सिङ्गो समाज उत्थानमा सहकारीको अहम् भूमिका रहने बताउनुभयो ।

उहाँले जनताले भविष्यको लागि भनेर जम्मा गरेको सानो पुँजीलाई सहकारीहरूले अपचलन गर्न खोजेको हुँदा जनताको बचत रकम सुरक्षित गर्न नगरभित्र कार्यक्षेत्र नभएका सहकारीहरूलाई सिफारिस नगरिएको स्पष्ट पार्दै त्यस्तो बढी समस्या बहुउद्देश्यीय सहकारीहरूमा देखिएको बताउनुभयो ।

भक्तपुर नपाले सङ्कटग्रस्त सहकारी संस्थाहरूसँग समन्वय गरी नगरवासीहरूको बचत सुरक्षित गर्न प्रयास गरिरहेको बताउँदै उहाँले सहकारीका सञ्चालकहरूले हरेक सदस्यलाई संस्थाको उद्देश्यबारे बताउने

बाँकी पृष्ठ १२ मा

### नेमकिपाको केन्द्रीय समितिको बैठक सम्पन्न

# धन्यवादज्ञापन प्रस्ताव पारितः १३७औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउने निर्णय

काठमाडौँ । नेपाल मजदुर किसान पार्टीको आठौँ महाधिवेशनपछिको तेस्रो केन्द्रीय समितिको बैठक २०८२ चैत २१ गते सुरु भई २३ गते मङ्गलबार सम्पन्न भयो ।

पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को अध्यक्षतामा बसेको बैठकले २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा नेपाल मजदुर किसान पार्टीलाई मत दिने सम्पूर्ण नेपाली जनतालाई धन्यवाद ज्ञापन गऱ्यो ।

बैठकमा पार्टी अध्यक्षले पार्टी प्रकाशनको अध्ययन र अन्तरक्रियामा जोड दिँदै पार्टी र जनवर्गीय एवम् पेशागत सङ्गठनहरूको थप सक्रियता जरुरी भएको उल्लेख गर्नुभयो । उहाँले पार्टीका जिम्मेवार कार्यकर्ताहरू पार्टी सिद्धान्तअनुसार सक्रिय भएर जनतालाई राजनीतिक रूपले शिक्षित र सङ्गठित गर्नुपर्नेमा जोड दिँदै मजदुर आन्दोलनमा देखा परेका पुँजीवादी विचारको खण्डन हुनुपर्ने औँल्याउनुभयो ।

बैठकमा जिल्ला, पालिका र वडा पार्टी समितिहरूमार्फत स्थानीय जनताको भेला राखी नेपाल मजदुर किसान पार्टीलाई अमूल्य मत दिने जनतालाई धन्यवाद ज्ञापन गर्ने पनि निर्णय भयो ।

१३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस सन् २०२६ मे १ तदनुसार २०८३ वैशाख १८ को अवसरमा जिल्ला, पालिका र वडा पार्टी समितिहरूसम्म पार्टी प्रकाशनबारे अध्ययन र छलफल गर्ने पनि बैठकले निर्णय गऱ्यो ।

बैठकले भेनेजुयला र इरानमा ट्रम्प प्रशासनको आक्रमणको विरोध एवम् भर्त्सना गऱ्यो भने क्युवाविरुद्ध ट्रम्प प्रशासनको नाकाबन्दीको विरोध गऱ्यो । साम्राज्यवादको पतन तथा समाजवादको विजयको अवश्यम्भाव्यताका विषयमा नयाँ पुस्तालाई शिक्षित गर्दै जाने बैठकमा जोड दिइयो ।

सोही बैठकले नेमकिपाका केन्द्रीय सचिव प्रेम सुवालले प्रस्तुत गर्नुभएको पार्टी प्रतिवेदन सुझावसहित पारित गऱ्यो ।

पार्टी केन्द्रीय समितिको चैत २२ गते बैठकमा अध्यक्ष बिजुक्छेँले नेमकिपा जनतालाई योग्य बनाउने विश्वविद्यालय र कलेजजस्तै भएको उल्लेख गर्दै कार्यकर्ताको देशप्रेमको भावना व्यवहारमा देखिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, "पार्टी कार्यकर्ताहरू जनतालाई समाजसेवी र देशभक्त बनाउन लाग्नु जरुरी छ । आलोचना र आत्मालोचनामार्फत पार्टी कार्यकर्ताहरू अघि बढ्नुपर्दछ । पार्टी कार्यकर्ताले जनतालाई नागरिक भावनाबारे सचेत पार्नुपर्दछ र निर्वाचनमा व्यक्ति होइन पार्टी उठेको सम्झेर अघि बढ्नु जरुरी छ ।"




शासक दलका सांसदहरूले रातो पासपोर्ट बेच्ने, बहुमत प्राप्त दलका सरकारले भ्रष्टाचार गर्ने गरेको कारण देशमा अहिलेको सङ्कटपूर्ण अवस्था आएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "देश र जनताको निःस्वार्थ सेवा नगर्ने तथा सही कुरा नबोल्नेहरू पार्टी कार्यकर्ता बन्न सक्दैनन् । पार्टी कार्यकर्ताहरूले अन्यायको विरोधमा सङ्घर्ष गर्नुपर्दछ ।"

अध्यक्ष बिजुक्छेँले थप्नुभयो, "भियतनाम युद्धमा अमेरिकी सैन्य कमान्डरहरू पनि लड्न मानेनन् किनभने त्यो युद्ध भियतनामले संरा अमेरिकालाई आक्रमण गरेको कारण भएको थिएन बरु संरा अमेरिकाले भियतनाममा आक्रमण गरेको कारण भएको थियो ।"

उहाँले साम्राज्यवादीहरूले इरानमा गरेको सैन्य हमलाको कारण विश्वमा अशान्ति सिर्जना भइरहेको उल्लेख गर्दै नेमकिपाले साम्राज्यवादीहरूको हतियार र युद्ध व्यापारको विरोध गर्दै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "कार्यकर्ताहरूलाई जाँच्ने कसी देश र जनतालाई सङ्कट परेको बेला हो । शुभलाभमा लाग्नेहरू पार्टी कार्यकर्ता बन्न सक्दैनन् । राजनीतिकरूपले शिक्षित भएकाहरू मात्र कार्यकर्ता बन्न सक्छन् । चुनावमा विदेशी हस्तक्षेप धेरै भयो । यसकारण, पनि नेमकिपाको पक्षमा चुनाव परिणाम आएन ।"

कार्यकर्ताहरू समाजको हरेक क्षेत्रमा पुगेर पार्टी सङ्गठन गर्नु आवश्यक भएको उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले जनताको सेवामा लागेका कार्यकर्ताहरूबिचमै थाकेर फिर्ता हुन नहुने स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "समाजको आमूल परिवर्तन नरोकिने यथार्थबारे कार्यकर्ताहरू स्पष्ट हुनु आवश्यक छ ।"

उहाँले नेमकिपाले चुनावमा जितेर संसद्मा देश र जनताको हितमा आवाज राख्ने चर्चा गर्दै शासक पार्टीहरू सबैले चुनावमा आचारसंहिता नाघेर पैसा खर्च गरेको सार्वजनिक भइरहेको उल्लेख गर्नुभयो ।

"संरा अमेरिकामा ट्रम्प प्रशासनविरुद्ध करोडौँ जनताको सडक प्रदर्शन भइरहेको छ । इरानले ट्रम्प प्रशासनको राजीनामा नभएसम्म वार्ता नगर्ने सर्त पनि राखेको सार्वजनिक भयो । इरानले यसअगाडि तेलको व्यापार संरा अमेरिकी डलरमा नगर्ने घोषणा गरेको थियो" अध्यक्ष बिजुक्छेँले बताउनुभयो ।

उहाँले साम्राज्यवादीहरूले हेपेको देश रुस समाजवादी क्रान्तिपछि सबल नेतृत्वको कारण छिटो विकास भएको र यसमा स्तालिनको नेतृत्त्व पनि महत्त्वपूर्ण रहेको हुँदा साम्राज्यवादीहरूले स्तालिनको खेदो खनेको स्पष्ट पार्नुभयो ।

पुँजीवादी व्यवस्था भएका देशमा बरोबर आर्थिक सङ्कट हुने भएकोले समाजवाद अपरिहार्य भएको उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले २००७ सालको राणाविरोधी आन्दोलनबारे नेपालमा भन्दा भारतमा बढी प्रचार भएको बताउनुभयो ।

बैठकमा पार्टीका केन्द्रीय सदस्यहरूले आ-आफ्नो व्यक्तिगत प्रतिवदेन प्रस्तुत गरेका थिए भने प्रतिवेदनमाथि सहभागी अन्य सदस्यहरूले टीकाटिप्पणी र विभिन्न जिज्ञासा राखेका थिए ।

बैठक चैत २१ गते अध्यक्ष बिजुक्छेँको अध्यक्षतामा सुरु भएको थियो ।

बैठकमा अध्यक्ष बिजुक्छेँले सडक वा निर्वाचित संस्था जहाँ भए पनि नेमकिपाले देश र जनताको निःस्वार्थ सेवा गर्दै जाने बताउनुभयो ।

उहाँले भन्नुभयो, "कार्यकर्ताहरू निर्वाचनमा मात्र जनताको बिचमा पुगेर सङ्गठनको विकास र मत प्राप्त नहुनेतर्फ सचेत हुनु आवश्यक छ; कार्यकर्ताहरू आफ्नै मिहेनतमा सङ्गठन विस्तारमा लाग्नु जरुरी छ ।"

समाजवादको विकल्प नभएको स्पष्ट पार्दै अध्यक्ष बिजुक्छेँले योग्यताअनुसार काम र कामअनुसार पारिश्रमिकको व्यवस्था नै समाजवाद भएको बताउनुभयो ।

संरा अमेरिका र भारतीय सरकारको संलग्नताविना नेपालमा भदौ २३ र २४ गतेको जस्तो उपद्रव हुन नसक्ने नेमकिपाले सुरुमै स्पष्ट पारेको उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "कार्यकर्ताहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा अध्ययन र अन्तरक्रिया चालु राख्नु जरुरी छ । जनतासँग कार्यकर्ताहरूको व्यवहार विनम्र र भद्र हुनु आवश्यक छ ।"

संरा अमेरिकी ट्रम्प प्रशासन कूटनीतिक नभएको र चीनले आफ्नो अडान संयुक्त राष्ट्र सङ्घमा कूटनीतिक शैलीमा राख्दै आएको बताउँदै अध्यक्ष बिजुक्छेँले पुँजीवादी विचलनबाट जोगिनुपर्ने र जनतासँगै सिक्ने र जनताकै सङ्गठन गर्नेतर्फ लाग्न जोड दिनुभयो ।

अध्यक्ष बिजुक्छेँले स्पष्ट गर्नुभयो, "संसद् सदस्यको काम आफ्नो निर्वाचन क्षेत्रको सानोतिनो विकासको कुरा गर्ने होइन, देशको लागि आवश्यक नीति र कानुन बनाउने हो । यो विषय नेपालका बुद्धिजीवीहरूले पनि बुझ्न सकेनन्; पार्टीका कार्यकर्ताहरूले बुझ्नु आवश्यक छ ।"

उहाँले भन्नुभयो, "कसैले समाजवाद बेठीक भन्दैमा समाजवादबारे बुझेकाहरूले स्वीकार गर्दैनन् । जनता सचेत भएपछिमात्र समाजवादबारे बुझ्छन् । जनतालाई सचेत बनाउन राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा

बाँकी पृष्ठ १२ मा





मानिसहरू समाजका रूढीहरू यसकारण मान्छन् किनभने उनीहरूका अगाडि ती रूढीहरूलाई तोड्नेहरूको उदाहरण पर्याप्त मात्रामा छैन ।

-राहुल सांकृत्यायन

## सम्पादकीय

# केही धनाढ्यहरूको धम्की र चेतावनीको अगाडि सरकार झुक्ने हो भने चल्छ शासन कसरी ?

हप्तामा दुई दिन बिदा गर्ने पूर्वसरकारहरूले गरेका निर्णयबारे जनताले आपत्ति र विरोध जनाएका थिए । सरकार गलत उक्त निर्णय फिर्ता लिन बाध्य भएको थियो । पुन: सिंहदरबारले त्यस्तै निर्णय गऱ्यो । त्यसकारण, यसको पछाडि पश्चिमी देशहरूको दबाब वा पश्चिमी देशबाट तालिम प्राप्त सरकारका सल्लाहकार र राजनीतिक व्यक्तिहरूकै सल्लाह हुनुपर्छ भन्ने जनताको अनुमान छ ।

हप्ताको दुई दिनको बिदाले कलकारखानाको उत्पादनमा कमी आउनेछ, सेवा वा सेवाग्राहीहरू पीडित हुनेछन्; विद्यालय, कलेज, विश्वविद्यालयका पढाइ, परीक्षा र शिक्षास्तरमा ठुलो बाधा पुग्ने निश्चित छ । नेपाल सबभन्दा बढी बिदा हुने देशमा पर्छ भन्ने सुन्दै आएकै विषय हो । उदाहरणको निम्ति दसैं बिदा, तिहार अनेक जात-जाति र भाषा-भाषीको बिदा आदि । एक दिनको बिदाले अर्बौं रुपैयाँ खेर जानेबारे सबै जानकार नै छन् ।

नेपालीहरू बिदाको दिन थोरैले खासगरी महिलाहरूले घरको काम गरेका हुन्छन् भने अधिकांश पुरुषहरू तास-जुवा र जाँड-रक्सीमा बिताउँछन् भन्ने नेपालीले सुन्दै आएको विषय हो । अरूको के कुरा, विश्वविद्यालय र कलेजका प्राध्यापक र शिक्षकहरू समेत यस आरोप वा सच्चाइबाट मुक्त छैनन् तथा डाक्टर र इन्जिनियरजस्ता समुदाय पनि माथिका गुनासोहरूबाट मुक्त छैनन् । बरु, अरू पर्व बिदाहरू कटाएर सरकारले एक दुई हप्ता पालैपालो पहिले देश र पछिपछि विदेश भ्रमणको निम्ति थप रकम दिनु उपयुक्त हुनेबारे बुद्धिजीवीहरूमै छलफल चलेको विषय हो । यसमा पनि त्यसबारे लेख्न लगाउने कार्यक्रम जोड्न पाए नेपाली भाषा र साहित्यमा भ्रमण साहित्यलाई समृद्ध बनाउने मेसो बन्नेछ ।

हप्तामा दुई दिन बिदाबारे समाचारपत्रहरूमा जनता सकारात्मक देखिन्न - "अब सातामा दुई दिन बिदा विगतको अभ्यास सुखद छैन, ३६५ दिनमा सार्वजनिक बिदा १४५" (नागरिक दैनिक, २३ चैत २०८२) । २३ चैत २०८२ कै 'राजधानी दैनिक' को पनि अघिल्लो पानामै शीर्षक थियो - "२६ वर्षअघि गरिएको असफल अभ्यासमा सरकार ।"

### सार्वजनिक सम्पत्ति जोगाऔं

पुराना सरकारहरूले सार्वजनिक सम्पत्ति, निजी संस्था र व्यक्तिको नाममा गरेको हुँदा राजधानी र विभिन्न प्रदेश जिल्लाका जनता अत्यन्त क्षुब्ध हुन्थे ।

सार्वजनिक सम्पत्तिप्रति जनताको चासो अत्यन्त सकारात्मक नागरिक भावना हो । जनकपुरको गुठी जग्गाको बेचबिखनबारे बारम्बार गुनासो सुनिआएकै विषय हो । त्यस्तै पोखराको फेवाताल मिचेको बारेको समाचार पनि बरोबर सुनिएको र देखिएकै विषय हो । तर, विडम्बना ! पर्यटन उद्योगबारे बयान गरेर नथाक्ने सम्पन्न व्यक्तिहरूले नै मिचेको देखेर स्थानीय जनताको मनमा सार्वजनिक जग्गा मिचेरै धनी भएका रहेछन् 'पापीहरू' भन्ने कहावत पनि सुनियो । तर, प्रचारमाध्यमहरूले आफ्नो धर्म छोडेनन् ।

"फेवाताल किनारको ६५ मिटर क्षेत्र खाली गर्न थालेपछि जग्गा धनी" आन्दोलित जग्गाको उचित क्षतिपूर्ति र मुआब्जा वा ल्याङ पुलिङ गर्न माग" (नयाँ पत्रिका, ३० चैत २०८२) । सार्वजनिक जग्गालाई वर्षौंसम्म मिची आएकोमा क्षतिपूर्ति जग्गा मिच्नेहरूले सरकारलाई दिनुपर्ने हो; माग उल्टो छ त्यो ठाउँको मालिक त सरकार हो ।

यसकारण २३ चैत २०८२ को 'राजधानी' ले लेख्यो - 'फेवाताल मिच्ने संरचनामाथि डोजर' शीर्षकबाटै स्पष्ट हुन्छ जग्गा कसको हो र क्षतिपूर्ति वा बहाल कसले तिर्ने हो ? चैत २०८२ कै 'नागरिक दैनिक' ले लेख्यो - "फेवाताल मापदण्ड 'थातथलो' बाट हटाएर सडकमा आउन बाध्य नगरियोस् ।" कर्ण शाक्यको तस्बिरसहितको समाचारको शीर्षक हो - 'हामीमाथि प्रहार किन' ? तर कस्तो न्याय ? गरिब जनताको निवास भत्काए पनि हुने तर अर्बपति र खर्बपतिहरूले सार्वजनिक जग्गा मिचे पनि हुने ? सरकार तर्से पनि न्याय तर्सिन मिल्दैन !

### सरकारलाई अर्को धम्की अरबपतिहरूको

केही दिनअगाडि देखि दीपक भट्टबारे पत्रपत्रिकाले लेखिरहेकै थियो । तर, त्यस चैत २०८२ को 'राजधानी दैनिक' को शीर्षकले सुलभ अग्रवाल, शेखर गोल्छा, शङ्करलाल अग्रवाल र दीपक भट्टको तस्बिरसहितको शीर्षक भन्छ - 'सम्पत्ति शुद्धीकरण, अनुसन्धान प्रभावित पार्न गोल्छासहितका व्यवसायीको दबाब', 'विभाग र सीआईबी पुगेर बैङ्कदेखि व्यवसायसम्म ठप्प हुने चेतावनी ।' नयाँ सरकारले यस्तै धम्की र चेतावनीको अगाडि झुक्ने हो भने कसरी चल्छ शासन र भ्रष्टाचार निर्मूलको उद्देश्य कसरी सफल होला ! केही धनाढ्यको अगाडि झुक्ने हो भने कसरी अगाडि बढ्छ - सरकार ?

# इन्धन अभाव कसले गरायो ?

● प्रज्ज्वल

जेनजी आन्दोलनको जगमा विसं २०८२ फागुन २१ गते भएको प्रतिनिधिसभाको चुनावमा नयाँ पार्टीको नाममा रास्वपाको झन्डै दुई तिहाइ स्थान पुग्यो । रास्वपा नयाँ पार्टी होइन किनभने विसं २०७९ को चुनावमा २० स्थान ल्याएको रास्वपाले पुराना पार्टीहरू एमाले र माओवादीको समर्थनमा दुई पटक उपप्रधानमन्त्रीसहित गृहमन्त्री र श्रम तथा रोजगार मन्त्री, शिक्षा विज्ञान तथा प्रविधिमन्त्री भएको थियो । झन्डै साढेतीन वर्ष रास्वपाले प्रतिनिधिसभाको उपसभामुख पनि चलाएको थियो । पुरानो पार्टीसँग सरकारको भागबन्डा गर्ने रास्वपा कसरी नयाँ पार्टी हो ? निश्चय पनि होइन ।

रास्वपाले चैत १३ गते आफ्नो नेतृत्वमा सरकार गठन गऱ्यो । रास्वपाको सरकार गठन भएको सातौं दिन चैत १९ गते पेट्रोल र डिजेलको मूल्य प्रतिलिटर रु. १५ बढायो । वरिष्ठ पत्रकार राजेन्द्र बानियाका अनुसार पुराना सरकारले यसरी नै मूल्य बढाउँदा सन् २०२४ नोभम्बर १५ मा काठमाडौं महानगरपालिकाको तत्कालीन प्रमुखको पदबाट बालेन्द्र साहले सामाजिक सञ्जालमा विरोध गरेका थिए - "भारतबाट तेलको मूल्य बढ्यो भन्दैमा बढाउन पाइन्छ ? जनतालाई राहत दिनुपर्ने सरकारको कर्तव्य छैन ? यस्तो महँगी भैरहने हो भने सरकारको काम के हो ? जनताको सरकार किन चाहियो ?"

पत्रकार बानिया थप्छन्, "यतिखेर बालेन्द्र साह रास्वपाको सरकार प्रमुखमा छन् । भारतमा मूल्य बढेको छैन । नेपालमा मूल्य किन बढ्यो ? सरकारले प्रतिलिटर पेट्रोलमा रु. ६५ र डिजेलमा रु. ४७ कर लिएको घटाएर भए पनि मूल्यवृद्धि रोक्नु जरुरी छ । मूल्यवृद्धिको विरोध गरेकाहरूलाई रास्वपाका साइबर सेनाले टोक्न आउँछन् किन ?"

संरा अमेरिकाको ट्रम्प र इजरायलको न्येतन्याहु प्रशासनले इरानमा सैन्य हमला गरेको कारण नेपालमा पेट्रोलियम पदार्थ आपूर्ति कम भएको र मूल्यवृद्धि भएको हो । रास्वपाको सरकारले इरानमा सैन्य हमलाको विरोध किन गरेन ? नेपालमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि हुनुमा ट्रम्प र न्येतन्याहु प्रशासन दोषी भएको यथार्थ रास्वपाले किन उठाएन ? नेपाली जनताले रास्वपाको सरकारसँग देहायका प्रश्न उठाउन किन नपाउने ?

नेपालमा भारत हुँदै आउने पेट्रोलियम पदार्थ खाडी मुलुकभन्दा पनि रुसबाट आउने हो । रुसले भारतलाई पेट्रोलियम पदार्थ पठाइरहेकै छ । रास्वपा सरकारले रुससँग पेट्रोलियम पदार्थ खरिद नगर्न भारतलाई दबाब दिने ट्रम्प प्रशासनको विरोध किन गरेन ?

रास्वपा सरकारले इन्धन खपत घटाउन २०८२ चैत २३ गतेदेखि हप्तामा दुई दिन शनिबार र आइतबार सरकारी कार्यालय, सार्वजनिक निकाय र शैक्षिक संस्थाहरूमा बिदा दिने निर्णय गऱ्यो । कतिपय देशमा युद्धको बेला पनि सुरक्षित स्थानमा विद्यालय र कलेज सञ्चालन गरिएको हुन्छ । रास्वपा सरकारले अत्यावश्यक नभएका उद्योगहरू बन्द गरेर शैक्षिक संस्था र कृषि उत्पादन क्षेत्रमा इन्धन आपूर्ति गर्नु जरूरी हुन्छ । निजी शैक्षिक संस्थाहरूमा सरकारको कुनै आर्थिक सहयोग छैन । रास्वपा सरकारले निजी शैक्षिक संस्थालाई समेत हप्ताको दुई दिन बन्द गराउने निर्णय गरेको नयाँ पुस्ताको भविष्यमा प्रहारजस्तै हो । जेनजीको आन्दोलनबाट आएको रास्वपा सरकारले जेनजीको भविष्यमा प्रहार किन गर्दै छ ? हप्तामा दुई दिन सार्वजनिक बिदाको अभ्यास तेस्रो पटकको हो । नेपालजस्तो विकासमा पछि परेको देशमा जनताको सेवा गर्न रास्वपा सरकारले सबैलाई योग्यताअनुसारको काम र कामअनुसारको पारिश्रमिकको व्यवस्था गरी हप्ताको ६ दिन पूरै सेवा गराउनु जरुरी छ । यसो नगर्ने भए रास्वपाले जनताको सरकार दाबी गर्न कसरी मिल्छ ? नेपालमा वर्षको ३६५ दिनमध्ये सार्वजनिक बिदा १४५ दिन किन चाहियो ?

रास्वपा सरकार गठनको १० दिनमा पुँजी बजारमा सूचीकृत धितोपत्रहरूको मूल्य ५० खर्ब ९ अर्ब ३८ करोडबाट रु. ४ खर्ब ५८ अर्बले घटेको सार्वजनिक भयो । यसबारे कतिपय विश्लेषकहरूले पुँजीबजारले रास्वपा सरकारलाई विश्वास नगरेको पनि औंल्याए । कतिपयले नेपालको पुँजी विदेशमा पलायन भइरहेको कारण पनि पुँजीबजारको मूल्य घटेको बताए । पुँजी पलायन नियन्त्रण गर्न रास्वपा सरकारले नेपालीको सम्पत्तिको सीमाङ्कन र विदेशमा सम्पत्ति राख्न नपाउने कानुनी व्यवस्था गर्नु आवश्यक छ । केहीले पुँजीबजारसँग प्रत्यक्ष जोडिएका 'विचौलिया' दीपक भट्ट, शङ्कर समूहका सञ्चालकहरू शङ्कर अग्रवाल र उनका छोरा सुलभ अग्रवाललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानमा पक्राउ गरिएको हुँदा पुँजीबजार ओरालो लागेको बताए । शङ्कर समूहका कम्पनीहरूलगायत निश्चित कम्पनीलाई अर्बौं र खर्बौं रुपैयाँ कर्जा दिने नेपाल राष्ट्र बैङ्कका अधिकारीहरूलाई पनि देशमा अहिले भइरहेको आर्थिक सङ्कटको दोषी बनाउनु जरुरी किन हुँदैन ? उत्पादनका ठुला ठुला सेवा र साधन समाज वा सरकारको नेतृत्वमा सञ्चालन गर्नेतर्फ रास्वपा सरकार लाग्नु जरुरी छ ।

यतिबेला रास्वपाको सरकारले प्रशासन र न्यायालयसमेतको 'मसल' देखाएर जनतालाई तर्साउने होइन प्रजातन्त्र र विकाससँगसँगै अघि बढाएर सुसंस्कृत समाज निर्माण गरेर देखाउने हो । निर्वाचनअघि रु. १००।- मूल्य पर्ने सामान निर्वाचनपछि रु. ३००।- पुगेको सर्वसाधारण जनताको गुनासो छ । मुद्रास्फिति बढ्दो छ ।

रास्वपा सरकारले विश्व बैङ्क र एसियाली विकास बैङ्कबाट २७.६ अर्ब रुपैयाँ ऋण लिने निर्णय गऱ्यो । संरा अमेरिकी साम्राज्यवादको हात खुट्टाको रूपमा रहेका यी आर्थिक निकायहरूबाट यसअघिका सबै सरकारहरूले ऋण लिँदै देशलाई ऋणको जालमा पारेका हुन् । जेनजी आन्दोलनको बलमा सरकारमा पुगेको रास्वपाले पनि पुराना सरकारहरूकै ऋण जालोलाई निरन्तरता दिने भए यो सरकारको औचित्य के हो ?


**रास्वपा सरकारले जनतालाई स्पष्टीकरण दिनुपर्ने केही विषयहरू उठिरहेका छन् :**

- रास्वपा सरकारको महान्यायधिवक्तामा नियुक्ति भएका व्यक्ति बेलायतको स्थायी बसोबास अनुमति पाएका हुन् कि होइनन् ? उनी आफैले बेलायतमा सम्पत्ति जोडेको बताएको सत्य हो कि होइन ?
- के कँडेल सहकारी ठगीसम्बन्धी रविको पक्षमा वकालत गर्दै आएका वकिल हुन् कि होइनन् ?
- रास्वपाका एक मन्त्रीले पोखरा फेवातालको लेकसाइडमा २० रोपनी जग्गा भाडामा लिएर बहाल नतिरेको सत्य हो कि होइन ?
- रास्वपाका एक सांसदले वरिष्ठ पत्रकार बानियासँग सहकारी ठगीमा जोडिएका जीबी राईलाई जीउँदो भए नेपाल ल्याउने बताउनुको अर्थ के जीबीको मृत्यु भइसकेको आशङ्का हो ?
- सरकारको कार्यसूचीमा उल्लेख एक सय दिनमा सहकारी पीडितको रकम फिर्ता गर्ने कसरी ? जनताको करबाट जम्मा भएको सरकारी ढुकुटीबाट फिर्ता दिने कि सम्बन्धित सहकारी सञ्चालक ठगहरूबाट क्षतिपूर्ति भराउने ?
- एसईई परीक्षाको उत्तर पुस्तिका सोही केन्द्रमा सोही दिन परीक्षण गराई एक महिनामा प्रकाशित कसरी गर्ने ? परीक्षणको कोठा कसरी बन्दोबस्त गरिएको छ ? के सबै परीक्षकलाई एउटै कोठामा राखेर परीक्षण गोप्यता भङ्ग गरिएको हो ?
- प्रहरी हिरासतमा रहेका पूर्वप्रम केपी ओलीले अदालतमा दिएको बयानमा "तत्कालीन परिस्थितिमा सेनासँग अपेक्षित समन्वय हुन सकेन र त्यसैले राजीनामा दिनुपर्ने अवस्था सिर्जना भयो" भनी उल्लेख भएको के सत्य हो ? यस्तो परिस्थिति आउन नदिन तत्कालीन ओली सरकारले के कस्तो भूमिका निर्वाह गरेको थियो, कयान लिनु जरुरी छ ।

रास्वपा कसैले तयार गरेको लहरमा सरकारमा पुग्नु सजिलो होला तर देश र जनताको नि:स्वार्थ सेवा गर्नु गाऱ्हो हुनेतर्फ सचेत हुनु आवश्यक छ ।

२०८२ चैत २३

# निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापनबाट वञ्चित गर्न नहुने




शुक्र

सरकारले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापनबाट वञ्चित गर्न खोज्यो । विज्ञापन एजेन्सीमार्फत दिइने सरकारी सरकारी विज्ञापनमा अपारदर्शी र बिचौलिया हावी किन भयो ? सञ्चारमाध्यमले विज्ञापन ऐजेन्सीलाई एउटा बिल र सरकारलाई बढाएर बिल पठाउने काम विगतदेखि भइरहेको पुरानो हो । राज्य कोषमा भइरहेको यस्तो अनियमितता के मन्त्री र सचिवहरूको संलग्नता थिएन ?

सरकारले चैत १८ गते सङ्घ, प्रदेश र स्थानीय सरकारका सबै प्रकारका सरकारी विज्ञापन तथा सूचना सरकारी सञ्चारमाध्यमलाई मात्र उपलब्ध गराउने निर्णय गऱ्यो । सरकारको यो निर्णय निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापनबाट वञ्चित गर्ने र हजारौं श्रमजीवी पत्रकारहरूको रोजी रोटी खोस्ने जनविरोधी नीति हो ।

सरकारले दिन नसकेका सन्देशहरू निजी सञ्चारमाध्यमले पनि जनताको घर आँगनसम्म पुऱ्याई रहेको छ । पदको दुरुपयोग गरी अकुत सम्पत्ति कमाउने, सरकारी पदमा रहेर अनियमितता, भ्रष्टाचार गर्ने, ढिलासुस्ती गर्ने, विभेद गर्ने पदाधिकारी र संस्थाहरूविरुद्ध सञ्चारमाध्यमले खबरदारी गर्दै आएका छन् ।

सरकारको यो निर्णय पारदर्शिता र खर्च नियन्त्रणको उद्देश्य बोकेको दाबी गरे पनि स्वतन्त्र र आस्थाको पत्रकारितामाथिको प्रहार हो ।

सरकारको यो निर्णय सङ्घीयता र स्वायत्तता विपरीत छ । स्थानीय र प्रदेश सरकारहरूको आफ्नो क्षेत्राधिकारभित्र पर्ने विषयमा समेत सङ्घीय सरकारबाट नियन्त्रण गर्नु संविधान विपरीत छ । संविधानको धारा २३२ (१) ले संघ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हुने स्पष्ट व्यवस्था छ भने अनुसूची ६, ७, ८ र ९ मा तीनै तहका सरकारका अधिकारहरू विभाजन गरिएको छ ।

विज्ञापनलाई पारदर्शी र व्यवस्थित बनाउनु जरुरी छ । सञ्चारमाध्यममा प्रकाशित समाचारले समाजको विकृति र भ्रष्टाचार रोक्न मद्दत मात्र गर्दैन मित्रराष्ट्रसँगको सम्बन्ध पनि राम्रो बनाउन भूमिका निर्वाह गर्छ । स्वतन्त्र र आस्थाको पत्रकारिताको मर्ममाथि भएको सरकारी प्रहार रोक्नु जरुरी छ ।

# सहकारी संस्था, समस्या र जनअपेक्षा

**● विवेक**

*धनी मानिसहरूलाई सहकारीको सदस्य बनाउनु, ठुल्ठुला रकम एकै व्यक्तिलाई ऋण प्रदान गर्नु, विनाधितो ऋण दिनु सहकारीको उद्देश्य होइन । अहिले सहकारीले बैङ्क र वित्तीय संस्थाले झैँ जतिसुकै कारोबार गर्न छुट पाइरहेका छन् । उनीहरूलाई जिल्ला जिल्लामा शाखा खोल्न दिइएको छ । केन्द्रीय बैङ्कझैँ केन्द्रीय सहकारी खोलेर जिल्ला जिल्लामा शाखा खोलेर काम गर्दै छन् । यसले अहिले सहकारीहरूमा समस्या देखा परेका हुन् । सहकारीको अर्थ स्थानीय जनतालाई सदस्य बनाउने, सामूहिक हितको निम्ति काम गर्ने र स-साना रकम बचत गरेकाहरूलाई परेको बेलामा आवश्यक सहयोग गर्ने हो । तर, अहिले कतिपय सहकारीहरू सिद्धान्त, मूल्य र मान्यताविपरीत गएर काम गर्दै छन् । त्यस्ता सहकारी डुबेर जनताले दुःख पाइरहेका छन् ।*

गएको चैत २० गते विभिन्न कार्यक्रमका साथ ६९ औँ राष्ट्रिय सहकारी दिवस मनाइयो । कार्यक्रममा उपस्थित वक्ताहरूले सहकारीको सिद्धान्त, मूल्य मान्यता र हाल देखा परेका समस्याहरूबारे चर्चा गरे । भक्तपुर जिल्लामा पनि ४ वटै नगरमा नगरपालिकामा छुट्टाछुट्टै कार्यक्रम गरी मनाइयो ।

सहकारी संस्था धेरै नागरिकहरू जोडिएको देशकै ठुलो सञ्जाल भएका संस्थाहरूमध्ये एक हो । ३० हजारभन्दा बढी संस्थाहरू दर्ता रहेको यस सञ्जालमा ६० लाखभन्दा बढी सदस्यहरू जोडिएका छन् । यति धेरै सदस्यहरू रहेका संस्थाहरू बिग्रेमा त्यसको असर समाजमा व्यापक रूपमा पर्न सक्छ । त्यसैले सहकारी सञ्चालकहरू अत्यन्त सचेत हुनुपर्छ ।

धनी मानिसहरूलाई सहकारीको सदस्य बनाउनु, ठुल्ठुला रकम एकै व्यक्तिलाई ऋण प्रदान गर्नु, विनाधितो ऋण दिनु सहकारीको उद्देश्य होइन । अहिले सहकारीले बैङ्क र वित्तीय संस्थाले झैँ जतिसुकै कारोबार गर्न छुट पाइरहेका छन् । उनीहरूलाई जिल्ला जिल्लामा शाखा खोल्न दिइएको छ । केन्द्रीय बैङ्कझैँ केन्द्रीय सहकारी खोलेर जिल्ला जिल्लामा शाखा खोलेर काम गर्दै छन् । यसले अहिले सहकारीहरूमा समस्या देखा परेका हुन् । सहकारीको अर्थ स्थानीय जनतालाई सदस्य बनाउने, सामूहिक हितको निम्ति काम गर्ने र स-साना रकम बचत गरेकाहरूलाई परेको बेलामा आवश्यक सहयोग गर्ने हो । तर, अहिले कतिपय सहकारीहरू सिद्धान्त, मूल्य र मान्यताविपरीत गएर काम गर्दै छन् । त्यस्ता सहकारी डुबेर जनताले दुःख पाइरहेका छन् ।

कतिपय सहकारी सञ्चालकहरूले सहकारीमा जम्मा भएको रकमलाई आफ्नै निजी सम्पत्तिझैँ प्रयोग गरे । उनीहरूले घर जग्गा, व्यापारमा लगानी गरेर व्यक्तिगत सम्पत्ति जोडे, बैङ्क ब्यालेन्स राखे र करोडौँको गाडी चढेर हिँडे । सोझा साझा सहकारी सदस्यहरूले सञ्चालकहरूले के गर्दै छन् भनेर ध्यान दिएनन् । घर जग्गा कारोबारमा शिथिलता आएसँगै सञ्चालहरूले ब्याज तिर्न सकेनन् । बिस्तारै सञ्चालकहरू भाग्न थाले । एउटै सहकारीले पनि हजारौँ सदस्यहरूको अर्बौं रुपैयाँ डुबायो । विगतमा अत्यन्त विश्वास गर्ने सहकारी संस्थाहरू अहिले सञ्चालकहरू शङ्काको घेरामा पर्दै छन् ।

ओरेन्टल, सिभिल सहकारी, शिव शिखर बहुउद्देश्यीय संस्थाहरूले धेरै बचतकर्ताहरूलाई रुवाए । स-साना व्यापार गरेर, घर जग्गा बेचेर पनि त्यस्ता सहकारीमा धेरैले बचत जम्मा गरे । कतिले अन्य ठाउँमा भन्दा ब्याज बढी दिएको कारण पैसा जम्मा गरे । त्यस्ता हजारौँ मानिसहरूको पैसा खाएर सञ्चालकहरू भागे । कति मानिसहरूले औषधी उपचारको निम्ति पैसा लिन जाँदा सहकारीमा ताला झुण्ड्याएको पाएर त्यतिकै मृत्युवरण गरे भने कतिले आत्महत्या गरेका समाचारहरू आइरहेका छन् । सहकारी सञ्चालकहरूले वित्तीय अपराधमात्र गरिरहेका छैनन्, पैसा फिर्ता लिन नपाएर आत्महत्या गरेकोमा पनि सहकारी ठगहरूलाई जिम्मेवार बनाउनुपर्छ ।

अहिले हजारौँ सहकारीमा खर्बौंको पैसा निष्क्रिय छ । सहकारीले सदस्यहरूलाई लाभांशसम्म दिन सक्ने अवस्था छैन । सहकारीले सङ्कलन गरेको पैसाले ठुल-ठुला व्यापारीहरू र बैङ्क मालिकहरूलाई मात्र फाइदा भइरहेको छ । उनीहरूले अरू मान्छे लगाएर पैसा सङ्कलन गर्ने समस्या भोग्नु परेनन् । उद्योगधन्दाहरू राम्रोसँग नचल्दा, विकासले गति लिन सकेन । बैङ्कमा निष्क्रिय रहेका रकमको अवमूल्यन हुँदै छ । त्यसले अन्ततः घाटा वा नोक्सान सदस्यहरूले नै व्यहोर्नुपर्ने हुन्छ ।

नेपाल सरकारले कुनै जलविद्युत् परियोजना वा कुनै किसिमको विकासको लागि गर्नुपरेमा विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष वा एसियाली विकास बैङ्कसँग ऋण लिने गर्छ । अहिले नेपालको सार्वजनिक ऋण २९ खर्ब पुगिसकेको छ । ऋण तिर्न र कर्मचारीहरूलाई तलब खुवाउन पनि ऋण लिनुपर्ने अवस्थामा देश पुगेको छ । यसको मुख्य कारण पुँजी चलायमान नहुनु नै हो । सहकारीको पैसामध्ये निश्चित प्रतिशत तोकेर सहकारीलाई नै शेयर दिएर उद्योग वा विद्युत् परियोजनाहरूमा लगानी गर्न सकेको भए विदेशी ऋण कम लिए पुग्ने, स्वदेशको पुँजी परिचालन हुने र त्यसको फाइदा सहकारी सदस्यहरूले नै पाउने छन् । आवश्यक भए कानुन संशोधन गरेरै भए पनि यस काममा ध्यान दिनु आवश्यक छ ।

सहकारीहरूमा समस्याहरू देखिन थालेपछि पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वमा एउटा जाँचबुझ आयोग पनि गठन गरेको थियो । आयोगले सहकारीमाथि अनुगमन र नियमन गर्नुपर्ने, नयाँ दर्ता बन्द गर्नुपर्ने, घर घरमा गएर बचत सङ्कलन बन्द गर्नुपर्ने, बिनाधितो कर्जा प्रवाह रोक्नुपर्नेलगायत सुझावहरू दिएको थियो । सरकारले यी सुझावहरूलाई पालना गरेको भए पनि धेरै हदसम्म आज देखिएका समस्याहरू आउने थिएनन् । कार्की आयोगले २०७० सालमै यो सिफारिस गरेको थियो ।

कति प्रदेशहरूले कानुनविपरीत स्थानीयको तहको सिफारिसविनै दर्जनौँ बहुउद्देश्यीय सहकारी दर्ता गरिदिएका छन् । कतिपय नगरपालिकाहरूले नियमविपरीत दर्ता गरिएका बहुउद्देश्यीय सहकारीहरूलाई काम गर्न रोक लगाए । अहिले त्यस्ता सहकारीहरूमा नै बढी समस्या देखिएको छ ।

सहकारी पीडितहरू अहिले पनि सरकारसँग समाधानको आशा लिएर बसिरहेका छन् । विगतका सरकारहरूसँग सहकारी पीडितहरूले आफ्नो बचत फिर्ता दिलाइ दिन आन्दोलन गरे, नेताहरूको चाकरी गरे तर सरकारले ध्यानै दिएनन् । किनभने बचत हिनामिना गर्ने सरकारमा रहेका पार्टीहरूकै प्रभावशाली नेताहरू थिए । बचत संस्था डुबाउनेहरूलाई कारबाहीको सट्टा झन संरक्षण दिए । यसले सत्ताधारी दलहरूसँग जनता रुष्ट भए । सहकारी ठगहरूको मनोबल बढ्दै गयो ।

भक्तपुर सहकारी संस्थाको रकम हिनामिना गर्ने भ्रष्टाचारीहरूलाई कारावाही गरेको ऐतिहासिक जिल्ला हो । २०२५/२६ सालमै किसानको रकम जम्मा गरेको पैसा व्यापारमा लगानी गरेको कारण जनताले सहकारी सञ्चालकहरूलाई उल्टो टोपी लगाएर कारबाही गरेका थिए । भक्तपुरका सहकारी सञ्चालकहरूले त्यसबाट शिक्षा लिनुपर्छ ।

अहिले भक्तपुर नगरक्षेत्रभित्र कार्य क्षेत्र भएका १५६ वटा सहकारी संस्थाहरू छन् । ती सबै कानुनबमोजिम व्यवस्थित रूपमा चल्न भनेर नगरपालिकाले समय समयमा अनुगमन र नियमन गरिहेको छ । यद्यपि केही सहकारीहरूमा समस्या देखिएको सहकारी अनुगमन टोलीमा खट्ने सहकारी समितिका सदस्यहरू बनाउने गर्छन् ।

"नगर बाहिरका सञ्चालक भएका केही संस्थाहरू अहिले सम्पर्कविहीन भएका छन् । पीडित जनताको बचत फिर्ता दिलाउन हरदम कोसिस गर्दै छौँ । सम्पत्ति रोक्का गर्ने, सिफारिस रोक्नेजस्ता काम गरेर पीडितको पक्षमा उभेका छौँ" - नगरपालिकाका पदाधिकारीहरू बताउँछन् ।

सहकारी ठगहरू जुनसुकै पदमा रहेको वा जस्तोसुकै पहुँचमा रहेको व्यक्ति भए पनि उनीहरूलाई कानुनबमोजिम कारबाही गर्नुपर्छ । बचतकर्ताहरूको पैसा सञ्चालकहरूको घर घरानाबाटै असुर उपर गराउनुपर्छ ।

नयाँ सरकारले १०० दिनभित्र साना बचतकर्ताहरूको बचत फिर्ता गर्ने काम सुरु गर्ने बताएको छ । त्यो नराम्रो होइन । त्यो बचत फिर्ता राज्यकोषबाट हुनुहुँदैन । राज्य कोषको पैसा जनताले तिरेको कर हो । त्यसको दुरुपयोग गर्नुहुन्न ।

सहकारी सञ्चालकहरू आकाश-पाताल जहाँसुकै बसेको भए पनि खोजी गरेर सबै बचतकर्ताहरूको बचत एक एक गरी फिर्ता गर्नुपर्छ र त्यसरी बचत हिनामिना गर्ने भ्रष्टाचारीहरूलाई कडाभन्दा कडा कारबाही गर्नुपर्छ । यो नै अहिलेका जनताको अपेक्षा हो ।

# वर्गीय सङ्गठन खोल्नु जनताको संवैधानिक अधिकार

आफ्नो दलको कुनै पनि वर्गीय सङ्गठन छैन भनेर अरू दलको विभिन्न वर्गीय सङ्गठन खोल्न नपाउने रास्वपाको विचार खोटपूर्ण छ । राजनीतिक दलले वर्गीय सङ्गठन खोलेर सरकारले केही व्यहोर्नुपर्ने होइन; राज्यकोष खर्च गर्नुपर्ने होइन । रास्वपाले कुनै पनि प्रकारका भ्रातृ सङ्गठन खोल्न पाउँदैन भन्नु दल खोल्ने राजनीतिक अधिकार र वाक् स्वतन्त्रताको हनन गर्नु हो । दलको वर्गीय सङ्गठन खोलेर जनताले तिरेको करबाट कसैलाई तलब र भत्ता दिनुपर्ने होइन । पुस्तान्तरण सुनिश्चित गर्ने नाउँमा पार्टी प्रमुख पदमा दुई कार्यकालभन्दा बढी बस्न नपाउने रास्वपाको अर्को विचार पनि खोटपूर्ण छ । कुनै दलको कार्यकाल अवधि तोक्ने अधिकार के रास्वपा सरकारलाई छ ? रास्वपाको सरकारले प्रधानमन्त्री बन्ने अवधिको दुई कार्यकाल निर्धारण गर्नु अन्यथा होइन ।

देशमा खोलिएका राजनीतिक दलहरू सरकारी संयन्त्र होइनन्; सरकारी निकाय होइनन् । राजनीतिक दलको उद्देश्य देश विखण्डन गर्ने हुनुहुँदैन । देश र जनताको सेवा गर्न स्थापना भएको दललाई सरकारी कार्यालय, सरकारी संस्थाजस्तो ठान्ने रास्वपाको सोच र दृष्टिकोण सही होइन । कतै यो रास्वपाभित्र देखिएको विदेशीको गन्ध या दबाब त होइन ? राजनीतिक दल भनेको मातृ पार्टी हो । मातृ पार्टीको वर्गीय सङ्गठन हुन्छ । वर्गीय सङ्गठन पार्टीका हात खुट्टा हुन् । वर्गीय सङ्गठन खोल्न पाइँदैन भनेर रास्वपाले कुनै दल र दलको वर्गीय सङ्गठनको व्यवस्था हटाउने रास्वपाको विचार राजनीतिक सङ्गठन खोल्न पाउने विचारविपरीत छ ।

प्रजातान्त्रिक देशमा राजनीतिक दल खोल्न पाउनुपर्छ; वर्गीय सङ्गठन खोल्न पाउनुपर्छ । हरेक वर्गीय सङ्गठन आ-आफ्नो वर्ग या पक्षको समस्या समाधान गर्न र देशमा श्रमजीवी वर्गको हितमा ऐन कानुन बनाउन किसान, मजदुर, विद्यार्थी, युवा, शिक्षक, महिला, कर्मचारी, व्यापारी, बुद्धिजीवी, साहित्यकार तथा अन्य समुदायले आन्दोलन गर्नुपर्ने हुन्छ; सरकारको खबरदारी गर्नुपर्ने हुन्छ । रास्वपाको वर्गीय सङ्गठन नभए पनि रास्वपाले पाएको मतमा युवा, विद्यार्थी, किसान, मजदुर, महिला, कर्मचारी, शिक्षक आदिको मत छ । सरकार सञ्चालन गर्न के बहुमत प्राप्त दलका नेता, मन्त्री र सांसदहरू मात्र भए पुग्छ ? सरकारको पनि विभिन्न मन्त्रालय हुन्छ, विभिन्न सङ्घ-संस्था हुन्छ । कार्यपालिकामात्र होइन व्यवस्थापिका र न्यायपालिका छ । त्यसअन्तर्गतका विभिन्न जिल्ला शाखा तथा अन्य संयन्त्रहरू छन् । त्यसरी नै राजनीतिक दलको पनि विभिन्न वर्गीय सङ्गठन हुन्छ । रास्वपाको सरकारले राजनीतिक दलको वर्गीय सङ्गठनमा प्रतिबन्ध गर्नुपर्ने होइन ।

विदेशी गैरसरकारी संस्थामा क्रियाशील व्यक्तिहरूको हालीमुहाली भएको रास्वपाले राजनीतिक दलको वर्गीय सङ्गठन हटाउने ? जेन-जी आन्दोलनको नेतृत्व गर्ने अगुवाहरू अहिले सरकारको नेतृत्वमा छन्; मन्त्रीमा छन् । जेन-जी आन्दोलनमा आन्दोलनका अगुवाहरू आफै विदेशी घुसपैठ भएको बताउँछन् । आन्दोलनको नेतृत्व गर्ने विदेशी गैरसरकारी संस्थाका अगुवाहरूले आन्दोलनमा प्रत्यक्ष या अप्रत्यक्ष कुन विदेशी शक्तिको घुसपैठ भएको हो ? बताउनुपर्छ । आफू विदेशी सङ्घ संस्थाबाट सञ्चालित हुन पाउने अनि देशमा खोलिएका राजनीतिक दलहरूले वर्गीय सङ्गठन खोल्न नपाउने कस्तो विचार ! रास्वपाले यस्तो खोटपूर्ण विचार सच्याउनु आवश्यक छ ।

जनवर्गीय सङ्गठन खोल्ने, नखोल्ने कुरा पार्टीको कुरा हो; सरकारको होइन । पार्टीमा अध्यक्ष कसलाई चुन्ने र कति पटक चुल्ने कुरा पार्टीको हो, सरकारको होइन । पार्टी खोल्ने, नखोल्ने, कार्यकाल तोक्ने, नतोक्ने सबै काम पार्टीले गर्ने हो । पार्टीको नाउँ राख्ने, केन्द्रीय समितिको सदस्य सङ्ख्या निर्धारण गर्ने काम पार्टीको हो सरकारको होइन । कसलाई अध्यक्ष बनाउने, कति पटक बनाउने भन्नेतर्फ सरकारले हस्तक्षेप गर्नु उपयुक्त हुने छैन । जनवर्गीय सङ्गठन खोल्ने नखोल्ने, कुन कुन सङ्गठन खोल्ने भन्नेबारे सरकारले चिन्ता र चासो लिनुपर्ने होइन । सरकारले त कुन कुन दलहरू विदेशी शक्ति राष्ट्रको इसारामा चल्छन् ?, साम्प्रदायिक र जातीय भावना भित्र्याएर देशमा कुन कुन दलले अराजनीतिक गतिविधि गरिरहेका छन् ? त्यसको पो लेखाजोखा गर्नुपर्छ ।

# पुराना शासकहरूको नकारात्मकताबाट सरकारले सिक्नुपर्ने

आन्दोलन सफल पार्न तोडफोड गर्ने, लुट्ने र आन्दोलन दबाउने नाउँमा लठीले कुटी कुटी घाइते बनाउने या तितरबितर बनाउने काम प्रजातान्त्रिक विधिभित्र पर्दैन । घारघुर गरेर मान्छे जम्मा गर्ने र डाङडुङ गरेर आन्दोलन भड्काउने र दबाउने काम न राजनीतिक दलको हो न त सरकारको नै हो । आन्दोलन सफल पार्ने र दबाउने आधार बल या शक्तिमात्र होइन । सरकारको नेतृत्व गरेको दलले गर्ने काम सबै ठीक ठान्ने र प्रतिपक्ष या सरकारमा सामेल नभएका दलले गर्ने काम, आन्दोलन बेठीक हुने भन्ने विचार पनि सही होइन । सरकारको हातमा शक्ति या बल छ, प्रहरी प्रशासन छ भनेर अभिमान गर्ने, भर्खरको युवा-विद्यार्थी सम्झेर ठाडो ठाडो बोल्ने प्रवृत्ति सरकारको नेतृत्व गर्ने दलका नेता, प्रधानमन्त्री र मन्त्रीहरूलाई पटक्कै सुहाउँदैन । विगतमा शासक दलका नेता, प्रधानमन्त्री र मन्त्रीहरूका अहङ्कार र जनगुनासोलाई टेरपुच्छर नगर्दा, जसको तरबार उसको दरबारजस्ता व्यवहारले ती शासकहरू ढलेका हुन् या नयाँ पुस्ताले पछारेको हो ।

नयाँ सरकारमा सामेल मन्त्री र सांसदहरूमा युवाहरूको प्रतिनिधित्व हुनु अन्यथा होइन । तर, आफूहरू युवा भएर कसैलाई धाक धम्की दिएर तर्साउने होइन; देशको एक जिम्मेवार नागरिक भएर बोल्ने हो; संस्कारभित्र रहेर व्यवहार गर्ने हो; छाडा बोल्ने होइन । पदमा बसेका र नबसेका नागरिकहरूको दृष्टिकोण, विचार, मूल्य र मान्यता एकै किसिमको हुँदैन । सरकारको जिम्मेवार तहमा बसेर पद ओगटेपछि पदअनुसारको कर्तव्य र जिम्मेवारी निर्वाह गर्नुपर्छ । प्रम र मन्त्रीहरूको बोली संस्कारयुक्त हुनुपर्छ, युवा-विद्यार्थी पाराले बोलेर, कसैलाई तर्साएर सरकारको नेतृत्व गर्न सुहाउँदैन । शासक दल र ठुला दलका नेता, मन्त्री, सांसद र कार्यकर्ताहरूको यस्तै प्रवृत्तिले देशमा अराजनीतिक या उच्छृङ्खल गतिविधि भई तोडफोड र लुटपाटमा परिणत हुन्छ । यसले आखिरमा देशकै सम्पत्ति नास हुन्छ ।

हरेक युवाहरूमा राजनीतिक संस्कार, सद्भाव, सेवा भाव जरुरी हुन्छ । राजनीतिक विश्लेषकहरूले त निर्वाचित कति सांसदहरूमा भ्रष्टाचार, अनियमितता र आपराधिक गन्ध भएको टिप्पणी गर्न थालेका छन् । मन्त्रीको काम निर्देशन दिनेमात्र होइन; देशको वस्तुस्थिति बुझेर जनताको समस्या समाधान गर्दै अघि बढ्ने हो । सरकारको काम विपक्षलाई पेल्ने, पेलेर दमन गर्ने र टाउकै उठाउन नदिने होइन; दमन गर्नेहरूको पतन निश्चित छ । अस्वस्थ बहस र संवादले समाजमा विभाजन ल्याउँछ, द्वन्द्व बढाउँछ र अविश्वासको खाडल गहिरिँदै जाने छ । सामाजिक सञ्जालमा गरिने कति टिप्पणी भद्दा र अश्लील भएको पाइन्छ । सञ्चारमाध्यमले एआईको नाउँमा भए नभएका घटना र प्रसङ्ग जोडेर बेढङ्ग या नक्कली दृश्य जोडेर भइरहेको कामले समाजमा अन्योल निम्त्याउँछ । आखिरमा यसले समाजलाई विखण्डनतर्फ लाने काम गर्छ । यसबारे राज्य संयन्त्रका जिम्मेवार व्यक्ति र दलका नेता तथा कार्यकर्ताहरू पनि गम्भीर हुनुपर्ने देखिन्छ ।

देशमा सबैको चाहना सुशासन नै हो भने सरकार र ठुला दलका नेता तथा कार्यकर्तामा देशभक्तिको भावना हुनुपर्छ; देशको सम्पदा र सम्पत्तिको माया हुनुपर्छ । सेवक हुनुपर्ने शासकहरू दमनमा लागे यसको परिणाम फलदायी हुनेछैन । विगतका धेरै सरकारले आश्वासनको पोको बाँडे; देशको राज्यस्रोतमा रजाइँ गरे; सत्ता हाँकेर दलगत र व्यक्तिगत स्वार्थ पूरा गरे; देशको सम्पत्तिलाई आफ्नो बपौती ठानेर आफ्नै सम्पत्तिले विकास गरेको दाबी गरे । यस्तो गल्ती या कमजोरी अहिलेको सरकारले देखाउनु हुँदैन । सत्ताप्रेमीहरूको उन्माद र स्वार्थले नै वास्तवमा देशमा अनियमितता र बेथिति बढेको हो । सिद्धान्त र विचार नबोकेका, राजनीतिक संस्कार नभएका युवाहरूको जमातले के देशलाई दिशा निर्देश गर्छ ? देशको विकासलाई उचाइमा पुऱ्याउँछ ?

कुनै काम यथाशक्य चाँडो गर्नु, चाँडो गर्न पहल गर्नु नराम्रो होइन । तर, त्यस्तो कामले श्रमजीवीवर्गको हित हुने होइन; देशको अनुहार बदल्ने होइन । देशमै काम-मामको सुनिश्चित हुनुपर्छ भन्ने जनताको चाहना हो । भ्रष्टाचार अन्त्य हुनुपर्छ; देश ऋणमुक्त हुनुपर्छ, देश आत्मनिर्भर हुनुपर्छ भन्ने जनताको चाहना हो । जनताका यी चाहना सरकारले सम्बोधन गर्छ कि गर्दैन ? चर्चाको विषय बनेको छ । कर्मचारी हेरफेर गर्ने, हटाउने, एसईई परीक्षाको नतिजा एक महिनाभित्र गर्ने सुधारका काम हुन् । यस्तो सुधारात्मक काम गरेर सरकारले गर्व गर्ने होइन । यो मौलिक परिवर्तन होइन । पुँजीवादी व्यवस्थामा हुने विकृति, विसङ्गति, अनियमितता, भ्रष्टाचार, बेथिति आदि अन्त्य गर्नेतर्फ सरकारको अभियान छेड्नुपर्छ । मूल कुरा काम-मामको सुनिश्चित गर्नु हो; भ्रष्टाचार अन्त्य गर्नु हो; देशलाई आत्मनिर्भर बनाउनु हो; देशलाई ऋणमुक्त बनाउनु हो; देश विदेशी शक्ति राष्ट्रहरूबाट मुक्त हुनु हो; नेपाल र नेपालीको निम्ति नेपाली माटो सुहाउँदो, नेपाली जनताकै हितमा, नेपाली जनताकै चाहनाअनुसार सुशासन गर्नु हो ।

# ‘भारतीय कम्युनिस्ट नेताहरू’ पुस्तकबारे एक चर्चा

✍ समा

भारतीय विस्तारवाद र एकाधिकार पुँजीको थिलथिलो भोगिरहेका नेपाली जनतालाई भारतभित्रै शोषितपीडित जनताको अर्को भारतबारे निकै कममात्र जानकारी होला। भारतमा आज पनि बहुसङ्ख्यक जनता शोषितपीडित नै छन्। सामन्त र पुँजीपतिवर्गको हालीमुहाली चलेको भारतको महत्त्वपूर्ण पाटो भने त्यहाँको कामदार वर्गीय मुक्ति सङ्घर्ष, शोषण–उत्पीदनविरुद्धको आन्दोलन, साम्राज्यवाद र बेलायती उपनिवेशविरुद्धको जनसङ्घर्ष हुन्। यो पाटोलाई भारतीय शासकहरूले सधैँभरि छोप्न खोजे। भारतीय शासकहरूको ज्यू–हजुरी गर्ने नेपालका शासकहरूले पनि नेपाली जनतालाई भारतको वास्तविकता कहिल्यै बताएनन्।

यथार्थ के हो भने नेपालको राजनीतिक–साहित्यिक वृत्तमा समेत भारतमा शोषित वर्गको अवस्था, कामदारवर्गीय एवम् कम्युनिस्ट आन्दोलनबारे सत्यतथ्य जानकारी दिने नेपाली भाषाका पुस्तकहरू अत्यन्त न्यून छन्। भारतीय शोषित वर्गको हितमा होमिएका योद्धाहरूलाई चिनाउने नेपाली साहित्य या प्रकाशन हातमा गन्न मिल्छ भन्दा फरक नपर्ला! निश्चय नै कुनै पनि देशको अर्थ भूगोल, जनसङ्ख्या या सिमाना मात्र होइन। देशभित्रको वर्ग, चिन्तन, विचार, सङ्घर्ष र आन्दोलन पनि देश हो। शोषित वर्गको भारतलाई मुक्त गर्न उठेका सङ्घर्षबारे यथोचित जानकारी दिने पुस्तक आजभन्दा १२ वर्ष अघि वर्कर्स पब्लिकेशनले प्रकाशन गरेको रहेछ। वरिष्ठ लेखक महत्तोजीले ‘भारतीय कम्युनिस्ट नेताहरू’ नामको सो पुस्तकमार्फत भारतीय कम्युनिस्ट आन्दोलनको इतिहास, आरोह–अवरोह, सफलता–असफलताबारे सटिक विश्लेषणसँगै आन्दोलनका नेताहरूको सङ्क्षिप्त समालोचनात्मक जीवनी प्रस्तुत गर्नुभएको छ। पुस्तकबारे चर्चा आज पनि सान्दर्भिक होला।


पुस्तकले नेपाल र भारतको कम्युनिस्ट आन्दोलनबिच तुलनात्मक अध्ययन गर्न सघाउँछ। समयक्रममा भारतको कम्युनिस्ट आन्दोलनभित्र देखापरेका सैद्धान्तिक बेमेल, खोट र फुटहरूले नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको स्मरण गराउँछ। त्यसो त संसारका पुँजीवादी राजनीतिक दलहरूजस्तै कम्युनिस्ट पार्टीहरू पनि सिद्धान्त, नीति र अन्य कारण फुट्ने र जुट्ने गरेको लामो इतिहास छ, असङ्ख्य दृष्टान्त छन्। आजभन्दा झण्डै १०४ वर्षअघि अर्थात् १७ अक्टोबर १९२० मा पूर्वी बङ्गालको शक्तिशाली गुप्त क्रान्तिकारी सङ्गठन अनुशीलन समितिका पूर्व सदस्य एमएन रायले तास्कन्दमा (सोभियत रुस) प्रवासी भारतीय कम्युनिस्ट पार्टी (सीपीआई) को स्थापना गरे। २ वर्षपछि सीपीआईका १३ सदस्यहरू भारत पुगे। तर ती सबै मस्को पेशावर षड्यन्त्रको मुद्दामा पक्राउ परे। त्यसपछि शौकत उस्मानीसहित ४ जना प्रवासी भाकपा सदस्य कोमिन्टर्नको छैठौँ महाधिवेशनमा भाग लिए। बेलायती सरकारले १९२४ मा कानपुर षड्यन्त्र र १९२८ मा मेरठ षड्यन्त्रको मुद्दामा धेरै कम्युनिस्ट नेताहरूलाई अभियुक्त ठहर गऱ्यो। त्यसपछि पनि धरपकडका श्रृङ्खला रोकिएन। भारतमा बढ्दो अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको प्रभाव निस्तेज गर्न बेलायती शासकहरूले त्यसो गरेका थिए। पुस्तकका अनुसार यो भारतमा कम्युनिस्ट आन्दोलनको सुरुआती अवस्था थियो।

दोस्रो विश्व युद्धताका भाकपाको युद्धविरोधी अडानका कारण बेलायती शासकले भाकपामाथि प्रतिबन्ध लगायो। हिटलरले सोभियत सङ्घमाथि युद्धको घोषणा गरेपछि बल्ल भाकपाले जनयुद्धको घोषणा गरेको थियो। युद्धमा सोभियत सङ्घले बेलायतको पक्ष लिएपछि भाकपामाथि प्रतिबन्ध फुक्यो। त्यही समय गान्धी र भारतीय राष्ट्रिय काङ्ग्रेसले स्वतन्त्रता आन्दोलन छेड्यो। भाकपा अन्तर्राष्ट्रिय कर्तव्य निर्वाह गर्ने भन्दै काङ्ग्रेसको ‘भारत छोड’ आन्दोलनबाट टाढा बस्यो। जनलहर काङ्ग्रेसको स्वतन्त्रता आन्दोलनको पछाडि थियो। १५ अगष्ट १९४७ मा भारत स्वतन्त्र भयो।

शासनसत्ता फेरि पनि पुँजीपति शासकहरूकै हातमा थियो। महासचिव डांगेसहित भाकपाका केही नेता नेहरू नेतृत्वको काङ्ग्रेससँग एकता गर्न चाहन्थे। कम्युनिस्ट नेता रणदिवेले भने भारतको स्वतन्त्रता नाम मात्रको दाबी गर्दै चिनियाँ शैलीको क्रान्तिको पक्षमा उभिए। उनले सशस्त्र सङ्घर्षको कलकत्ता अवधारणा तयार गरे। डांगे नेहरूको पछि लागेपछि रणदिवे भाकपा महासचिवमा चुनिए। तत्काल तेलङ्गाना किसान विद्रोह सुरु गरे। केही समयमै ३ हजार गाउँको ४१ हजार वर्ग किमी क्षेत्रफल विद्रोही इलाका घोषित भयो। त्यो विद्रोह त्रिपुरा, त्राभान्कोर र पश्चिम बङ्गालमा फैलियो। विद्रोहमाथि नेहरू प्रशासनले निर्ममतापूर्वक दमन गऱ्यो।

स्तालिनको मृत्युपछि सोभियत रुसमा खुस्चेभले संशोधनवादी मात्र होइन सामाजिक साम्राज्यवादी नीति लियो। एमएन राय र डांगेहरूले पनि भारतको कम्युनिस्ट आन्दोलनमा संशोधनवादी विचार भित्र्याए। सन् १९६२ मा भारतीय प्रतिक्रियावादीहरूले बढ्दो कम्युनिस्ट आन्दोलन दबाउन बेलायती अमेरिकी साम्राज्यवादीहरूसँग मिलेर नेहरू प्रशासनले भारत–चीन सिमा भिडन्त चर्कायो। त्यतिबेला चीन र रुसको पनि सैद्धान्तिक कारण मतभेद सुरु भएको अवस्था थियो। रुसले संसोधनवादी नीति लिएको प्रति चीनले खण्डन गर्दै थियो। सिमा भिडन्तमा डांगे, ए के गोपालन, मुज्जफर अहमद र संशोधवादीहरूले नेहरूको पक्ष लिए, चीनको विरोध गरे। बी.टी रणदिवे, पी सुन्दरैया, पी.सी.जोशी, बासु पुनैया, ज्योति बसु, हरिकिसन सिंहलगायतका कम्युनिस्ट नेताहरूले चीनको समर्थन गरे। भूपेश गुप्ता अस्थिर देखिए। अजय घोषले एकताको प्रयास गरिरहे भन्ने जानकारी पुस्तकमा छ। डांगेले भारतको कम्युनिस्ट आन्दोलनको सिद्धान्तमा अलमलिएपछि आन्दोलनले अर्को मोड समात्यो। पश्चिम बङ्गालमा वामपन्थीहरूले भूमिगत एकाइ सुरु गरे। १७ हजार पार्टी सदस्यमध्ये १४ हजार वामपन्थीको पक्षमा उभिए। नम्बुदिरिपाद र ज्योती बसुहरूले डांगेको संशोधनवादी नीतिको विरोध गरे। वामपन्थी धारका सम्पूर्ण कम्युनिस्ट नेताहरू डांगेसँग छुट्टिए। सन् १९६४ अक्टोबर १३ देखि नोभेम्बर ७ सम्म कलकत्तामा भएको पार्टी महाधिवेशनले भारतीय कम्युनिस्ट पार्टी मार्क्सवादीको जन्म गरायो। पी.सुन्दरैया महासचिव बने। पुस्तकमा उल्लेख छ - “सन् १९६५ को केराला राज्य विधानसभाको निर्वाचनमा भाकपाको ७९ उम्मेदवारमध्ये ३ जनामात्र विजयी भए र ४ लाख ५० मत अर्थात् ८.३० प्रतिशत प्राप्त गऱ्यो। भाकपा (मार्क्सवादी) को ७३ उम्मेदवारमध्ये ४० जना विजयी भए। झण्डै १३ लाख मत अर्थात् १९.८७ प्रतिशत मत प्राप्त गऱ्यो।” यसले डांगे नेतृत्वको भाकपा कमजोर हुँदै गएको देखाउँछ। डांगेले १९७० मा फेरि भारतीय काङ्ग्रेससँग मिल्ने नीति लिँदा भाकपाभित्र पुनः फुट भयो र डांगे एक्लिए। पटक पटक गरी पार्टी धेरै टुक्रामा विभाजित भयो। भाकपा (मार्क्सवादी) पनि चारु मजुमदारको नक्सलवाडी आन्दोलनका कारण टुक्रिएर भाकपा (मार्क्सवादी-लेनिनवादी) बन्यो। त्यसबाट पनि टुक्रिएको इतिहास पुस्तकमा पढ्न पाइन्छ।

पुस्तकभित्र २२ जना भारतीय कम्युनिस्ट नेताहरूको समालोचनात्मक जीवनी प्रस्तुत छ। कम्युनिस्ट आन्दोलनमा तिनको योगदान र व्यक्तित्वबारे चर्चा छ। मानवेन्द्रनाथ राय (सन् १८८७-१९५४) अर्थात् एमएन राय अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा परिचित नाम नै हो। सुरुमा सोभियत रुसबाट प्रभावित भएर भारतीय कम्युनिस्ट पार्टी स्थापनामा अगुवाइ गर्ने उनको खास नाम नरेन्द्रनाथ भट्टाचार्य हो। उनले मार्क्सवादी साहित्य अध्ययनसँगै पार्टीको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा जोड दिए। अध्ययन र चिन्तनका मामिलामा नेता लेनिनले पनि उनको प्रशंसा गर्नुहुन्थ्यो। लेनिनको थेसिसको विकल्पमा रायको विचार अघि सारिएको घटना पनि पुस्तकले खोतलेको छ। तर राय रुसबाट पलायन भए। स्तालिनको विरुद्धमा त्रोत्स्की र जिनोभियभ गुटसँग मिल्न गए। उनको मार्क्सवादी चिन्तनमाथि धार्मिक र आतङ्कवादी




विचारको बादल लाग्यो।

पुस्तकमा लेखिएको छ - “उनी बुखारिन, कामेनेभ र त्रोत्स्कीजस्ता अराजकतावादी र लेनिनवादविरोधीहरूको शिविरमा पुगे। उनको बौद्धिक प्रखरताले नै उनलाई बौद्धिक व्यक्तिवादी र अहङ्कारी बनायो।” यद्यपि, भारतीय स्वतन्त्रता सङ्घर्षमा एक नौजवानको हैसियतले उनको योगदान कम मान्न सकिन्न। गान्धी र काङ्ग्रेसले “भारत छोड् आन्दोलन” सुरु गर्दा भने उनको मत बेग्लै थियो। त्यतिबेला उनी साम्यवादको निन्दा गर्दै काङ्ग्रेसमा प्रवेश गरिसकेका थिए। ‘परिवर्तनवादी मानवतावाद’ बारे उनको धारणा र विचार मार्क्सवादी धारबाट बाङ्गिएको थियो। उनमा रहेको व्यक्तिवादी प्रवृत्ति, अस्थिरता र मनोगत कमीकमजोरी बिस्तारै सतहमा आयो। राजनीतिक अनुशासनसँगै सिद्धान्तमा चिप्लिएका एक नेताको रूपमा एमएन रायको आलोचना भारतीय कम्युनिस्ट आन्दोलनमा हुन्छ।

मुजफ्फर अहमद (सन् १८८९–१९७३) लाई भारतीय कम्युनिस्ट आन्दोलनका पहिलो कम्युनिस्ट या पार्टी संस्थापक मानिन्छ। गरिबी र दुःख कष्टमा हुर्केका उनले आफ्नो अध्ययनका लागि पनि खुब मेहनत गरे। साहित्यको अध्ययनमा रुची राख्ने उनी सन् १९१५ तिरै बङ्गला साहित्य परिषद्को सचिव भए। उनले साहित्यमार्फत राजनीतिको सेवा गर्ने बाटो चुने। पुस्तकका अनुसार सन् १९२० मा कवि काजी नजरुल इस्लामसँग मिलेर ‘नयाँ युग’ भन्ने बङ्गाली दैनिक निकाले। त्यो कम्युनिस्ट पत्रिका हो भन्ने प्रेस मालिकलाई थाहा भएपछि प्रकाशन रोकियो। त्यतिबेलासम्म मुजफ्फरलाई समाजवाद र साम्यवादबिच भिन्नता थाहा थिएन। तब उनको ध्यान सोभियत रुसले तान्यो। उनले मार्क्सवादी साहित्य खोजीखोजी पढ्न थाले। भाकपा नेता डांगे, शौकात उस्मानीसँग भेटघाट बढ्यो। मुजफ्फरले बम्बईबाट निस्किने डांगेको ‘समाजवाद’ भन्ने पत्रिका पढ्न थालेका थिए। बिस्तारै उनी कम्युनिस्ट आन्दोलनको हिस्सा बने। सन् १९२९ मार्च २० मा उनी मेरठ कम्युनिस्ट षड्यन्त्र मुद्दामा परे। सन् १९३३ मा उनलाई आजीवन कालापानी सजाय सुनाइएको थियो। अपिल पछि ३ वर्षको सजाय भयो। सन् १९६२ मा भएको भारत चीन सीमा सङ्घर्षमा उनलाई रुसविरोधी र चीन समर्थकको रूपमा पक्राउ गऱ्यो। भारतीय कम्युनिस्ट र भारतीय जनता उनलाई तल्लो वर्ग र दुःख कष्टबाट माथि उठेका एक नेताको रूपमा स्मरण गर्छन्।

भारतीय स्वतन्त्रता सङ्घर्ष र कम्युनिस्ट आन्दोलनमा एउटा चिरपरिचित नाम रजनी पाम दत्त (सन् १८९६-१९७४) हो। उनी बेलायती कम्युनिस्ट पार्टीका नेता थिए। उनले भारतको कम्युनिस्ट आन्दोलनमा वैचारिक सहयोग पुऱ्याए। घरबाटै राजनीतिक कक्षा सुरु गर्ने नेता थिए उनी। साम्राज्यवादविरोधी भावना भएका उनी रुसी कम्युनिस्ट पार्टीको नीतिका समर्थक थिए। भारतमा स्वतन्त्रता आन्दोलनसँगै समाजमा देखापरेका सङ्कीर्णतावाद, जातिवाद र साम्प्रदायिकतालाई पन्छाउने अभियान अघि बढ्नुपर्ने उनको विचार थियो। उनले सन् १९३६-३९ मा ‘आधुनिक भारत’ पुस्तक लेखे। भारतको निम्ति मार्क्सवादी व्याख्या भएको पहिलो पुस्तक थियो त्यो। स्वतन्त्रता आन्दोलनको निम्ति भारतको सामाजिक, आर्थिक र राजनीतिक बनावटको विश्लेषण उनले गरे। उनले थुप्रै पुस्तक र रचनाहरू प्रकाशन गरे। भारतमा बेलायती उपनिवेशवादको चिरफार गरे। बेलायती अर्थशास्त्रीहरूको कर्तुत उदाङ्ग्याए। त्यतिमात्र होइन भारतमा जनसङ्ख्या वृद्धिको अवस्थामा माल्थसको सिद्धान्तलाई मार्क्सवादी आँखाले विवेचना गर्ने नेता पनि उनी नै थिए। उनी बौद्धिक चिन्तन र आफ्ना रचनाहरूको कारण भारतको कम्युनिस्ट आन्दोलनमा लोकप्रिय बने।

श्रीपाद अमृत डांगे (सन् १८९९-१९९१) भारतीय कम्युनिस्ट आन्दोलनमा चर्चा भइरहने नाम हो। देशको स्वतन्त्रताको पक्षदेखि लेनिनको विचार अर्थात् सोभियत रुसको समाजवादका पक्षपाती बने उनी। पछि स्तालिनको मृत्युपछि ख्रुस्चेभहरूले लिएको संशोधवादी नीतिको पनि समर्थन गरे। उनले समातेको लाइनका कारण भाकपाभित्र सैद्धन्तिक मतभेद सुरु भयो। सशस्त्र सङ्घर्षका पक्षपाती रणदिवे लगायतका नेताले तेलङ्गाना, त्रिपुरा, ट्राभनकोर र पश्चिम बङ्गालमा सशस्त्र विद्रोह गर्दा उनी शान्तिपूर्ण सङ्क्रमणको बाटोमा हिँडे। उनी गान्धी र नेहरूको पछि लागे। सन् १९६२ को चीन भारत सिमा भिडन्तमा उनले चीनको विरोध गरे। डांगेको पतन त्यहिबाट सुरु भयो। भाकपामा फुट आयो। सन् १९६७ महानिर्वाचनमा डांगेकै कारण भाकपा कमजोर बनेको दृष्टान्तबारे चर्चा भइसकेको छ। सन् १९६९ मा अखिल भारतीय मजदुर महासङ्घ पनि फुट्यो। लगत्तै कलकत्तामा भारतीय मजदुर सङ्घहरूको केन्द्र बन्यो।

डांगे काङ्ग्रेससँगै पुच्छर बनेर बङ्गलादेशको समर्थन र इन्दिरा गान्धीको सङ्कटकाल र राष्ट्रपति शासनको समर्थनमा उत्रे तब उनी भाकपाबाट निकालिएका हुन्। उनले अखिल भारतीय कम्युनिस्ट पार्टी खोले। त्यहाँबाट पनि डांगे निकालिए। दुवै पार्टी मिलेर संयुक्त सङ्गठन ‘युसिपिआई’ गठन गरियो। तर भारतमा त्यसको प्रभाव शून्यजस्तै छ। यसरी सिद्धान्तमा चिप्लेको डांगेको राजनीतिक पतन भएको जानकारी पुस्तकले दिन्छ। कम्युनिस्ट आन्दोलनमा डांगे एक विवादास्पद व्यक्ति रहे। यद्यपि, उनलाई बहुआयामिक वा बहुमुखी नेताको रूपमा स्मरण गरिन्छ। भाकपाबाट निकालिँदा उनी इन्दिरा गान्धीतर्फ लाग्छन् भन्ने अनुमान गरिएको थियो। तर उनी नेहरू र गान्धीकै पछि लागे।

भारतीय कम्युनिस्ट आन्दोलनका हस्तीहरू दादा अमिर हैदर खान, बालचन्द्र त्रिम्बाक रणदिवे, त्रिपुराका मुख्यमन्त्रीसमेत बनेका नृपेन चक्रवर्ती, सज्जाद जहीर, पी. कृष्णा पिल्लाईको जीवन र कम्युनिस्ट आन्दोलनमा तिनको योगदान साँचै ऊर्जाप्रदायक छ। भारतको पहिलो कम्युनिस्ट राज्य केरलामा कम्युनिस्ट पार्टीको स्थापना पी.कृष्णा पिल्लाई (सन् १९०६-१९४८) ले गरेका थिए। केरलामा कम्युनिस्टहरू जित्दा शिक्षा, स्वास्थ्य र किसानहरूको जीवनमा आएको परिवर्तनबारे पुस्तकमा चर्चा छ। केरलामा अहिलेपनि कम्युनिस्टहरूको प्रभाव छ। कोभिड १९ महामारीमा जनतालाई सङ्क्रमणबाट जोगाउन केरला सरकारले गरेको काम विश्वले प्रशंसा गऱ्यो। केरलामा हुने राजनीतिक, सांस्कृतिक, आर्थिक र सामाजिक गतिविधिको केरला मोडेल आज पनि स्थापित छ।

पुस्तकले कम्युनिस्ट आन्दोलनका नेताहरू पुरनचन्द्र जोशी, अजय घोष, पी.रामामूर्ति, ई.एम.एस.नम्बुदिरिपाद, पुचलापाल्लि सुन्दरैया, ज्योति बसुको जीवन र सङ्घर्ष उजिल्याएको छ। नेता ज्योति बसुले भारत चीन सीमाविवाद कम्युनिस्ट आन्दोलन दबाउन उछालिएको मुद्दा भन्दै विरोध गरे र रुसको संशोधनवादी लाइनको बुद्धिमत्तापूर्ण विरोध गरे। कम्युनिस्ट आन्दोलनमा एक सरल र इमान्दार नेताको रूपमा बसु परिचित छन्। माकिनेनि बासुपुनैया, हरकिशन सिंह सुरजीत, टी नागी रेड्डी पनि भारतीय कम्युनिस्ट आन्दोलनका पढ्नैपर्ने नामहरू हुन्।

चारु मजुमदार (सन् १९१८-१९७२) भारतीय कम्युनिस्ट आन्दोलनमा एउटा फड्को या फरक धारको नाम हो। उनी भारतमा सशस्त्र कम्युनिस्ट विद्रोह नक्सलवारी आन्दोलनका प्रणेता हुन्। बङ्गालमा जन्मेका उनी किसान आन्दोलनहरूका साक्षी थिए। चारु रुसमा स्तालिनको मृत्युपछि खुस्चेभहरूले थालेको साम्राज्यवादी गतिविधिका प्रखर विरोधी थिए। चीनले समातेको सैद्धान्तिक बाटो या क्रान्तिका पक्षपाति थिए, चारु। यद्यपि, उनको तरिका गलत थियो। सन् १९६७ मा पश्चिम बङ्गालमा संयुक्त सरकार गठन भएपछि उनले सशस्त्र क्रान्तिमाथि धोखाको अनुभव गरे र मई २५ का दिन नक्सलवारीमा ऐतिहासिक किसान विद्रोह सुरु गरे। संयुक्त सरकारले चर्को दमन गऱ्यो। तर आन्दोलनको प्रभाव तामिलनाडु, केराला, उत्तर प्रदेश, विहार, कर्णाटक, उडिसा र बङ्गालका विभिन्न ठाउँसम्म पर्यो। र सन् १९६९ अप्रिल २ मा भाकपा (मार्क्सवादी-लेनिनवादी) स्थापना गरियो। चारु महासचिवमा चुनिए। चारु धेरैपटक पक्राउ परे, भूमिगत भएर पनि काम गरे। उनले सुरु गरेको नक्सलवारी आन्दोलन पनि खोटपूर्ण साबित भयो। पुस्तकमा आन्दोलनको समीक्षा छ – वर्ग दुश्मनको सफाया, चीनको अध्यक्ष हाम्रो अध्यक्ष, चीनको बाटो हाम्रो बाटो, जसको हात वर्ग शत्रुको रगतले रातो हुँदैन, त्यो कम्युनिस्ट हुँदैन, भारतमा क्रान्तिपछि मात्र संयुक्त मोर्चा हुन्छ, पार्टी र नेतालाई स्थापित गर्नेबारे, स्थानीय हातहतियारले सशत्र पार्ने र वर्ग दुश्मनमाथि प्रहार गर्ने, सबै पुँजीपतिवर्ग विदेशी दलाल हुन् भन्ने जस्ता बुझाइ र नक्सलवारी आन्दोलनको सैद्धान्तिक अडान वामपन्थी अवसरवादी विचार हो भन्ने पुष्टि भयो। वर्गशत्रु सफाया र व्यक्ति हत्या उही हो। अराजकतावाद र मार्क्सवाद एउटै हुन सक्दैन भन्ने आवाज उठ्यो। चीनको अध्यक्षलाई अध्यक्ष मान्ने सवालमा चिकपाले नै खण्डन गरेको थियो भन्ने पढ्न पाइन्छ। देश–देशको फरक फरक परिस्थिति हुन्छ। देशको माटो सुहाउँदो ढङ्गले मार्क्सवादको व्याख्या गर्नु बुद्धिमत्तापूर्ण हुने सन्देश पनि दिए।

चारु मजुमदारपछि कानु सान्याल, नागि रेड्डी, कामरेड अपु, सरोज दत्त, सत्यनारायणलगायतका नेताहरूले पश्चिम बङ्गाल, आन्ध्र प्रदेश, तामिलनाडु, विहार आदि प्रान्तमा पार्टी गतिविधि अघि बढाए। त्यसमध्ये नेता नागभूषण पटनायक (सन् १९३५-१९९८) ले चारु मजुमदार नेतृत्वको भाकपा (मा.ले) को व्यक्तिगत आतङ्कवाद, निर्वाचनको बहिस्कार, चीनको बाटो जस्ता ‘वामपन्थी’ अवसरवाद र संशोधनवादको विरोधमा आफ्नो मत राखे। कोरा सिद्धान्तवाद र दक्षिणपन्थी अवसरवादको विरोधमा उनले संसदीय मञ्चको प्रयोगबारे लेनिनवादी नीतिको वकालत गरे। भारतको कम्युनिस्ट आन्दोलनमा वामपन्थी अवसरवादविरुद्ध खरो उत्रने नेता उनै हुन्।

यसरी पुस्तकले २२ जना भारतीय कम्युनिस्ट नेताहरूको जीवन आकृतिमा कम्युनिस्ट आन्दोलनको शताब्दी लामो इतिहास पस्केको अनुभव हुन्छ। भारतको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचार, डांगेको दक्षिणपन्थी र चारुको वामपन्थी अवसरवाद पढिरहँदा नेपालको कम्युनिस्ट आन्दोलनका अवसरवादीहरूको झल्को मिल्छ। पुस्तकले नेपालको कम्युनिस्ट आन्दोलनको आजको अवस्था विश्लेषण गर्न र सच्चा कम्युनिस्ट नेताहरूबाट ऊर्जा प्राप्त गर्न सघाउँछ। अत्यन्त पठनीय पुस्तकका लेखक महत्तोजीप्रति सम्मान छ। वर्तमान भारतको पृष्ठभूमि अर्थात् अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा भारतको स्थान थाहा पाउन नपढी नहुने र राजनीतिशास्त्रका विद्यार्थीले छुटाउनै नहुने यस पुस्तकका प्रकाशकप्रति साधुवाद छ।

# सवारी दुर्घटनासम्बन्धी कानुनी व्यवस्था, सिद्धान्त र व्यवहार १



रामप्रसाद प्रजापति

**सवारी दुर्घटना**

अधिकांश सवारी दुर्घटनाका मुद्दा सामान्यतया यस्तो खालको फौजदारी मुद्दा हुने गर्दछ, जुन मुद्दामा आपराधिक क्रियाकलाप अर्थात् घटना त प्रस्ट देखिएको हुन्छ, तर कसुरदारको आपराधिक मनसायको भने अभाव देखिने गर्दछ ।

फौजदारी कानुनको सिद्धान्तअनुसार कुनै व्यक्ति कसुरदार ठहर हुनलाई दुई वटा आधारभूत तत्त्वहरू अनिवार्य रूपमा रहेको हुनुपर्दछ । १, आपराधिक मनसाय तत्त्व (Mens rea) र २, आपराधिक कार्य (Actus reus) ।

तर सवारी दुर्घटनाबाट हुने अपराधका कसूरदारमा भने आपराधिक क्रिया प्रस्ट देखिए तापनि आपराधिक मनसाय अर्थात् अपराध गर्ने मनसाय तत्त्वको अभाव रहने गरेको देखिन्छ । यसलाई सर्वोच्च अदालतले सवारी दुर्घटनाका मुद्दाहरूमा व्याख्या गर्ने क्रममा लापरवाही तत्त्वलाई नै आपराधिक मनसाय भएको फैसलाहरूमा उल्लेख गने गरेको पाइन्छ ।

सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, बीमा व्यवस्था गर्न र सर्वसाधारण जनतालाई सरल एवं सुलभ ढङ्गबाट यातायात सुविधा उपलब्ध गराउन यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउन सवारी तथा यातायात व्यवस्थासम्बन्धी ऐन जारी भएको ऐनको प्रस्तावनामा उल्लेख छ ।

ऐनको उल्लिखित प्रस्तावनालाई सामान्य ढङ्गमा बुझ्दा ऐन सवारी दुर्घटनासँग सम्बन्धित विविध पक्षका सम्बन्धमा मिहिन रूपमा व्याख्या गरेको हुनुपर्दछ भन्ने लाग्नु स्वाभाविक हो ।

तर ऐनमा गरिएका कानुनी व्यवस्थाहरूलाई सरसर्ति हेर्दा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ले "सवारी साधनको वर्गीकरण, सवारी दर्तासम्बन्धी, सवारी चालक अनुमतिपत्रसम्बन्धी, यातायात व्यवस्थापन, आवागमन नियन्त्रण, बीमासम्बन्धी, विभागको काम, कर्तव्य र अधिकार, सजायसम्बन्धी व्यवस्था र विविध गरी ११ परिच्छेदमा सवारी तथा यातायात व्यवस्थासम्बन्धी कानुनी व्यवस्था गरेको पाइन्छ ।

उल्लिखित कानुनी व्यवस्थाहरूमध्ये परिच्छेद ७ अन्तर्गतका आवागमन नियन्त्रणसम्बन्धी कानुनी व्यवस्था र परिच्छेद १० अन्तर्गतको सजायसम्बन्धी व्यवस्था सवारी दुर्घटनासँग प्रत्यक्ष रूपमा सम्बन्ध रहने कानुनी व्यवस्थाहरू हुन् ।

ती दुई वटा परिच्छेदहरूमध्ये प्रत्यक्षत: सवारी दुर्घटनाका सम्बन्धमा आकर्षित हुने कानुनी व्यवस्था ऐनको परिच्छेद १० अन्तर्गत दफा १६० देखि दफा १६४ सम्म "सजायसम्बन्धी व्यवस्था" शीर्षकमा महत्त्वपूर्ण व्यवस्था गरेको पाइन्छ ।

दफा १६० मा सवारी दर्ता प्रमाणपत्रमा उल्लेख भएबमोजिमको वास्तविक नम्बर वा प्लेट नराखी अर्कै नम्बर वा प्लेट राखी सवारी चलाउने वा चलाउन लगाउनेलाई ६ महिनासम्म कैद वा पाँच हजारदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो सवारी जफत हुने व्यवस्था छ । त्यस्तै अन्य विभिन्न दफाहरू विपरीतको कार्य गर्ने गराउने हुने सजायका बारेमा उल्लेख छ ।

त्यस्तै दफा १६४ मा यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्ने विभिन्न ट्राफिक नियम उल्लङ्घनका विषयहरूका सम्बन्धमा हुने सजायका बारेमा उल्लेख गरिएको पाइन्छ ।

**ज्यान मरेमा हुने सजायसम्बन्धी कानुन र सिद्धान्त**

सवारी दुर्घटना र सवारी दुर्घटनामा परी घाइते हुने, अङ्गभङ्ग हुने वा ज्यान गएमा हुने सजायका सम्बन्धमा ऐनको दफा १६१, १६२ र १६३ मा व्यवस्था गरिएको छ, जुन सवारी दुर्घटनासम्बन्धी मुद्दाको अनुसन्धान, कारबाही र सजायका लागि पर्याप्त भने होइन ।

दफा १६१ को उपदफा (१) मा सवारी चलाई कुनै मानिसलाई किची, ठक्कर दिई वा कुनै किसिमले सवारी दुर्घटना गराई सवारीमा रहेको, सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्काले वा सोही चोटको परिणामस्वरूप एक्काइस दिनभित्र मरेमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको भए त्यसरी सवारी चलाउने व्यक्तिलाई जन्मकैद हुने कानुनी व्यवस्था गरेको पाइन्छ । ज्यान मार्ने मनसाय लिई त्यस्तो कार्य गरेकोमा ज्यान मर्न पाएको रहेनछ भने कसुरको मात्रा अनुसार पाँच वर्षदेखि बान्ह वर्षसम्म कैद हुने व्यवस्था गरेको छ ।

दफा १६१ को उपदफा (२) मा कसैको ज्यान मर्न सक्छ भन्ने अवस्था देखिँदा देखिँदै पनि अपनाउनुपर्ने सतर्कता नअपनाई कसैले लापरबाही गरी कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा कुनै किसिमले सवारी दुर्घटना भई कसैको ज्यान मरेमा कसूरको मात्रा अनुसार तीन वर्षदेखि दश वर्षसम्म कैद र तीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था रहेको पाइन्छ ।

त्यस्तै दफा १६१ को उपदफा (३) मा कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले सवारी चलाउँदा दुर्घटना हुन गई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहेबसेको कुनै मानिसको मृत्यु हुन गएमा सवारी चलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको छ ।

यसरी दफा १६१ को उपदफा (१), (२) र (३) ले सवारी दुर्घटनामा परी सवारी भित्र वा बाहिर रहेका कुनै मानिसको ज्यान गएको खण्डमा सवारी ज्यान मुद्दा लाग्ने अलग अलग तीन किसिमका मुद्दा लाग्ने सम्बन्धमा कानुनी व्यवस्था गरेको देखिन्छ ।

**ज्यान मरेमा हुने सजाय**

| दफा | दुर्घटनाको अवस्था | कसुरको मात्रा अनुसार हुने सजाय |
|---|---|---|
| १६१(१) | ज्यान मार्ने मनसाय लिई सवारी दुर्घटना गराएको | जन्मकैद (प्रचलित कानुनअनुसार २५ वर्ष कैद) |
| १६१(२) | ज्यान मर्न सक्ने देखिँएको, सतर्कता नअपनाएको, लापरबाही गरेको देखिएमा | तीन बर्षदेखि १० वर्षसम्म कैद, तीस हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना |
| १६१(३) | ज्यान मर्न सक्ने नदेखिएको सावधानीपूर्वक सवारी चलाएको | एक वर्षसम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना वा दुवै |

सोही दफा १६१ को उपदफा (४) मा चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी चलाएकोमा थप दुई हजार रुपैयाँ जरिवाना हुने कानुनी व्यवस्था रहेको पाइन्छ । जुन अपर्याप्त हुनुका साथै कानुनी व्याख्याको विषय बनेको छ ।

ऐनको दफा ४५ बमोजिम कुनै पनि व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सवारी चलाउन हुँदैन भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ ।

सो सम्बन्धमा पछिल्लो समय सर्वोच्च अदालतबाट एउटा सवारी ज्यान मुद्दामा "सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ को व्यवस्था र दफा १६१ (२) को लापरवाहीपूर्वक सवारी चलाउँदा मानिस मर्न गएमा हुने सजायसम्बन्धी व्यवस्था एक अर्कामा अन्तरसम्बन्धित रहेको पाइन्छ । यस अवस्थामा दफा ४५ बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त नगरी कसैले सवारी चलाई मानिसको ज्यान मर्न गएमा उक्त कार्य लापरवाहीपूर्वक गरिएको मानिने हुँदा सवारी चालक अनुमतिपत्र नलिई सवारी चलाउनु चालकको कैफियतकै रूपमा लिनुपर्ने हुन्छ । जसमा दफा १६१ को उपदफा (३) आकर्षित नभई लापरवाहीपूर्वक सवारी चलाई मानिसको ज्यान मरेमा ऐनको दफा १६१ (२) आकर्षित हुने भई उक्त कसुरका लागि दफा १६१(२) बमोजिम सजाय हुने ।" "सवारी चलाउने व्यक्तिमा अनिवार्य रूपमा हुनुपर्ने सोसम्बन्धी क्षमता र योग्यताको सुनिश्चितता गरी सवारी दुर्घटनाबाट हुनसक्ने जीउधनमाथिको सम्भावित जोखिम हटाउनका लागि नै विधायिकाले कानुनी व्यवस्था गरेको मान्नुपर्ने हुन्छ । सवारी चालक अनुमतिपत्र लिनु पर्ने गरी ऐनमा भएको उक्त व्यवस्था ऐच्छिक नभई बाध्यात्मक र अनिवार्य रूपमा पालना गर्नुपर्ने व्यवस्था भएकोले सवारी चालकले सवारी चलाउनु अघि अनुमतिपत्र प्राप्त गरेकै हुनुपर्ने" भन्ने फैसला भयो । उक्त फैसला नेपाल कानुन पत्रिका (नेकाप) २०७५ को अङ्क ३ निर्णय नं. ९९६५ मा नजिरका रूपमा प्रकाशित छ ।

यसै सन्दर्भमा नेकाप २०७१ अङ्क १२ नि.नं. ९३०४ मा सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले सार्वजनिक सडकमा सवारी चलाउने कार्य गर्नु भनेको आफैमा लापरवाहीपूर्ण कार्य हो । साथै त्यसरी सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले चलाएको सवारी साधनबाट ठक्कर लागि वा किची मानिसको ज्यान गएमा सो कार्य स्वत: लापरवाहीपूर्वक गरिएको कार्यको परिणामस्वरूप भएको मान्नुपर्ने भन्ने नजिर सिद्धान्त प्रतिपादित छ । नेकाप २०७४ अङ्क ४ नि.नं. ९७९४ मा पनि सोहीबमोजिम फैसला भएको पाइन्छ ।

सर्वोच्च अदालतलाई अभिलेख अदालत मानिने र सर्वोच्च अदालतले गरेका फैसला तल्लो तहका अदालतहरूले मान्नुपर्ने कानुनी व्यवस्था रहेको पाइन्छ । साथै सर्वोच्च अदालतले कानुनमा प्रस्ट नभएको, दुविधाजनक व्यवस्थाहरूको व्याख्या गर्न सक्ने अधिकारक्षेत्र समेत ग्रहण गरेको हुँदा सर्वोच्च अदालतले गरेको अन्तिम फैसलालाई नजिर मानी कानुनसरह मान्नुपर्ने हुन्छ ।

त्यसपछिका सबै सवारी ज्यान मुद्दाहरूमा सवारी चालक अनुमतिपत्र नलिई सवारी चलाई सवारी दुर्घटनामा परी कुनै मानिसको ज्यान गएको खण्डमा ऐनको दफा १६१ को उपदफा (२) बमोजिम तीन वर्षदेखि १० वर्षसम्म कैद सजाय माग दाबी लिई सवारी ज्यान मुद्दा लाग्ने अवस्था आयो ।

सर्वोच्च अदालतको उक्त फैसला प्रकाशित हुनुभन्दा अगाडि सवारी अनुमतिपत्र (लाइसेन्स) नलिई सवारी चलाएको अवस्थामा पनि यदि सवारी चलाउन जान्ने, सावधानीपूर्वक सवारी चलाएको देखिएको अवस्थामा ऐनको दफा १६१ को उपदफा (३) बमोजिम एक वर्षसम्म कैद सजाय वा दुई हजार रुपैयाँ जरिवाना वा दुवै सजाय हुने फैसला गर्ने गरिएको पाइन्छ ।

सर्वोच्च अदालतका नजिर फैसलाहरूको अध्ययन गर्दा "सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) बमोजिम सजाय हुन, मानिस मार्ने मनसायले सवारी चलाएको अवस्था नभएको तर कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने जानी जानी र लापरवाही गरी सवारी चलाएको हुनु अनिवार्य छ । लापरवाही मापनका लागि सामान्यतया तीन अवस्था हुनुपर्दछ : १, सम्भावित परिणामको पूर्वानुमान (Knowlledge), २, स्वेच्छिक कार्य (Voluntary act) र ३, चालकको अनुचित खतरा मोल्ने वा जोखिम लिने प्रयास (Reckless-ness) । फौजदारी कानुनमा लापरवाहीको परिभाषा गर्दा, चालक वा कर्तालाई सम्भावित परिणामबारे पूर्वज्ञान (knowledge) हुँदाहुँदै चालक वा कर्ताले आफ्नो कार्यमा सजगता अपनाएको वा होस पुऱ्याएको भए सम्भावित परिणामलाई टार्न सकिने अवस्था थियो वा थिएन भन्ने परिघटनाबाट मापन गरिने" भन्ने नजिर सिद्धान्त रहेको पाउँछौं । यस्तो नजिर पछिल्लो समय नेकाप २०७८ अङ्क ७ निर्णय नं. १०६९६ र त्यसपछिका सवारी ज्यानसम्बन्धी मुद्दाका नजिरहरूमा पनि प्रकाशित रहेको पाइन्छ ।

तर नेपाल कानुन पत्रिका २०७५ अङ्क ३ मा प्रकाशित नजिरपछि भने लापरवाही तत्त्वलाई व्याख्या गर्ने क्रममा चालकको "सवारी चालक अनुमतिपत्र ( लाईसेन्स) को अभाव" लाई पनि जोडिन थालेको देखिन्छ ।

सवारी चालक अनुमतिपत्र भएको हकमा भने दफा १६१ को उपदफा (२) बमोजिम सजाय माग दावी गरेको मुद्दाहरूमा पनि सर्वोच्च अदालतले तल्लो तहको फैसलाहरूमा रहेको त्रुटि सच्याई सुधारका साथ फैसला गर्ने गरेको पाइन्छ । जस्तै नेकाप २०७५ को अङ्क ९ मा प्रकाशित निर्णय नं. १०१०३ भएको सवारी ज्यान मुद्दामा सर्वोच्च अदालतले "पूर्वानुमान नगरिएको, काबु बाहिरको कारण परी हुने दुर्घटनालाई मानवीय गल्ती नै हो भनी किटान गर्नु विवेक सम्मत नहुने ।" तथा "कुनै पनि वारदातमा यदि परिणामको पूर्वज्ञान हुँदाहुँदै पनि जोखिम उठाउने तत्परता देखिएको छ भने लापरवाही भएको मान्न पनि सकिन्छ । तर, परिणामको इच्छा नभएको, सावधानी अवलम्बन गर्न खोज्दाखोज्दै पनि अनिच्छित परिणाम आएको अवस्थामा लापरवाही गरेको भनी बढी सजाय गर्न मनासिब हुने नदेखिने ।" भन्ने फैसला भएको पाइन्छ ।

---

### सञ्चालकहरूबाटै सहकारीको रकम अपचलन

# सहकारीको निष्क्रिय रकम जलविद्युत्मा लगाउनुपर्ने




भक्तपुर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा जिल्ला बचत तथा ऋण सहकारी संस्था लि., भक्तपुरको आयोजनामा चैत २० गते भक्तपुरको टौमढीमा सभा भयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले केही सहकारीका सञ्चालकहरूले व्यक्तिगत स्वार्थको निम्ति सहकारीको रकम अपचलन गर्दा ती संस्थामा समस्या देखापरेको बताउँदै देशका प्रभावशाली भनिएका व्यक्तिहरूले सञ्चालन गरेका सहकारीहरू नै सङ्कटमा परेको र जनतामा अर्बौं रुपैयाँ डुबिरहेको चर्चा गर्नुभयो ।

उहाँले सहकारीको खर्बौं रुपैयाँ बैङ्कमा निष्क्रिय अवस्थामा रहेको हुँदा ती पुँजीलाई नेपाल सरकारले विभिन्न जलविद्युत् परियोजना, ठुल्ठुला कारखानामा लगाउन सकेको खण्डमा देशको उत्पादकत्व वृद्धि हुने र सहकारीको पैसा परिचालन भई सदस्यहरूलाई फाइदा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नगरभित्र सञ्चालनमा रहेका १५६ वटा सहकारीहरूमध्ये भक्तपुर बाहिरबाट आई सञ्चालन गरिरहेका सहकारीका सञ्चालकहरूको सम्पत्ति विवरण नखुल्ने समस्याहरू प्राय: देखिने गरेको बताउँदै उहाँले सहकारी डुबाउने सञ्चालक जुनसुकै पदमा भए पनि अपराध हेरेर कडा कारबाही गर्नुपर्ने बताउनुभयो ।

सभामा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्थाका संस्थापक अध्यक्ष राजेन्द्र दुमरुले समुदायमा आधारित सहकारी संस्थालाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगर समन्वय समितिका संयोजक जगन्नाथ प्रजापतिको सभापतित्वमा भएको सो सभा नगर परिक्रमापछि टौमढीमा समापन भएको थियो ।

सभाअघि वडा नं. १ देखि ५ सम्मका सहकारी सङ्घ संस्थाका सदस्यहरूको ऱ्याली दूधपाटी र ६ देखि १० वडामा रहेका सहकारी सङ्घ संस्थाहरूको सदस्यहरूको ऱ्याली कमलविनायकबाट सुरु भएको थियो ।

सभामा जिल्लास्तरीय बचत सहकारी संस्थाबाट पारिजात साकोस उत्कृष्ट र नगरस्तरीय साकोसमा भक्तपुर बचत तथा सहकारी संस्था उत्कृष्ट घोषणा गरिएको थियो ।

त्यस्तै मध्यपुर नगरपालिकाको आयोजनामा मध्यपुरमा, भक्तपुर जिल्ला बचतको आयोजनामा चाँगुनारायण र सूर्यविनायक नगरपालिकामा पनि प्रभातफेरी तथा सभा भएको थियो ।

---

# सैद्धान्तिक मात्रै नभई व्यावहारिक शिक्षा दिनुपर्ने

भक्तपुर । भक्तपुर नगरपालिकाका उपप्रमुख तथा ख्वप बहु-प्राविधिक अध्ययन संस्थान सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले भक्तपुर नगरपालिकाले शिक्षा-स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्दै आएको उल्लेख गर्दै नागरिकले आफ्नो भाषा, संस्कृति, सम्पदालाई माया गरी सोको संरक्षण तथा संवर्द्धन गनुपर्नेमा जोड दिनुभयो ।

समाज सुधार माध्यमिक विद्यालयमा बिहीबार आयोजित स्वास्थ्यसम्बन्धी अध्ययनबाट प्राप्त तथ्याङ्कको प्रस्तुतीकरण तथा जनचेतनामूलक नाटक प्रदर्शनीमा उपप्रमुख रजनी जोशीले विद्यार्थीहरूलाई सैद्धान्तिक शिक्षा मात्रै नभई व्यावहारिक शिक्षा दिन सके दिगो विकासको आधार तयार हुने र सभ्य समाज तथा नागरिक तयार हुने बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले भक्तपुर नगरपालिकाले गर्दै आएको सेवा सुविधाबारे नगरवासीलाई विभिन्न माध्यमबाट सूचना सम्प्रेषण गर्दै आएको बताउनुभयो ।

ख्वप अस्पतालका निमित्त निर्देशक डा. मजेशप्रताप मल्लले नयाँ पुस्ताले आफ्नो ज्ञानको परिधि सीमित नगरी अथाह ज्ञानको सागरबाट सकारात्मक सोच तथा संस्कारलाई आत्मसात गर्नुपर्ने बताउनुभयो । उहाँले सैद्धान्तिक शिक्षाको साथै समुदायमै रही त्यहाँको अध्ययन अनुसन्धानबाट समाजको वास्तविक चित्रको बारेमा जानकारी पाउन सकिने बताउनुभयो ।

अध्ययन संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवाले नर्सिङ प्रथम वर्षका विद्यार्थीहरूले भक्तपुर नगरपालिका वडा नं. ८ मा गरेको एकमहिने सामुदायिक अध्ययनको दौरानमा सङ्कलन गरेका तथ्याङ्कले वडाको समस्या तथा सुधार गर्नुपर्ने क्षेत्रका बारेमा जानकारी दिएको बताउनुभयो ।

कार्यक्रममा नर्सिङ विभागीय प्रमुख ईश्वरी डंगोलले पनि मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा नर्सिङ विद्यार्थीहरूले स्वास्थ्यसम्बन्धी विविध तथ्याङ्कहरू प्रस्तुत गर्नुका साथै जनचेतनामूलक नाटक र विभिन्न सांस्कृतिक झाँकीहरू प्रस्तुत गरेका थिए ।

ख्वप बहु-प्राविधिक अध्ययन संस्थानमा नर्सिङ प्रथम वर्षमा अध्ययनरत विद्यार्थीहरूले सामुदायिक अध्ययनको सिलसिलामा भक्तपुर नगरपालिका वडा नं. ८ का ४०० परिवारमा स्वास्थ्यसम्बन्धी अध्ययन गरेका थिए ।

# भेनेजुयलाको प्रतिरक्षामा

✍ क्रिस गिल्बर्ट

भेनेजुयलाको विषयमा अहिले वामपन्थीहरूबिच ठुलो छलफल चल्दै छ । जनवरी ३ को आक्रमणपछि डेल्सी रोड्रिगेजको सरकार कतै रणनीतिक रूपमा पछि हटेको त होइन ? अथवा, यो ब्रेस्ट-लितोभ्स्क सन्धि पो हो कि ? यस्तै अनेक आशङ्का छन् । तर, यसमा बढ्ता जोड दिनु मेरो विचारमा सही होइन ।

'ब्रेस्ट-लितोभ्स्क' आहान जस्तो बनिसकेको छ । अक्टोबर क्रान्तिको केही महिनापछि भ्लादिमिर लेनिनले जर्मनीसँग अलग्गै शान्ति सन्धि गर्ने निर्णय गर्नुभयो । सो सन्धिमा जर्मनीको हात माथि पर्‍यो । तथापि, क्रान्तिको रक्षा गर्न त्यो निर्णय प्रभावकारी सिद्ध भयो । धेरै विश्लेषकले भेनेजुयाली नेतृत्वले इतिहासको यो पाठ आत्मसात गरेको बताउँछन् । उनीहरू यसलाई सही क्रान्तिकारी निर्णय लिने मोडल भन्दै छन् । जर्मनीलाई केही सहुलियत दिएर लेनिनले सही निर्णय लिएको र सोही शैलीमा अमेरिकी साम्राज्यवादलाई रोड्रिगेजले छुट दिएको उनीहरूको तर्क छ । यसरी क्रान्तिको रक्षा गर्न देशले थप समय पाएको उनीहरू बताइरहेका छन् ।

यो विचारको आलोचना गर्ने अर्को तप्का छ । उनीहरूको दाबी अनुसार भेनेजुयलामा ब्रेस्ट-लितोभ्स्क जस्तो रणनीतिक पछि-हटाइ सम्भव छैन । किनभने, भेनेजुयलासँग यस्तो रणनीतिक भिजन छैन र अमेरिकालाई दिइएको छुट सानोतिनो छैन भन्ने उनीहरूको तर्क छ । यसलाई उनीहरू पछि-हटाइ नभई आत्मसमर्पण ठान्दै छन् ।

यो बहसमा दुवै समूहले ब्रेस्ट-लितोभ्स्क सन्धिमा बढी जोड दिएको पाइन्छ । यसको अर्थ हो - लड्ने कि रणनीतिक रूपमा पछि हट्ने । भेनेजुयलाको आजको स्थिति यी दुईमध्ये कुनै होइन । भेनेजुयलाको क्रान्तिकारी प्रक्रिया अलि लामो छ । रुसमा जम्मा चार महिनामा अक्टोबर क्रान्ति भएको थियो । रुसी क्रान्ति गरिमापूर्ण र बेजोड थियो । (वास्तवमा बिसौँ शताब्दीको सबैभन्दा महत्त्वपूर्ण घटना थियो त्यो ।) ब्रेस्ट-लितोभ्स्क सन्धि हुँदा क्रान्ति जारी थियो ।

त्यसैले ब्रेस्ट-लितोभ्स्क सन्धिसँगको तुलना ऐतिहासिक हिसाबले सटिक छैन । यो तुलनाले बोलिभारियाली क्रान्तिलाई कम आँक्छ; विगत २५ वर्षमा यो क्रान्तिले हासिल गरेको भौतिक र सङ्गठनात्मक उपलब्धिलाई बेवास्ता गर्छ । सैद्धान्तिक तहमा 'ब्रेस्ट-लितोभ्स्क' सँगको तुलनाले ह्युगो चाभेजको दाबीलाई ओझेल पार्छ । क्रान्तिको क्रममा भेनेजुयलाले हासिल गरेको उपलब्धि 'उल्ट्याउन नसकिने' बिन्दुमा पुगेकोमा चाभेजले बारम्बार जोड दिनुभएको थियो ।

दु:खको कुरो अहिले उत्तरी गोलार्द्धका बुद्धिजीवीहरू यसरी नै तुलना गर्दै छन् । भेनेजुयलाप्रति सहानुभूति राख्नेहरूको पनि यस्तै सोच छ । धेरै वर्षसम्म उत्तरी गोलार्द्धका अधिकतर बुद्धिजीवीहरूले बोलिभारियाली क्रान्तिले उल्लेख्य प्रगति नगरेको दाबी गरिरहे । क्रान्तिले पुँजीपति वर्गलाई निमिट्यान्न पार्न नसकेको र उत्पादकका सम्पूर्ण साधन राष्ट्रियकरण गर्न नसकेको उनीहरूको तर्क थियो ।

भेनेजुयलामा सरकार र लोकप्रिय आन्दोलनको 'द्वैध सत्ता' चलिरहेको छ भन्ने अर्को दाबी पनि रह्यो । यो शब्दावली अक्टोबर क्रान्तिबाट आएको थियो । सन् १९१७ को फेब्रुअरीदेखि अक्टोबरसम्म रुसमा 'द्वैध सत्ता' चलेको थियो । यसरी तुलना गर्दा चाभेज (र पछि मादुरो) 'करेन्स्की' हुन् र वास्तविक क्रान्ति अब हुँदै छ भन्नुपर्ने हुन्छ ! (किनभने, तिनताक रुसमा करेन्स्कीको सरकार थियो ।) साथै, यसरी तुलना गर्दा भेनेजुयलामा वास्तविक क्रान्ति भएको थिएन र कुनै उल्लेख्य क्रान्तिकारी रूपान्तरण पनि भएको थिएन भन्ने अर्थ लाग्छ ।

क्रान्तिका नेता चाभेजको धारणा माथिका कुनै पनि चित्रणसँग मिल्दैनथ्यो । भेनेजुयलामा वास्तविक क्रान्ति भएको उहाँको बुझाइ थियो । क्रान्तिका क्रममा अनेक संयन्त्रहरूको निर्माण गरेर नेतृत्वले सत्ता र सामाजिक नियन्त्रणको बागडोर जनतालाई सुम्पेको चाभेजको विश्वास थियो ।

उत्पादन र सामाजिक जीवनका विभिन्न पक्षमाथि भुइँतहको नियन्त्रणका लागि चालिएका यस्ता पाइला उल्ट्याउन नसकिनेमा चाभेजले बारम्बार जोड दिनुभएको थियो । किनभने, भुइँतहको नियन्त्रणले गर्दा सामुदायिक परिषद्, नागरिक-सेना, कम्युन र मिलिसियाजस्ता संरचनामा जनसत्ता स्थापित भएको थियो ।



### दुई दृष्टिकोण

यहाँनिर कसलाई सही मान्ने ? के अमेरिकी आक्रमणपछि भेनेजुयलामा देखापरेको घटनाक्रमलाई ब्रेस्ट-लितोभ्स्क सन्धिसँग तुलना गर्ने बुद्धिजीवीहरू सही हुन् ? अथवा, बोलिभारियाली क्रान्तिलाई वास्तविक, गहिरो र उल्ट्याउन नसकिने ठान्ने ह्युगो चाभेजलाई सही मान्ने ?

त्यसो त अहिले बहसमा उत्रेका धेरै बुद्धिजीवीहरू कुनै बेला कमान्डेन्ट चाभेजसँग सहमत थिएनन् । तर, धेरै घटनामा इतिहासले चाभेजको पक्षमा फैसला गरेको थियो । किनभने, श्रमजीवी वर्गका जनता उत्पादन, भौगोलिक नियन्त्रण र राष्ट्रिय सुरक्षाजस्ता क्षेत्रमा एकपल्ट नीति निर्माण तहमा सहभागी भएपछि त्यसलाई उल्ट्याउन ठुलै शक्ति चाहिन्छ । हुन त जनसहभागितालाई उल्ट्याउन नसकिने भन्ने होइन । तर, सामाजिक रूपान्तरणमा धेरै अघि बढिसकेको क्रान्तिकारी प्रक्रियालाई नामेट पार्न ठुलै मिहिनेत लाग्छ ।

त्यही भएर सन् १९९१ पछि पूर्वी युरोपका देशहरूलाई पुन: उपनिवेशवादी बनाउनका लागि शिक्षा व्यवस्थामा गहन परिवर्तन गरिएको थियो भने मजदुरहरूको हकअधिकार योजनाबद्ध रूपमा खोसिएको थियो । सोभियत सङ्घका पूर्व गणराज्यहरूमा पुँजीवाद फर्काउन जबर्जस्ती 'शक थेरापी' वा क्रूर नीति-नियमहरू लागु गरिएको थियो । सुखको कुरा, त्यो 'थेरापी' पूर्णत: सफल भएन । रुसी जनताले साम्राज्यवादी अर्थतन्त्रबाट अलग्गिएर बडो दु:खले आर्जेको व्यवस्था पूर्णत: नामेट भएन । यसकारण पनि भ्लादिमिर पुटिनको नेतृत्वमा ( समाजवादी नभए पनि) नयाँ सार्वभौम र साम्राज्यवादविरोधी रुसको उदय सम्भव भएको हो ।

इतिहासले के देखाउँछ भने क्रान्तिको ढाड भाँच्नका लागि तपाइँले जनसत्ताको जग भत्काउनुपर्ने हुन्छ । यसको लागि धेरै पसिना र लगन चाहिन्छ । यसको लागि वर्षौंसम्म ठुलो रक्तपातको खाँचो पर्छ । जनताको ऐतिहासिक स्मृतिलाई मेट्न संस्कृतिको क्षेत्रमा सशक्त प्रचारबाजी गर्नुपर्ने हुन्छ ।

पछिल्ला महिनाहरूमा भेनेजुयलामा यस्ता दुस्प्रयास भएको प्रमाण उति पाइँदैन । बोलिभारियाली सेना ठिकठाक छ । सत्ताधारी दल (PSUV) र त्यसको नेतृत्व पहिले झैँ सक्रिय छ । ५ हजारभन्दा बढी कम्युन र कम्युनेली सञ्जाल अझै क्रियाशील छन् । तिनले सरकारबाट झन् बढी वित्तीय सहयोग पाइरहेका छन् ।

हो, भेनेजुयलाको तेल उद्योग र त्यसको वित्त व्यवस्थाको केही हिस्सा देशको नियन्त्रणबाहिर गएको कुरा साँचो हो । तर, यो नयाँ परिस्थितिमा नाकाबन्दी अलि खुकुलो भएको हामीले बिर्सनुहुन्न । मादुरो सरकारले धेरै वर्षदेखि यो दिन देख्न चाहेको थियो । तथापि, घटनाक्रमले यस्तो रूप लिएला भनेर कसैले सोचेको थिएन ।

### ऐतिहासिक क्षण केलाउँदा

क्रान्तिमा सबथोक समयको खेल हो । लेनिन र फिडेल क्यास्त्रो दुवैजना यस कुरामा सहमत हुनुहुन्थ्यो । क्यास्त्रोले त उद्घोष नै गर्नुभयो, "ऐतिहासिक क्षण बुझ्नु क्रान्ति हो ।"

अहिले हामी कस्तो ऐतिहासिक क्षणमा छौँ त ? के हामी ब्रेस्ट-लितोभ्स्कको अवस्था छौँ ? अथवा, त्यो भन्दा गतिलो अर्को तुलना पनि हुन सक्ला ? वास्तवमा हामीले क्रान्तिकारी प्रक्रियाको २५ वर्ष बिताइसकेका छौँ । बोलिभारियाली क्रान्तिका धेरै सङ्गठनात्मक उपलब्धिहरू उस्तै छन् । ब्रेस्ट-लितोभ्स्क सन्धिसँग जोडिहाल्नुपर्ने स्थिति होइन । बरु हामीले अर्कै ऐतिहासिक सन्दर्भहरू खोज्न आवश्यक छ । चीन र भियतनाम दुवैले विश्व बजार र विदेशी लगानीका लागि ढोका खोलेको प्रसङ्ग बढी सान्दर्भिक हुन सक्छ । लामो अवधिसम्म क्रान्तिलाई सुदृढ पारेपछि उनीहरूले विश्व बजार र विदेशी लगानी भित्र्याएका थिए ।

सन् १९७० को दशकमा चीनले सुधार र खुलापनको बाटो लियो । त्यसको एक दशकपछि भियतनामले नवीकरण प्रक्रिया अघि बढायो । ती निर्णय लिँदा धेरै विदेशी बुद्धिजीवीहरूले 'चिनियाँ र भियतनामी नेताहरूले क्रान्ति परित्याग गरे' भनेका थिए । क्रान्तिलाई पुनर्स्थापित गर्नका लागि फ्रान्सेली राज्य क्रान्तिमा जस्तो उथलपुथल हुने धेरैले दाबी पनि गरेका थिए । तर, ती सतही आलोचकलाई इतिहासले गलत साबित गर्‍यो । वास्तवमा नयाँ उपाय अपनाएर चीन र भियतनामले क्रान्तिलाई जोगाएका थिए । सर्वत्र साम्राज्यवादले क्रान्तिविरोधी नवउदारवादी नीति थोपरिरहेको बेला चीन र भियतनाम भने जोगिए ।

आज पुन: इतिहास दोहोरिने देखिन्छ । धेरै विदेशी पर्यवेक्षकहरूले भेनेजुयलाको किल्ला ढलेको बताउँदै छन्; अदूरदर्शिता र निराशा पोख्दै छन् । यसो भन्दै गर्दा उनीहरूले क्रान्तिले खडा गरेको साङ्गठनिक जगलाई ध्यान नदिएको देखिन्छ । जब कि त्यो जग एकदम सुदृढ छ । त्यसैले क्रान्तिकारी प्रक्रिया बन्द भएको छैन, बरु भविष्यमा त्यसका सम्भावनाहरू खुलेर आउनेछन् ।

सारमा साम्राज्यवादी देशका बुद्धिजीवीहरूले भेनेजुयलालाई ब्रेस्ट-लितोभ्स्क सन्धि गर्न चौबाटोमा पुगेको गाडीजस्तो देख्दै छन् । गाडी दायाँ-बायाँ, अघि-पछि जता पनि जान सक्छ भन्दै छन् । चौबाटोमा उभिएको ट्राफिक प्रहरीझैँ उनीहरू गाडीलाई नियालिरहेछन् ।

यस्ता पर्यवेक्षकहरूको एउटा गल्ती गर्छन् । क्रान्तिका २५ वर्षमा भेनेजुयलारूपी गाडी राजनीतिक र सामाजिक रूपमा पहिलेको भन्दा धेरै बदलिएको छ । त्यसको भित्री कार्यशैली बदलिएको छ । त्यसलाई नयाँ, उल्ट्याउन नसकिने तौरतरिकामा अभ्यस्त पारिएको छ । भेनेजुयलाको यो परिवर्तित सार-सत्यलाई बदल्न ठुलै प्रतिक्रान्तिकारी बल लगाउनुपर्ने हुन्छ । - यी यावत सत्यलाई पर्यवेक्षकहरूले देख्न सकिरहेका छैनन् ।

अड्कलबाजीमा उत्रिँदै गर्दा यी पर्यवेक्षकहरूले पुँजीवादी विचारकहरूकै कुरा भट्याइरहेका छन् । मानौँ, यो देशमा क्रान्ति नै भएको थिएन; मानौँ, त्यसकै फल भेनेजुयलाले भोग्दै छ ।

### महानगरको अन्तर्राष्ट्रवाद

हालका वर्षहरूमा साम्राज्यवादविरोधी बुद्धिजीवीहरूको नयाँ पुस्ता देखापरेको छ । यिनीहरू खासगरी अनलाइन सञ्जालहरूमा सक्रिय छन् । धेरै अर्थमा उनीहरूका गतिविधिलाई स्वागतयोग्य मान्नुपर्छ । सन् २००८ को आर्थिक मन्दीपछि उत्तरी गोलार्द्धका देशहरूमा धेरै समाजवादी पत्रपत्रिका देखापरे । तिनको एउटा साझा समस्या थियो । उनीहरूले साम्राज्यवादको कडा विरोध गर्न सकेनन् । प्यालेस्टिनमा अमेरिका र इजरायलले जातिसंहार मच्चाइरहँदा उनीहरूको कमजोरी झन् प्रस्ट भयो । आज अनलाइनमा सक्रिय नयाँ बुद्धिजीवीहरूले त्यो गल्ती सच्याएको प्रतीत हुन्छ ।

यो एकदम जरुरी थियो । साम्राज्यवादविरोधी नयाँ बुद्धिजीवीहरूले आजको मूल अन्तर्विरोध बुझेका छन् । अमेरिकी साम्राज्यवाद र उसले तखतमा राखेका देशहरूबिचको अन्तर्विरोध नै आजको मूल अन्तर्विरोध हो । अघिका बुद्धिजीवीहरूले साम्राज्यवादप्रति आँखा चिम्लेका थिए भने अहिलेका बुद्धिजीवीहरू साम्राज्यवादको खरो विरोधमा उत्रेका छन् । तर, उनीहरू बढी विश्वव्यापी छन् र तिनका जराहरू ठोस सङ्घर्षमा उति गाडिएका छैनन् । उनीहरूको सीमा स्वभाविक देखिन्छ । उनीहरू आफ्नो वर्गीय र भौतिक धरातलबाट माथि उठ्न सकेका छैनन् । उनीहरूले सजिलो हवाई यात्रा, सहुलियतपूर्ण पासपोर्ट, वित्तीय स्वतन्त्रता र काम गर्ने सहज परिवेश पाएका छन् । यसले गर्दा उनीहरूले संसारका धेरै देश वा क्षेत्रमा गएर विकासका कार्यमा पर्यवेक्षण गर्न, घुमघाम गर्न पाएका छन् ।

एकदम 'फुक्काफाल' बुद्धिजीवी पनि छन् र एकदम 'जैविक' बुद्धिजीवी पनि छन् । तर, धेरै बुद्धिजीवी पहिलो खालका छन् । निश्चय नै आज हामीलाई साम्राज्यवादको विरोधमा केन्द्रित क्रान्तिकारी अन्तर्राष्ट्रवादको आवश्यकता छ । तर, त्यसलाई ठोस क्रान्तिकारी सङ्घर्ष वा अभियानसँग जोडिएका 'जैविक' बुद्धिजीवीहरूले नेतृत्व गर्नुपर्छ । त्यस्तो क्रियाशीलता (प्राक्सिस, प्रतिबद्धता र आत्मालोचनाको परम्परा) बाट आएको बुद्धिजीवीले मात्र सैद्धान्तिक सङ्घर्ष वा सामाजिक परिकल्पनामा संलग्न हुने हैसियत राख्छ ।

अफ्रिकी क्रान्तिकारी अमिल्कार काब्रालले भनेका थिए, "खाना भाँडाभित्र पाक्छ, बाहिर पाक्दैन ।" अर्थात, क्रान्ति गर्न स्थानीय परिस्थिति र बाह्य अवस्था दुवैको गहिरो बुझाइ चाहिन्छ । यस्तो बुझाइ वा तल्लो तहसँगको जोडाइबेगर मध्यम वर्गले गर्ने कच्चो तुलनाले परस्पर र रचनात्मक सिकाइमा बाधा पुग्छ । भौतिक अवस्था र इतिहास नै नबुझी गर्ने यस्ता तुलनामा एकखाले नेता वा एकखाले सङ्घर्ष अर्कोभन्दा बढी जुझारु, पराक्रमी देखिन सक्लान् । त्यसैले कुनै पनि क्रान्तिकारी प्रक्रियालाई बुझ्न त्यसको समय र त्यसमा संलग्न पात्रहरूलाई बुझ्नुपर्छ; त्यो प्रक्रियालाई असर गर्ने स्थानीय परिस्थितिलाई पनि बुझ्नुपर्छ । यसरी हेर्दा हरेक क्रान्ति अरूभन्दा एकदम भिन्न हुन्छन् । त्यसैले सबै क्रान्तिलाई सम्मान गर्न जरुरी छ ।

क्रान्ति नायक ह्युगो चाभेजले पनि यसमा जोड दिनुभएको थियो । उहाँले आफ्नो अन्तर्राष्ट्रवादलाई सबैलाई एकै चस्माले हेर्ने 'महानगरवाद' मा पतन हुन दिनुभएन । इरान, इराक वा प्यालेस्टिनको प्रतिरोध सङ्घर्षमा सक्रिय व्यक्तिहरू आरामपूर्वक आआफ्नो देशमा बसेर अनेक आक्रोशपूर्ण टिप्पणी र निम्छरो तुलना गर्ने व्यक्तिजस्ता 'महानगरवादी' हुँदैनन् । किनभने, आफ्नो देशको मुक्ति सङ्घर्षमा होमिने ती व्यक्तिहरू आफ्नो मुख्य कामबारे स्पष्ट हुन्छन् । असल र कम-असल छुट्याउनु र कम-असलको आलोचना गर्नु मुख्य काम होइन । बरु, अमेरिकी साम्राज्यवादलाई परास्त गर्नु मुख्य काम हो ।

यसको लागि संसारका विभिन्न देश र त्यहाँका जनताका भिन्न स्थानीय अवस्था, सङ्घर्षको विधि र सामयिकीलाई सम्मान गर्नुपर्छ । साम्राज्यवादविरोधी आन्दोलनको निर्माण गर्न यति त गर्नैपर्छ । अनि यस्तो आन्दोलन नचलाई अन्तिम विजय सम्भव छैन ।

*(लेखक भेनेजुयलाको बोलिभारियाना विश्वविद्यालयमा राजनीतिशास्त्रका प्रोफेसर हुन् ।*
*स्रोत : एमआर अनलाइन । सम्यक)*

# इरानले अहिलेसम्म युद्ध नहार्नुको कारण तेल र ड्रोनमात्र होइन

**● आशुतोष वार्स्नें**

इरान युद्ध एक महिना पूरा भएको छ । युद्धको सुरुमा अमेरिका र इजरायलको संयुक्त सैन्य शक्तिको सामना गर्न इरान असमर्थ हुने ठानिएको थियो । दुई देशले हवाई शक्तिबाटै इरानलाई परास्त गर्ने केहीको विश्लेषण थियो । तर, त्यस्तो केही भएन । कम्तीमा एक महिनासम्म इरानले दुई श्रेष्ठ सैन्य शक्तिको सामना गरिरहेको छ । भलै इरानले युद्ध जितेको नहोला, तर उसले हारेको पनि छैन र सम्भवत: त्यस्तो अवस्था आउने पनि छैन ।



आखिर इरानको शक्तिको आधार के हो ? यसका मुख्यत: चार सम्भावित सबलता देखिन्छन् । चारमध्ये दुई पक्षको त व्यापक रूपमा छलफल भइरहेको छ, तर बाँकी दुई पक्षबारे त्यति बहस भएको छैन । तथापि, ती दुई पक्ष पनि विश्लेषणका लागि महत्त्वपूर्ण छन् । पहिलो कारण तेलको मूल्यमा भएको वृद्धि हो । अहिले बजारमा कच्चा तेलको मूल्य प्रतिब्यारेल १५० अमेरिकी डलरसम्म पुग्ने खतरा बढेको छ । इतिहासकै उच्च मूल्य प्रतिब्यारेल १४७.५० डलर पुगेको थियो, जुन मूल्य जुन २००८ मा पुगेको थियो । यदि मूल्य फेरि यति धेरै बढ्यो भने यसले विश्वव्यापी अर्थतन्त्रमा ठुलो प्रभाव पार्नेछ ।

मूल्यवृद्धिको प्राथमिक चालक यसपटक स्टेट अफ हर्मुजमा इरानले गरेको व्यावसायिक जहाजको अवरोध हो । विश्वको महत्त्वपूर्ण समुद्रीमार्गमा जहाज रोक्ने क्षमताले इरानलाई ठुलो लाभ दिएको छ । विश्वको तेल व्यापारको २० प्रतिशत र दक्षिण एसियाली शक्ति भारतको तेल आयातको लगभग आधा हर्मुजबाट बाहिरिनुपर्छ । विश्वको प्राकृतिक ग्यास निर्यातको लगभग २० प्रतिशत पनि यसै समुद्री मार्गबाट भएर गुज्रिनुपर्छ । अझ भारतको तरल प्राकृतिक ग्यास (एलएनजी) आयातको ६० प्रतिशत र तरल पेट्रोलियम ग्यास (एलपिजी) को लगभग ८५ देखि ९० प्रतिशत हिस्सा स्टेट अफ हर्मुजको जलडमरुबाट आउँछ ।

हर्मुजको प्रभाव एसियामा मात्र सीमित छैन । संयुक्त राज्य अमेरिका र पश्चिम युरोपका सवारीसाधन धनीलाई असर पर्न थालिसकेको छ । तेलको मूल्यले त्यहाँको घरायसी बजेटमा महत्त्वपूर्ण प्रभाव पार्ने गर्छ । अमेरिकामा केही महिनामै (नोभेम्बर) मध्यावधि चुनाव हुनेवाला छ । चुनावी समयमा कुनै पनि अमेरिकी सरकारलाई तेलको उच्च मूल्यले असर गर्ने गर्छ । बजारमा तेलको मूल्य धेरै बढ्न नदिन भनेर अमेरिकाले अहिले तेलको आपूर्ति बढाउन रुसी तेलमाथिको प्रतिबन्ध अस्थायी रूपमा हटाएको छ । अझ, विरोधाभासपूर्ण रूपमा इरानकै तेलमाथिको विगतको प्रतिबन्धमा केही राहत पनि दिएको छ ।

**ड्रोन अर्थात् 'कमजोरहरूको हतियार'**

इरानको शक्तिको अर्को शक्ति सस्तो हतियार हो । मैले पहिले पनि भनेजस्तै ड्रोनहरूले आधुनिक युद्धको प्रकृति नै परिवर्तन गरिदिएका छन् । रुस-युक्रेन युद्ध यस परिवर्तनको प्रमुख उदाहरण थियो । ड्रोनहरूको उच्च प्रयोग गरेर युक्रेनले विशाल रुसी सेनाको सामना गर्न सक्षम भयो र चार वर्षपछि पनि युक्रेनी फौज अपराजित छ । इरानले अहिले उस्तै शक्ति प्रदर्शन गरिरहेको छ ।

विकासको क्षेत्रमा प्रचलित एक विचारलाई युद्धमा समेत लागू गर्न सकिन्छ । त्यस विचारअनुसार ड्रोनहरू 'कमजोरहरूका हतियार' हुन् । कृषि क्षेत्रको गहिरो अध्ययनपछि येल विश्वविद्यालयका प्राध्यापक जेम्स स्कटले प्रस्ताव गरेको यो विचारअनुसार साना किसानले कहिलेकाहीँ ठुला जग्गाधनीको शक्तिलाई कमजोर पार्न सक्छन् । तिनीहरूले ठुलो मात्रामा खुला विरोधको सट्टा साना माध्यमबाट प्रतिरोध गरे । ठुला विरोध सजिलै पहिचान गर्न र दबाउन सकिन्थ्यो, तर साना विरोधलाई नियन्त्रण गर्न गाह्रो थियो ।

इरानले प्रयोग गर्ने एउटा ड्रोनको मूल्य लगभग १५ हजारदेखि ३० हजार अमेरिकी डलरसम्म पर्छ । यसको तुलनामा तिनीहरूलाई रोक्न सक्ने मिसाइलको मूल्य २० लाख डलरदेखि ४० लाख डलरसम्म पर्छ । विशाल आकारका कारणले मिसाइल उत्पादनका लागि ठुलो संरचना आवश्यक पर्छ, जुन सहजै दृश्यमा पर्न सक्छ र आक्रमणको निसानामा पर्छ । तर, ड्रोन उत्पादन सानो स्तरमै गर्न सकिने भएकाले तिनलाई सजिलैसँग सावधानीपूर्वक लुकाउन सकिन्छ । इरानले यसरी बनाएको ठुलो सङ्ख्याको ड्रोन प्रयोग गरेर खाडी देशलाई निसाना बनाइरहेको छ । खाडी देशमाथि आक्रमण बढ्यो भने ऊर्जाको मूल्य अझ बढ्नेछ । ड्रोनहरूले दुबईको सुरक्षित लगानीस्थलको छविलाई ध्वस्त बनाउन सक्छन्, जसले प्रवासीलाई स्वागत गर्दै, समाजिक समावेशीकरण तथा शान्तिको प्रवर्द्धन गर्दै, अरब संसारमा नयाँ बाटो बनाउँदै आएको छ । यही कारण पछिल्लो समय दुबई विश्वभरका लगानीकर्ता र व्यवसायीको केन्द्र बन्दै गएको थियो ।

इरान अझै पराजित नभएको तेस्रो कारण इस्लामिक क्रान्तिपछि स्थापित वर्तमान शासनको सङ्गठनात्मक संरचनासँग सम्बन्धित छ । सन् १९८० को दशकमा अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनका नजिकका सल्लाहकार राजनीतिक वैज्ञानिक जिन किर्कप्याट्रिकले तानाशाही र अधिनायकवादी शासनबिचको महत्त्वपूर्ण भिन्नता प्रस्तुत गरेका थिए । उनका अनुसार एक तानाशाही व्यवस्थाले केवल राजनीतिक जीवनलाई नियन्त्रण गर्छ, जबकि एक अधिनायकवादी व्यवस्थाले राजनीति र समाज दुवैलाई नियन्त्रण गर्छ । अर्थात्, अधिनायकवादी शासनले देशका नागरिकको जीवनको हरेक पक्षले जनाउने असहमतिलाई दबाउँछ । किर्कप्याट्रिकले त्यति बेलाको इजिप्ट र पाकिस्तानलाई तानाशाही व्यवस्थाको रूपमा चित्रित गरेका थिए भने क्युबा र सोभियत सङ्घजस्ता देशलाई सर्वसत्तावादी व्यवस्थाको उदाहरणका रूपमा उद्धृत गरे ।

इरानमा सन् १९७९ मा धार्मिक क्रान्ति भयो र त्यसबेलादेखि नै देश सर्वसत्तावादी शासनअन्तर्गत शासित छ । त्यसै बेलादेखि समाजलाई नियन्त्रण गर्न र असहमतिलाई दबाउन दुई प्रकारका संस्था सिर्जना गरिए, नागरिक र सैन्य संस्था । नागरिक संस्थालाई विश्वविद्यालयहरू, मस्जिदहरू र बजारहरूमा पुगेर सरकार समर्थक विचार फैलाउने काममा लगाइयो । सैन्य संस्थामा इस्लामिक रिभोलुस्नरी गार्डस् कोर्प्स (आइआरजिसी) समावेश छ, जसले सर्वोच्च नेतालाई सीधै रिपोर्ट गर्छ । यो नियमित सेनाबाट अलग छ र लगभग एक लाख पचास हजारदेखि एक लाख नब्बे हजार सैनिकहरू मिलेर बनेको छ ।

रिभोलुस्नरी गार्डस्को प्राथमिक कार्य इस्लामिक क्रान्तिबाट गठित सत्ताको रक्षा गर्नु हो । यसको सैन्य एकाइ देशका सबै प्रान्तदेखि सहरहरू फैलिएका छन् । यसबाहेक, आइआरजीसीको अर्धसैनिक एकाइ पनि छ, जसलाई बासिज भनिन्छ । पाँच लाखभन्दा बढी स्वयम्सेवक मिलेर बनेको बासिज खासमा शासनविरुद्ध उठ्ने विरोध र असहमतिलाई कडा दमनका लागि परिचित छ । धार्मिक व्यवस्थासँग जोडिएको यो प्रमुख क्रान्तिकारी सङ्गठनले दुई कुरा सुनिश्चित गर्ने प्रयास गरेको छ । पहिलो, यदि वर्तमान नेता मारिए भने नयाँ नेताद्वारा शासनको निरन्तरता सुनिश्चित गर्ने । दोस्रो, यदि सरकारविरुद्ध आन्दोलन उठ्यो भने तिनलाई दबाउने । यस युद्धको सुरुमै सर्वोच्च नेतालाई मारेर शासन परिवर्तन गर्ने प्रयास इरानको धेरै बलियो सङ्गठनात्मक संरचनाले गर्दा असफल भयो ।

**सहादतलाई उत्सवका रूपमा मनाउने समाज**

इरानले अझै हार नमान्नुको चौथो कारण इरानको आधिकारिक सिया धर्मको अद्वितीय चरित्रसँग सम्बन्धित छ । धार्मिक विद्वान् र विज्ञमाझ यो कुरा प्रख्यात छ कि सहिद अवधारणा सिया धर्मको आधारभूत अवधारणामा पर्छ । सिया धर्मका संस्थापक र पैगम्बर मोहम्मदका ज्वाइँ अली र उनका कान्छा छोरा हुसेन दुवै सहिद भए । करबलाको युद्धलाई सिया इतिहासको सबैभन्दा महत्त्वपूर्ण घटना मानिन्छ, जुन समुदायको सामूहिक स्मृतिमा गढेको मानिन्छ । सन् ६८० मा हुसेनलाई उमयाद खलिफा याजिदको ठुलो सेनाले घेरेर आक्रमण गरेको थियो । करबलामा हुसेनले आफ्ना धेरै नातेदार र साथीसँगसँगै सहादत स्वीकार गरे । तर, अन्यायी शासकप्रति बफादारीको शपथ लिन अस्वीकार गरे ।

सियाहरूका लागि महत्त्वपूर्ण मुहर्रम महिनामा ठुला जमघट र घरमा सुनाइने शोकपूर्ण श्लोकले सहिदको भावनाको सम्झना गराउँछन् । भारतभित्रको एउटा महत्त्वपूर्ण सिया सहर लखनऊमा मैले व्यक्तिगत रूपमा ठुला मण्डलीले यस्तो श्लोक वाचन गरेको देखेको छु । मुहर्रमको एक प्रमुख भाग हुसेनको मृत्युको दश दिने सार्वजनिक सम्झना हो । करबलाको युद्धलाई प्रत्येक वर्ष सार्वजनिक सहभागितामार्फत नाट्य रूप दिइन्छ, जसले यसलाई जीवित परम्परा बनाउँछ । यसकारणले गर्दा सहिदको भावना, वा एक सिया साथीले भनेझैँ 'जिद्दी मृत्युको महिमा गर्ने', लाखौँ सियाहरूको हृदयमा गहिरो रूपमा जरा गाडेको छ । यो ती व्यक्तिहरूमा पनि लागू हुन्छ, जो अब धार्मिक छैनन्, तर संस्कृतिको रूपमा सिया परम्परालाई त्याग्न गाह्रो महसुस गर्छन् । उदाहरणका लागि हिन्दी फिल्म हकिकत (१९६४) का लागि गीत लेखेका सिया परिवारमा जन्मेर पछि मार्क्सवादी बनेका भारतीय सिनेमाका एक प्रमुख कवि कैफी आजमीले भारत-चीन युद्धमा सहिद भएका सैनिकका लागि सिया इतिहासबाट प्रतीक उधारो लिएर लेखेका थिए, 'जिन्दा रहने के मौसम बहुत है मगर, जान देनेकी रुत रोज आती नही (बाँच्नका लागि मौसम त धेरै छन्, तर आफ्नो जीवन बलिदान गर्ने समय हरेक दिन आउँदैन) ।'

आजमीका कवितामा सिया प्रतीकहरू बारम्बार देखा पर्छन्, जुन प्राय: धर्मभन्दा बाहिरका उद्देश्यका लागि प्रयोग गरिन्छ । आजमीको उदाहरणले पनि व्यक्तिमा धर्म वा यो सन्दर्भमा सिया संस्कृति कति गहिरो रूपमा गाँसिएको छ भनेर देखाउँछ, भलै व्यक्तिको विश्वास परिवर्तन नै किन नहोस् । सिया विश्वासमा सहिदलाई दिइएको महत्त्वले यस युद्धलाई स्पष्ट रूपमा असर गरेको छ । सिया समाजमा सामान्यतया पीडा र पीडाका लागि उच्च सहिष्णुतालाई जोड दिइन्छ । नेताहरूको हत्या र भारी बम विस्फोट जतिसुकै तीव्र भए पनि सङ्घर्षले महत्त्व पाउँछ, हार र आत्मसमर्पणले होइन ।

युद्ध लामो र कठिन भए यसले ऊर्जाको मूल्यमा उल्लेखनीय वृद्धि, विश्व अर्थतन्त्रमा धक्का र खाडी देशहरू, विशेषगरी दुबई र युएईको विकास मोडेललाई हानि पुऱ्याउन सक्छ । त्यसैले, लामो समय युद्धको सम्भावना कम भएको मानिन्छ । तर, जे भए पनि इरान भेनेजुयला होइन भन्ने पुष्टि भएको छ ।

*- द प्रिन्टबाट*

*(लेखक ब्राउन विश्वविद्यालयमा राजनीतिशास्त्रका प्राध्यापक हुन् ।)*

# अमेरिकी जनतालाई इरानी राष्ट्रपति मसुद पेजेस्कियानको पत्र

*अल्लाहको नाममा, जो अत्यन्त दयालु र कृपालु हुनुहुन्छ !*

संयुक्त राज्य अमेरिकाका जनता र ती सबैका लागि, जसले विकृति र बनावटी कथाहरूको बाढीका बिचमा पनि सत्यको खोजी जारी राखेका छन् र अझ राम्रो जीवनको आकाङ्क्षा राख्छन्:

इरान, यही नाम, चरित्र र पहिचानका साथ- मानव इतिहासको सबैभन्दा पुरानो निरन्तर सभ्यताहरूमध्ये एक हो । विभिन्न समयमा आफ्ना ऐतिहासिक र भौगोलिक सुविधाहरूको बावजुद, इरानले आफ्नो आधुनिक इतिहासमा कहिल्यै पनि आक्रामकता, विस्तारवाद, उपनिवेशवाद वा प्रभुत्वको मार्ग रोजेको छैन । विश्वव्यापी शक्तिहरूबाट कब्जा, आक्रमण र निरन्तर दबाब सहेर पनि, र धेरै छिमेकीहरू भन्दा सैन्य श्रेष्ठता भए तापनि, इरानले कहिल्यै युद्धको सुरुवात गरेको छैन । तैपनि यसले आफूमाथि आक्रमण गर्नेहरूलाई दृढतापूर्वक र बहादुरीका साथ प्रतिकार गरेको छ ।

इरानी जनताले अमेरिका, युरोप वा छिमेकी देशका जनतालगायत अन्य राष्ट्रहरूप्रति कुनै शत्रुता राख्दैनन् । आफ्नो गौरवशाली इतिहासभरि बारम्बार विदेशी हस्तक्षेप र दबाबको सामना गर्नुपरे पनि इरानीहरूले सरकार र उनीहरूले शासन गर्ने जनताका बिचमा सधैँ स्पष्ट भिन्नता कायम राखेका छन् । यो इरानी संस्कृति र सामूहिक चेतनामा गहिरो रूपमा जरा गाडेको सिद्धान्त हो- कुनै अस्थायी राजनीतिक अडान होइन ।

यसै कारणले गर्दा, इरानलाई खतराको रूपमा चित्रण गर्नु न त ऐतिहासिक वास्तविकतासँग मेल खान्छ न त वर्तमान समयका अवलोकन गर्न सकिने तथ्यहरूसँग नै । यस्तो धारणा शक्तिशालीहरूको राजनीतिक र आर्थिक सनकको उपज हो- दबाबलाई न्यायोचित ठहऱ्याउन, सैन्य प्रभुत्व कायम राख्न, हतियार उद्योगलाई टिकाउन र रणनीतिक बजारहरू नियन्त्रण गर्नका लागि शत्रु खडा गर्ने आवश्यकताको परिणाम हो । यस्तो वातावरणमा, यदि खतरा अवस्थित छैन भने त्यसलाई आविष्कार गरिन्छ ।

यही ढाँचाभित्र, संयुक्त राज्य अमेरिकाले आफ्ना सबैभन्दा ठूलो सङ्ख्यामा सेना, आधार शिविर र सैन्य क्षमताहरू इरानको वरिपरि केन्द्रित गरेको छ- एउटा यस्तो देश जसले, कम्तीमा



संयुक्त राज्य अमेरिकाको स्थापना भएदेखि, कहिल्यै युद्ध सुरु गरेको छैन । यिनै आधार शिविरहरूबाट गरिएका हालैका अमेरिकी आक्रमणहरूले यस्तो सैन्य उपस्थिति वास्तवमै कति चुनौतीपूर्ण छ भन्ने प्रमाणित गरेका छन् । स्वाभाविक रूपमा, यस्तो परिस्थितिको सामना गरिरहेको कुनै पनि देशले आफ्नो रक्षात्मक क्षमता सुदृढ गर्न छोड्ने छैन । इरानले जे गरेको छ- र जे गर्न जारी राखेको छ- त्यो वैध आत्मरक्षामा आधारित एक नापीतौलिएको प्रतिक्रिया हो, र यो कुनै पनि हालतमा युद्ध वा आक्रामकताको सुरुवात होइन ।

इरान र संयुक्त राज्य अमेरिकाबिचको सम्बन्ध सुरुमा शत्रुतापूर्ण थिएन, र इरानी र अमेरिकी जनताबिचको प्रारम्भिक अन्तरक्रियाहरू शत्रुता वा तनावले भरिएका थिएनन् । तथापि, सन् १९५३ को 'कू' एक निर्णायक मोड थियो- जुन इरानको आफ्नै स्रोतसाधनको राष्ट्रियकरण रोक्ने उद्देश्यले गरिएको एक अवैध अमेरिकी हस्तक्षेप थियो । त्यस 'कू' ले इरानको लोकतान्त्रिक प्रक्रियालाई अवरुद्ध गऱ्यो, तानाशाहीलाई पुनर्स्थापित गऱ्यो, र अमेरिकी नीतिहरूप्रति इरानीहरूमा गहिरो अविश्वास पैदा गऱ्यो । यो अविश्वास शाहको शासनलाई अमेरिकाले दिएको समर्थन, १९८० को दशकको थोपरिएको युद्धमा सद्दाम हुसेनलाई गरेको सहयोग, आधुनिक इतिहासकै सबैभन्दा लामो र व्यापक प्रतिबन्धहरूको कार्यान्वयन र अन्तत: वार्ताको बिचमै इरानविरुद्ध दुई पटक गरिएको बिना उक्साहटको सैन्य आक्रामकताका साथ थप गहिरिँदै गयो ।

तैपनि यी सबै दबाबहरू इरानलाई कमजोर बनाउन असफल भएका छन् । यसको विपरित, देश धेरै क्षेत्रहरूमा बलियो भएको छ: साक्षरता दर तीन गुणा बढेको छ- इस्लामिक क्रान्तिभन्दा पहिलेको लगभग ३० प्रतिशतबाट आज ९० प्रतिशतभन्दा बढी पुगेको छ; उच्च शिक्षा नाटकीय रूपमा विस्तार भएको छ; आधुनिक प्रविधिमा महत्त्वपूर्ण उपलब्धिहरू हासिल भएका छन्; स्वास्थ्य सेवाहरूमा सुधार भएको छ; र पूर्वाधारको विकास विगतको तुलनामा अतुलनीय गति र स्तरमा भएको छ । यी मापनयोग्य, अवलोकन गर्न सकिने यथार्थहरू हुन् जुन बनावटी कथाहरूभन्दा स्वतन्त्र छन् ।

यसका साथै, सहनशील इरानी जनताको जीवनमा प्रतिबन्ध, युद्ध र आक्रामकताको विनाशकारी र अमानवीय प्रभावलाई कम आँकलन गरिनु हुँदैन । सैन्य आक्रामकताको निरन्तरता र हालैका बमबारीहरूले मानिसहरूको जीवन, दृष्टिकोण र परिप्रेक्ष्यलाई गहिरो रूपमा प्रभावित गर्दछ । यसले एउटा आधारभूत मानवीय सत्यलाई प्रतिबिम्बित गर्दछ: जब युद्धले जीवन, घर, सहर र भविष्यमा अपूरणीय क्षति पुऱ्याउँछ, तब मानिसहरू ती जिम्मेवार व्यक्तिहरूप्रति उदासीन रहने छैनन् ।

यसले एउटा आधारभूत प्रश्न खडा गर्छ: यो युद्धबाट वास्तवमा अमेरिकी जनताको कुन चाहिँ हित पूरा भइरहेको छ ? के यस्तो व्यवहारलाई न्यायोचित ठहऱ्याउन इरानबाट कुनै वस्तुपरक खतरा थियो ? के निर्दोष बालबालिकाको नरसंहार, क्यान्सर उपचार गर्ने औषधि सुविधाहरूको विनाश, वा कुनै देशलाई बमबारी गरेर 'ढुङ्गे युगमा' फर्काइदिने

***बाँकी पृष्ठ ८ मा***

# डकर्मी सङ्घ पुनर्गठन : डकर्मी, सिकर्मी आदि प्राविधिकहरूको डिग्री निर्धारण गर्न आग्रह



भक्तपुर । नेपाल क्रान्तिकारी डकर्मी सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा चैत १९ गते एक विशेष समारोहबिच सङ्घको १३ औँ भेला तथा छैटौँ पुनर्गठन कार्यक्रम भयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले गमलामा पुष्प विरुवा रोपी उक्त कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

सचिव सुवालले भन्नुभयो, "देश विकासको लागि प्राविधिकहरूको महत्त्व हुन्छ । डकर्मी, सिकर्मी, प्लम्बर, इलेक्ट्रिसियन, सूचिकारलगायत प्राविधिकहरूको शैक्षिक डिग्री निर्धारण हुनु जरुरी छ ।"

"नेपालमा औद्योगिक क्रान्तिपछि मजदुरहरूको जीवन पीडादायी थियो । बेलायती मजदुरहरूको मागपत्र आन्दोलनमा 'काम गरेर बाँचौं; लड्दा लड्दै मरौँ' नारा लगाइएको थियो", उहाँले उल्लेख गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीको एउटै स्वार्थ देश र जनताको निःस्वार्थ सेवा भएकोले नेमकिपा ३५ वर्षयता सरकारमा गएका दलहरूभन्दा फरक रहेको सचिव सुवालले स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "देश र जनताको हितमा नेमकिपाको त्याग, तपस्या र बलिदान नेपाली जनताले बिर्सने छैनन्; यो हाम्रो विश्वास हो । देश र जनताको हित चाहनेहरूले नेमकिपाको समर्थन गर्नेछन् ।"

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले संसारलाई बस्नको निम्ति घर निर्माण गर्नेहरू श्रमिक डकर्मीहरूको व्यावहारिक इन्जिनियर भएको विचार व्यक्त गर्नुभयो ।

आयोजक सङ्घका अध्यक्ष विष्णुराम दुमरूको सभापतित्वमा भएको सो कार्यक्रममा सिकर्मी सङ्घका अध्यक्ष विक्रम ढुकुछु र सङ्घका सचिव रमेश दुमरूले पनि बोल्नुभएको थियो ।

भेलाले सङ्घको भक्तपुर जिल्ला समिति पुनर्गठन गर्दै रमेश दुमरूको अध्यक्षतामा २१ सदस्यीय नयाँ समिति चयन गरेको छ ।

# कीर्तिपुरमा ३६ औँ सहिद दिवस : सहिदको सपना साकार पार्ने प्रतिबद्धता नबिर्सन आग्रह



काठमाडौँ । सहिद स्मृति व्यवस्थापन समिति कीर्तिपुरको आयोजनामा ३६ औँ सहिद दिवस चैत २० गते सम्पन्न भयो । ऐतिहासिक जनआन्दोलन २०४६ मा सहादत प्राप्त सहिद लनबहादुर महर्जन, राजमान मालि, हीराकाजी महर्जन र राजेन्द्र महर्जनको स्मृतिमा बिहान प्रभातफेरी कार्यक्रम भयो ।

कार्यक्रम सुरु हुनुभन्दा अगाडि व्यवस्थापन समितिका अध्यक्ष नारायण महर्जनले सहिद दिवस राज्य पक्षबाट झाराटार्ने ढङ्गले मनाउन नहुने उल्लेख गर्दै सहिद परिवारको जनजीविका सहजढङ्गले अगाडि बढाउन विशेष पहल गर्नुपर्ने बताउनुभयो ।

उहाँले २०४६ सालपछिका हरेक सरकारले सहिदको सपना साकार पार्ने प्रतिबद्धता व्यक्त गरे पनि सत्तामा पुगेपछि बिर्सेको बताउनुभयो ।

सहिदको सपना साकार पार्न राज्य सञ्चालकहरू इमानदार र दूरदर्शी हुनुपर्ने, जनताप्रति बफादार हुनुपर्ने बताउँदै उहाँले देश र जनताको हितविपरीत काम गर्नेलाई जनताले सजाय दिनुपर्ने बताउनुभयो ।

पुँजीवादी व्यवस्थामा जनताको हितमा काम नहुने उल्लेख गर्दै उहाँले आदर्श समाज निर्माण गर्न समाजवादी व्यवस्थाको लागि सचेत र सङ्गठित हुनुपर्छ भन्नुभयो ।

उहाँले स्पष्ट गर्नुभयो, "अन्यायको विरोधमा सङ्घर्ष गर्दा दमन गर्छ भने प्रतिरोध हुन्छ ।"

काठमाडौँ क्षेत्र नं. १० का सांसद प्रदीप विष्टले सहिदको सपना भ्रष्टाचारको अन्त्य र सुशासनले गर्ने भएकोले नयाँ सरकार त्यो पूरा गर्न प्रतिबद्ध रहेको बताउनुभयो ।

कीर्तिपुर नगरपालिकाका प्रमुख कृष्णमान डंगोलले सहिद दिवस मनाउनु सहिदको योगदानको कदर गर्नु हो भन्नुभयो ।

कार्यक्रममा समितिका सचिव विकास महर्जनले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा सहिद परिवार, विभिन्न व्यक्तित्व, व्यवस्थापन समिति र सङ्घ संस्थाबाट माल्यार्पण गरिएको थियो ।

एक मिनेट मौन धारण गरी सुरु भएको पदयात्रा कीर्तिपुर नगर परिक्रमा गरी नगाउँमा समापन भएको थियो ।

# कुन बाजाको प्रतियोगिता गरौँ ? भनपाद्वारा गुरुहरूसँग छलफल



भक्तपुर । भक्तपुर नगरपालिकाले चैत १९ गते सांस्कृतिक गुरुहरूको भेला गऱ्यो ।

नगरपालिकाको सभाकक्षमा भएको उक्त भेलामा नगर प्रमुख सुनिल प्रजापतिले जनताको सल्लाह, सुझावअनुसार भक्तपुर नगरपालिकाले हरेक वर्ष एक विधामा बाजा प्रतियोगिता आयोजना गरिरहेको बताउँदै जुनसुकै विधामा प्रतियोगिता गरे तापनि सोसँग सम्बन्धित विषयमा गुरुहरूसँग राय, सल्लाह र सुझाव लिने गरेको बताउनुभयो ।

भक्तपुर नगरलाई सफा र सुन्दर बनाउन सरसफाइमा विशेष ध्यान दिँदै संस्कृति जगेर्नाको कार्य गरिरहेको उल्लेख गर्दै उहाँले संस्कृतिकर्मीहरू समाजका सम्मानित व्यक्तित्त्व भएको बताउनुभयो । नगरको महत्त्वपूर्ण मौलिक अमूर्त सम्पदा सूचीकरणका लागि निरन्तर प्रयास भइरहेको बताउँदै उहाँले भक्तपुर नगरपालिकाले भक्तपुर नपाभित्रका अभौतिक सम्पदाहरू कसिमला पाँय्, कवांचा प्याखं, जुजु धौ, भादगाउँले कालो टोपी, रणजीत मल्लका पुराना दुई वटा गीतहरूको अमूर्त सांस्कृतिक सम्पदामा सूचीकृत गर्न नगरपालिका प्रयासरत छ भन्नुभयो ।

कार्यक्रममा वडाध्यक्षहरू रवीन्द्र ज्याख्व, राजकृष्ण गोराले पनि बोल्नुभएको थियो । वडाका सांस्कृतिक गुरुहरू विश्वनाथ प्रजापति, कृष्णकुमार सुवाल, विष्णुप्रसाद प्रजापति, ज्ञानेन्द्र सुवाल, कृष्णगोपाल त्वायना, लक्ष्मीभक्त सिजख्व, विष्णुबहादुर मानन्धरलगायतले दाफा भजन, लालाखिं, नायखिं बाजा, मालती बाजा, पोङ्गा बाजा प्रतियोगिता नभएकोले तीमध्ये एक वटाको प्रतियोगिता गर्न उपयुक्त हुने सुझाव दिनुभएको थियो ।

यसअघि भनपाको आयोजनामा बाँसुरी बाजा, धिमेय् बाजा, धाँ बाजा, पछिमाय् बाजा, प्रगतिशील भजनलगायतका बाजाहरूको प्रतियोगिता सम्पन्न भइसकेका छन् । आ.व. २०८२/८३ को लागि कुन बाजाको प्रतियोगिता गर्दा उचित हुने भन्ने उद्देश्यले बाजा गुरुहरूको भेला गरिएको हो ।

# बिस्काको शुभकामना : सार्वभौमसत्ताको रक्षामा नेमकिपा लागिरहने

भक्तपुर । नेपाल क्रान्तिकारी महिला सङ्घ भनपा वडा नं. ९ स्थित तुमचो दुगुरे चोखा एकाइ समितिको आयोजनामा चैत २० गते स्थानीय जनताको भेला गरी बिस्का जात्राको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।




कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य एवं भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले प्रतिनिधिसभा निर्वाचनमा मादल चिह्नमा मतदान गरेकोमा सबैलाई धन्यवाद ज्ञापन गर्दै नेमकिपा कामदार जनताकै माझमा जन्मे हुर्केको हुँदा जनताको समस्या समाधान गर्न तथा देशको सार्वभौमसत्ता रक्षाको आन्दोलनमा निरन्तर लागिरहने प्रस्ट पार्नुभयो ।

पार्टीबाट निर्वाचित भई भक्तपुर नगरपालिकामार्फत जनताको आर्थिक, सामाजिक र सांस्कृतिक स्तर उठाउन विभिन्न गतिविधिहरू गरिरहेको चर्चा गर्दै वडाध्यक्ष ज्याख्वले खानेपानीको समस्या समाधानमा क्रियाशील भइरहेको उल्लेख गर्नुभयो ।

पार्टी तुमचो दुगुरे एकाइ समितिका बीआर प्रजापतिले नयाँ पुस्तालाई समाजप्रति उत्तरदायी बनाउन तथा देशभक्त नयाँ पुस्ता तयार गर्न घरपरिवार, विद्यालय, कलेज, साथी सङ्गतिबाट नै असल संस्कार सिकाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका छोरीमैया सुजखुले नगरपालिकाले स्थानीय जनताको भावनाबमोजिम समय समयमा स्वास्थ्य उपचारसम्बन्धी शिविरहरू सञ्चालन भइरहेको अवगत गराउनुभयो ।

कार्यक्रममा महिला सङ्घका चन्द्रलक्ष्मी दुवाल र मनिता किजुले पनि बिस्का जात्राको सांस्कृतिक महत्त्वबारे चर्चा गर्दै विकृति र अपराधबाट टाढा रहन आग्रह गर्नुभयो ।

**अमेरिकी...**

फुर्ती लगाउनुले संयुक्त राज्य अमेरिकाको विश्वव्यापी प्रतिष्ठालाई थप क्षति पुऱ्याउनेबाहेक अरू कुनै उद्देश्य पूरा गर्दछ ?

इरानले वार्तालाई पछ्यायो, एउटा सम्झौतामा पुग्यो र आफ्ना सबै प्रतिबद्धताहरू पूरा गऱ्यो । त्यस सम्झौताबाट पछि हट्ने, टकराव तर्फ बढ्ने, र वार्ताको बिचमा दुई पटक आक्रामकताका कार्यहरू सुरु गर्ने निर्णयहरू अमेरिकी सरकारले गरेका विनाशकारी छनौटहरू थिए- जुन छनौटहरूले एउटा विदेशी आक्रमणकारीको भ्रमलाई मात्र सहयोग पुऱ्याए ।

इरानका ऊर्जा र औद्योगिक सुविधाहरू लगायतका महत्त्वपूर्ण पूर्वाधारहरूमाथि आक्रमण गर्नुले सीधा इरानी जनतालाई लक्षित गर्दछ । युद्ध अपराधको रूपमा स्थापित हुनुका साथै, यस्ता कार्यहरूले इरानको सिमानाभन्दा धेरै टाढासम्म फैलिने परिणामहरू निम्त्याउँछन् । तिनीहरूले अस्थिरता उत्पन्न गर्छन्, मानवीय र आर्थिक लागत बढाउँछन्, र तनावको चक्रलाई निरन्तरता दिँदै वर्षौंसम्म कायम रहने आक्रोशको बीउ रोप्छन् । यो शक्तिको प्रदर्शन होइन; यो रणनीतिक अलमल र दिगो समाधान प्राप्त गर्नमा रहेको अक्षमताको सङ्केत हो ।

के यो पनि सत्य होइन र कि अमेरिका इजरायली शासनद्वारा प्रभावित र परिचालित भई त्यसको प्रोक्सीको रूपमा यस आक्रामकतामा प्रवेश गरेको छ ? के यो साँचो होइन र कि इजरायलले इरानी खतराको हौवा खडा गरेर प्यालेस्टिनीहरूविरुद्धका आफ्ना अपराधहरूबाट विश्वको ध्यान अन्यत्र मोड्न खोजिरहेको छ ? के यो स्पष्ट छैन र कि इजरायलले अब अन्तिम अमेरिकी सिपाही र अन्तिम अमेरिकी करदाताको डलर रहुञ्जेल इरानसँग लड्ने लक्ष्य राखेको छ- आफ्ना भ्रमहरूको बोझ इरान, यो क्षेत्र र संयुक्त राज्य अमेरिकामाथि थोपर्दै अवैध स्वार्थहरू पूरा गर्न खोजिरहेको छ ?

**के आजको अमेरिकी सरकारका प्राथमिकताहरूमा 'पहिले अमेरिका' साँच्चै पर्दछ ?**

यस आक्रामकताको एक अभिन्न हिस्सा तपाईंहरूलाई गलत सूचनाको संयन्त्रभन्दा बाहिर हेर्न र यसको सट्टा इरान भ्रमण गरेका व्यक्तिहरूसँग कुरा गर्न म निमन्त्रणा गर्दछु । इरानमा शिक्षित भएका र अहिले विश्वका सबैभन्दा प्रतिष्ठित विश्वविद्यालयहरूमा अध्यापन तथा अनुसन्धान गर्ने, वा पश्चिमका सबैभन्दा उन्नत प्रविधि कम्पनीहरूमा योगदान दिने ती धेरै सफल इरानी आप्रवासीहरूलाई हेर्नुहोस् । के यी यथार्थहरू इरान र त्यहाँका जनताका बारेमा तपाईंहरूलाई सुनाइएका विकृतिहरूसँग मेल खान्छन् ?

आज विश्व एउटा दोबाटोमा उभिएको छ । टकरावको बाटोमा लागिरहनु पहिलेको तुलनामा अझ महँगो र निरर्थक छ । टकराव र संलग्नताबिचको छनौट वास्तविक र परिणाममुखी दुवै छ; यसको नतिजाले आउने पुस्ताको भविष्य निर्धारण गर्नेछ । आफ्नो हजारौँ वर्षको गौरवशाली इतिहासमा इरानले धेरै आक्रमणकारीहरूलाई पराजित गरेको छ । इतिहासमा उनीहरूका कलङ्कित नामहरू मात्र बाँकी छन्, जबकि इरान सहनशील, मर्यादित र गौरवान्वित भएर टिकिरहेको छ ।

*स्रोत : प्रेस टिभी*



**अन्ना लुइस स्ट्रङ्ग**

अन्ना लुइस स्ट्रङ्ग महिला पत्रकार हुन् । उनी पनि अमेरिकी नागरिक थिइन् । उनीले सोभियत सङ्घ र त्यसका विभिन्न गणराज्यहरूमा काम गरिन् । दोस्रो विश्वयुद्धताका अमेरिकाले जापानको नागासाकी र हिरोसिमामा अणु बम खसालेर लाखौं निर्दोष नागरिकको हत्या गरी पुस्तौं-पुस्ता मानवीय क्षति हुने अपराध गरेपछि संसारमा परमाणु युद्धको सन्त्रास फैलियो ।

त्यस्तो सङ्कटको समयमा अन्ना लुइस स्ट्रङ्ग चीनको विकट क्षेत्र येनानको गुफामा पुगी चिनियाँ जनताका महान् नेता अध्यक्ष माओ त्से-तुङसँग आणविक अस्त्रले सुसज्जित अमेरिकाले चीनको क्रान्तिलाई पराजित गर्न सक्नेबारे जिज्ञासा राखिन् ।

माओ त्से-तुङले त्यसबेला भन्नुभयो, "आणविक हतियार अवश्य पनि विनाशकारी हतियार हो तर त्यस्ता एक-दुई हतियारले युद्धको निर्णय गर्न सक्दैनन् । अणु बम साम्राज्यवादजस्तै कागजी बाघ हो, हेर्दा डरलाग्दो छ तर त्यसमाथि विजय पाउन नसकिने होइन ।" अमेरिकी साम्राज्यवाद र अणु बमबारे माओ त्से-तुङको त्यस व्याख्याबाट संसारले आशाको नयाँ प्रकाश प्राप्त गर्‍यो । समयले त्यो कुरा साबित गर्‍यो र चिनियाँ क्रान्ति सफल पनि भयो । अन्ना लुइस स्ट्रङ्गले धेरै वर्ष चीनमा बसेर काम गरिन् । तिनले 'पेकिङको चिठी' भन्ने रचना लेखिन् । त्यस्तै 'तिब्बतमा भू-दास उठ्दा' र 'चिनियाँ जनकम्युनको उत्थान' जस्ता कृति पनि लेखिन् । त्यसमध्ये 'लावसमा पैसा र हिंसा' भन्ने उनको रचना महत्त्वपूर्ण कृति हो ।

यसरी आतङ्कित संसारलाई आशाको नयाँ उज्यालो किरण तथा सन्देश दिएर आश्वस्त पार्ने क्षमता एकजना पत्रकारले राख्दछ । साँच्चै भनूँ भने एउटा ठूलो आधुनिक हात-हतियारको पल्टनलाई पत्रकारको एउटा समाचारले पराजित गर्छ । के त्यसले पत्रकारिताको महत्त्वलाई दर्साउँदैन र ?

त्यति मात्र कहाँ हो र ? हिन्द-चीन अर्थात् भियतनाम, लावस र कम्बोडिया तथा त्यहाँका जनता एवम् ती देशमा फ्रान्सेली उपनिवेशवादी थिचोमिचो, जापानी सैन्यवादको आक्रमण तथा पछिल्लो समयमा अमेरिकाको हस्तक्षेप र हमलाबारे संसारलाई साह्रै कम जानकारी थियो । तर, उल्ब्रिच भन्ने एक पत्रकारको 'मेकोङ्ग विद्रोह' नामक पुस्तकले संसारलाई ती देशहरूको आँधी-बेहरीको जानकारी दियो । पुस्तकको पछिल्लो भागमा उनले अमेरिकी आक्रमण, थिचोमिचो र हस्तक्षेपको बारेमा विस्तृत रिपोर्ट दिए । कम्बोडियाका राजा सिंहानुकसँगको कुराकानीबाट 'अमेरिकी केन्द्रीय गुप्तचर विभागसँग मेरो युद्ध' जस्ता पुस्तक तथा लावसका राजकुमारहरूले देशको स्वतन्त्रताबारे खेलेको भूमिका र भियतनामी क्रान्तिसम्बन्धी पुस्तकहरूले संसारभरिका पाठकहरूलाई नयाँ-नयाँ जानकारी दिए ।

वर्षौंसम्मको महाविद्यालय र विश्वविद्यालयको अध्ययनमा नसमेटिएका अनेक विषयबारे एकजना पत्रकारको एउटा रिपोर्ट वा पुस्तकले ठूलो जानकारी दिन्छ । यसरी एकजना पत्रकार एउटा ठूलो पल्टन र अत्याधुनिक हतियारभन्दा शक्तिशाली देखिन्छन् । दुईवटा विशाल देशहरूको सम्बन्ध जोड्न एकजना पत्रकारले ठूलो योगदान र प्राज्ञिक सहयोग पनि पुर्‍याउन सक्छ ।

# मार्गनिर्देशनबारे भाइबहिनीलाई चिठी-५

✍ हरिबहादुर श्रेष्ठ

**कानुन**

**प्यारा भाइबहिनीहरू,**

तिमीहरूले आफ्नो पत्रमा ऐन-कानुनको अध्ययन र त्यसको महत्त्वबारे पनि जानकारी चाहेका थियौ । तिमीहरूको यो जिज्ञासा स्वाभाविक हो । डाक्टरहरूले रोगीको रगत, दिसा, पिसाब र अन्य परीक्षणका रिपोर्ट हेरेर रोगको निदान गरेजस्तै देशको संविधान र ऐन-कानुन हेरेर त्यसका विज्ञहरूले देशको सामाजिक, आर्थिक, राजनीतिक र वर्गीय स्थिति बताउँछन् ।

देशको ऐन-कानुन त्यस देशको धर्म र परम्परामा आधारित हुन्छ । देशको धर्म र परम्परा, रीति-रिवाज र संस्कृति उत्पादनका साधन एवम् उत्पादन सम्बन्धले निर्धारित गर्छ । संसारका हरेक धर्म सुरुमा समाजमा देखापरेका अन्याय-अत्याचार र विसङ्गतिको विरोधमा सुधारको निम्ति विकास भएको एक प्रगतिशील आन्दोलनको रूपमा प्रादुर्भाव भएका हुन् । हिन्दु धर्ममा सबैको कल्याण र परोपकार, दीन-दु:खीको सेवाको कुरा उल्लेख छ भने दास युगमा देखापरेका अनेक विकृतिको विरोधमा हिंसा नगर्नू, चोरी नगर्नू, अर्काकी स्वास्नीमाथि आँखा नगाड्नू र कसैको चित्त नदुखाउनू भनी महावीर वर्धमानको जैन र बुद्ध धर्मको विकास भएको थियो । त्यस्तै, इस्लाम धर्ममा ब्याज लिनुलाई समेत पाप भनिएको छ र इसाइ धर्ममा पनि दया, माया र परोपकारको कुरा उल्लेख छ । तर, पछि सत्तामा बस्ने वर्ग वा शासकहरूले धर्मको नाममा अन्याय, अत्याचार र शोषण गर्न लागे ।

निजी सम्पत्तिको विकास हुँदै गएपछि दास, पशु र भूमिमा स्वामित्वजस्ता थरीथरीका सम्पत्ति र विविध प्रकारका ऐन-कानुन बन्दै गए । व्यापार र उद्योगधन्दाको विकास हुँदै गएपछि सोअनुसारको ऐन-कानुन पनि बन्दै गयो । पुँजीवादको विकास हुँदै गएपछि घर र जग्गाको मात्रै होइन व्यापार, उद्योग, ऋण, ब्याज, ठेक्कापट्टा, सेवा-उद्योग, मिसावट, तस्करी, कर छली, मूर्ति चोरी, जिउ मास्ने कसुर, ठगी, नाप-तौलको समेत ऐन-कानुन र मुद्दा-मामिला देखिन थाले ।

त्यस्तै, संविधानमा राजाको अधिकार बढ्ता हुनुले समाजमा सामन्त वर्ग शक्तिशाली भएको देखाउँछ भने संवैधानिक राजतन्त्रको बन्दोवस्तले सामन्त वर्ग र पुँजीपति वर्गको मेल भयो भन्ने देखाउँछ । गणतन्त्रको बन्दोवस्तले समाजमा सामन्त, राजा-महाराजा र जमिनदारहरूको भन्दा उद्योगपति, व्यापारी, बैङ्कपति, साहु-महाजन तथा कालीगढहरूको शक्ति बढ्दै गएको देखाउँछ । यसरी ऐन-कानुन र संविधानले देशको सामाजिक, आर्थिक र राजनीतिक स्थिति प्रस्ट पार्छ । नयाँ प्रजातन्त्रको संविधानले देशमा मजदुर, किसान र राष्ट्रिय पुँजीपति वर्गको मेलमा राज्य व्यवस्था टिकेको बताउँछ । संविधान र ऐन-कानुनमा निजी उद्योग-धन्दाको अभाव, सामूहिक स्वामित्व र राजकीय स्वामित्वको प्राथमिकता एवम् प्रभुत्व, काम-मामको प्रत्याभूति, व्यक्तित्व विकासमा समान अवसर, योग्यताअनुसारको काम र कामअनुसारको ज्याला, शोषणको विरोधको अधिकारजस्ता कुरा उल्लेख छ भने त्यसले त्यो समाज समाजवादी व्यवस्थाको हो र त्यहाँको शासनमा कामदार वर्गको हुकुम रहेको हुन्छ भन्ने प्रस्ट बताउँछ ।

यस व्याख्याले ऐन-कानुन र संविधान भनेको समाज र राज्य व्यवस्थाकै ढुकढुकी नाप्ने यन्त्र भनेमा फरक पर्दैन । साथै, देश कुन दिशातिर गइरहेको छ वा देशलाई पुँजीवाद वा समाजवाद कतातिर लैजाने हो भन्ने कुरा संविधान र ऐन-कानुनको बन्दोवस्तले नै थाहा दिन्छ । यस्तो महत्त्वपूर्ण विषयमा ज्ञान हुनु वा अध्ययन गर्नु आवश्यक छ भन्ने कुरामा कसैको दुईमत नहोला !


भाइबहिनीहरूले सोधौला, "व्यावहारिकरूपले ऐन-कानुनको जानकारीले वा वकिल वा कानुन व्यवसायी भएर साधारण जनताको कसरी सेवा गर्न सकिन्छ ?"

देशमा बहुमत जनता निरक्षर भएको हुँदा तथा अत्यन्त बहुमत जनता कानुनी शिक्षाबाट वञ्चित भएको हुँदा सोझा-सिधा जनता जाली-फटाहाहरूबाट कानुनी ढङ्गले सताइएका र ठगिएका हुन्छन् । कारागारका साधारण बन्दीहरूको सूक्ष्म ढङ्गको अध्ययनबाट पनि बहुमत बन्दीहरू कानुनको पटक्कै ज्ञान नभएर फसेका र फसाइएका देखिन्छन् वा मुद्दाअनुसार हुनुपर्ने सजायभन्दा बढी सजाय भोगिरहेका हुन्छन् वा निर्दोष व्यक्तिहरूले सजाय भोगिरहेका हुन्छन् ।

रिसइबी र जालीफटाहाहरूको जालझेलले लास बेपत्ता पारेको नाममा कारागारमा सजाय भोगिरहेका व्यक्तिलाई लास बेपत्ता भएका भनिएका व्यक्ति स्वयम् भेट्न गएको देखिनुले मुद्दा र फैसला दुवै व्यावहारिक नभएको देखाउँछ । अर्काको धन-सम्पत्ति वा जहान-परिवारमाथि आँखा लगाउनेले झूटो ज्यान मुद्दामा फसाउँदा निर्दोष व्यक्तिले सजाय भोगिरहेको हुन्छ तर त्यसरी झूटो मुद्दा हाल्ने लोभी र अपराधी भने समाजमा ठालु भइटोपलेको हुन्छ ।

यस्तो अवस्थामा एक कानुन व्यवसायीले के-कसरी जनताको सेवा गर्न सक्छ भन्ने प्रश्न पनि तिमीहरूले गर्नेछौं । एक-दुईवटा थप उदाहरण दिएमा तिमीहरूलाई बढी प्रस्ट हुनेछ ।

साहित्य समाजकै ऐना हुन्छ भन्ने तिमीहरूलाई थाहै छ । 'भेनिसको महाजन' भन्ने शेक्सपियरको एउटा नाटक छ । त्यसमा साइलक भन्ने एकजना निर्दयी महाजन थियो । सामानको नयाँ खेप र नाफाको निम्ति व्यापारी एन्टोनियोले ऊसँग ऋण माग्छ । म्यादभित्र साँवा-ब्याज तिर्न नसकेमा शरीरबाट एक पाउ मासु काट्न सक्ने सर्त त्यस साइलकले राख्छ । ऋणी एन्टोनियोले सर्त मान्छ र संयोगले उसको जहाज दुर्घटना भई भाकाभित्र ऋण तिर्न नसक्दा उसको शरीरबाट एक पाउन्ड मासु काट्ने स्थिति तयार हुन्छ । त्यस्तो अप्ठेरो स्थितिमा ऋणीको कानुनको जानकार साथीले उसको पक्षमा अदालतमा बोल्छ - ठीक छ, साइलकले एक पाउन्ड मासु काट्न सक्छ । तर, कागजमा एक पाउन्डभन्दा बढी-घटी र रगतको उल्लेख नभएको हुँदा एक थोपा रगत आउन नहुने र मासु काट्दा एक पाउन्डभन्दा अलिकति पनि घटी-बढी हुन नहुने जिकिर गर्छु । सर्तअनुसार मासु काट्ने हो भने तौलमा तलमाथि हुने र रगत आउने हुँदा साइलक जिल्लिन्छ र ऋण लिनेको जित हुन्छ । यसरी ऋणीको ज्यान जोगिन्छ ।




अर्को उदाहरण, भोलि दिउँसो १२ बजे आफ्नो छोरालाई फाँसी दिने अदालतको निर्णय सुनेर ब्याकुल आमा-बाबु एक कानुन व्यवसायीकहाँ पुग्छन् । फैसला हेरेर वकिलले सहयोग गर्ने र छोराको ज्यान बचाउने कोसिस गर्ने आश्वासन दिन्छ । भोलिपल्ट बिहान १० बजिसक्दा पनि वकिलमा मुद्दाबारे कुनै चासो, चिन्ता र हतार नदेख्दा आमा-बाबुमा रुवाबासी चल्छ । तर, वकिलले फाँसी दिने ठाउँमा फाँसीमा लट्काउनुभन्दा ५ मिनेट अगाडि फैसला हेरेर आपत्ति जनाउँदै फैसलामा 'झुन्ड्याउनू' भन्ने मात्र छ तर ज्यान गयो भने को जिम्मेवार हुने भनी चेतावनी दिन्छ ।

त्यहाँ खैलाबैला मच्चिन्छ अलमल हुन्छ, १०-१५ मिनेट दौडधूप चल्छ । त्यसैबेला वकिलले फेरि आपत्ति जनाउँदै भन्छ - फैसलामा 'ठीक १२ बजे झुन्ड्याउने' निर्णय छ तर अहिले १२ बजेर १५ मिनेट गयो, अब झुन्ड्याउन पाइँदैन ।

यसरी युवकको ज्यान बच्छ । त्यसैबेलादेखि फैसलामा 'झुन्ड्याएर मार्नू' भन्ने निर्णय सुनाउन थालियो वा 'गोली हानेर मार्नू' भन्ने निर्णय हुन थाल्यो ।

त्यस्तै, एउटा उजुरीमा अभियुक्तले उनको दायाँ हातले मारिने व्यक्तिको बायाँ हात समात्यो, उनको बायाँ हातले मर्नेको दायाँ हात समात्यो र अर्को हातले छुरा हानेर मार्‍यो भन्ने झूटा मुद्दाको आधारमा कारागारमा ज्यान मुद्दा खेप्दै थिए । राजनीतिक आन्दोलनको सिलसिलामा एकजना कानुन व्यवसायी जेल पर्‍यो, निर्दोष अभियुक्तको कागजात हेर्‍यो र राजनीतिक आन्दोलन टुङ्ग्याई जेलमुक्त भएपछि वकिलले अदालतमा जिकिर गर्‍यो, "श्रीमान्, मानिसको दुइटा हात हुन्छ र 'भगवान् विष्णु' को चार हात हुन्छ, सबैलाई थाहा छ । मेरो पक्षमाथि आरोप छ, उनको दायाँ हातले मृतकको बायाँ हात समात्यो, उनको बायाँ हातले मृतकको दायाँ हात समात्यो र अर्को हातले छुरा हानेर मार्‍यो । तर श्रीमान्, मेरो पक्ष विष्णु भगवान् होइनन्, उनी निर्दोष व्यक्ति हुन् । उनको २ वटा मात्रै हात छ ।"

सम्पत्ति खाने उद्देश्यले लगाइएको उक्त झूटो मुद्दामा निर्दोष व्यक्तिले मुक्ति पाए । यसरी ऐन-कानुन थाहा नपाएका साधारण वा निर्दोष व्यक्तिहरूलाई कानुन व्यवसायीले सेवा पुर्‍याउन सक्छन्, जसरी चिकित्सकले रोगीको ज्यान जोगाउन सक्छ ।

तिमीहरूले फेरि प्रश्न गरौला, "के संसारमा कानुन अध्ययन गरेका ठूल्ठूला र असल व्यक्तिहरू पनि छन् ? २-४ जनाको नाम थाहा पाउन सके हुन्थ्यो ।"

त्यसो त तिमीहरूलाई थाहै होला - संरा अमेरिकी राष्ट्रपतिहरूमध्ये झन्डै आधा कानुनका विद्यार्थी थिए भने आधा सेनाबाट आएका थिए । त्यस्तै, भारतका महात्मा गान्धी, सुभाषचन्द्र बोस, जवाहरलाल नेहरू र झन्डै २० वर्षसम्म पश्चिम बङ्गालको वामपन्थी सरकारका मुख्यमन्त्री भएका ज्योति बसु कानुनका विद्यार्थी थिए । कानुनका विद्यार्थीहरू राजनीतिमा गए वा व्यवस्थापिकामा पुगे दोहोरो अर्थ नलाग्ने, छिद्रहरू नभएका, प्रस्ट र समस्या समाधान हुने खालका विधेयक तथा ऐन-कानुन बन्नेछन्; देशको निम्ति उपयुक्त र राम्रो संविधान निर्माणमा महात्मा गान्धी, सुभाषचन्द्र बोस र जवाहरलाल नेहरू सहयोग पुग्नेछ । कानुनका राम्रा-राम्रा प्राध्यापकहरू भएमा कानुनका प्रतिभाशाली विद्यार्थीहरू उत्पादन हुनेछन् । प्रशासनमा कानुनका विद्यार्थी भए जनतामाथि कानुनविपरीतका काम कम हुने आशा गरिन्छ । भाइबहिनीहरूले सुनेकै हौला - संरा अमेरिकाको संविधान २०० वर्षपछि पनि साह्रै कम संशोधन भएको र संसारको एक नमुना संविधान मानिन्छ । त्यस संविधानका निर्माताहरूमा आधाभन्दा बढी कानुन-व्यवसायी र ज्ञाताहरू थिए । समाज छिटोछिटो परिवर्तन भइरहेकोले निर्माण कार्य, व्यापार, उद्योग, खाद्यान्न, खाद्यवस्तु, स्वास्थ्य वा चिकित्सा आदि क्षेत्रमा पनि अनेक मुद्दा-मामिलाको सम्भावना बढ्दै जाने हुँदा हरेक विषयमा ऐन-कानुनका ज्ञाताहरूको खाँचो बढ्दै जानेछ । त्यतिमात्रै होइन डाक्टर, इन्जिनियर र अन्य विषयका विशेषज्ञसमेत कानुनको कक्षामा सामेल हुनुपर्ने परिस्थिति बढ्दै जानेछ ।

विदेशसँगको सम्बन्ध विकास गर्न तथा आफ्नो देश र जनताको हितलाई सुनिश्चित गर्न आफ्नो एवम् सम्बन्धित मित्र देशहरूका संविधान र ऐन-कानुन तथा अन्तर्राष्ट्रिय ऐन-नियम, सन्धि-सम्झौताहरूका समेत जानकार हुनु आवश्यक छ । त्यसो त पहिले राजदूतलाई समेत 'वकिल' भनिन्थ्यो । सीमा विवाद, नदी-नालाको पानीको उपयोग, सीमामा बन्ने बाँधहरू तथा साझा नदीहरूबाट उत्पादन हुने विद्युत्, सिँचाइको पानी वा पानीका अन्य उपयोगबारे सीमा जोडिएका र एक देशबाट अर्को देशमा बग्ने नदी-नालाबारे बरोबर विवादहरू भइरहन्छन् ।

सोभियत सङ्घ र समाजवादी चीनकै बिचमा उत्तर-पूर्वको उसुरी नदी र चेन्पाओ टापुको निम्ति सशस्त्र सङ्घर्षसमेत भयो । त्यस्तै, भारत र बङ्गलादेशबिच गङ्गा नदीको पानीको उपयोगबारे मात्र होइन; भारतकै नर्मदा, कृष्णा र काभेरी नदीको पानीको उपयोगमा भारतकै प्रान्तहरूबिच विवाद हुने गर्छ । भारतसँग कोशी र गण्डक नदीको सम्झौतामा नेपाल ठगिएको छ वा अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूसँग दाँज्दा असमान सन्धिहरू भएका छन् ।

टनकपुर सन्धिमा पनि नेपालको पानी र भूमिको हक मिचिएको छ । देशका 'राष्ट्रिय' पुँजीवादी पार्टीहरूले आँखा चिम्लेर भारतसँग महाकाली सन्धि गरेर नेपालको लिम्पियाधुरा र कालापानीको हजारौं हेक्टर जग्गा अनिर्णयको स्थितिमा पुर्‍याए । भारतले नेपालसँग सहमति नलिई लक्ष्मणपुर, रसियावाल-खुर्दलोटन, कोइलाबास लगायतका बाँधहरू बनाउन हुने थिएन । भारतले अनेक अन्तर्राष्ट्रिय सन्धि-सम्झौता र ऐन-कानुन मिचेर काम गर्‍यो, गर्दै छ । तर, सरकारमा बस्ने मन्त्रीहरू खास गरेर सीमा, जलस्रोत र परराष्ट्र मन्त्रालयका जिम्मेवार व्यक्तिहरू कानुनका विद्यार्थी नहुनाले वा देशभक्त नहुँदा नेपालले आफ्नो भूमि र अधिकार गुमाउँदै छ ।

जीवनको हरेक क्षेत्रमा ऐन-कानुनको महत्त्व बढ्दै गएको हुँदा कानुनका विद्यार्थी र ज्ञाताहरूको आवश्यकता पनि बढ्दै जानेबारे कुनै शङ्का छैन ।

**क्रमश:**

# इरानद्वारा अमेरिकी युद्धविराम प्रस्ताव अस्वीकार, आक्रमण जारी



तेहरान (सिन्ह्वा) । इरानले अमेरिकाको प्रस्तावित ४८ घण्टे युद्धविराम अस्वीकार गरेको सरकारी समाचार एजेन्सी फार्सले जनाएको छ । फार्सका अनुसार, अमेरिकाको यो प्रस्ताव इरानलाई चैत २१ गते एक 'मैत्रीपूर्ण' देशमार्फत पठाइएको थियो ।

स्रोतहरूले जनाएअनुसार, वाशिङटनले युद्धविराम सुनिश्चित गर्न कूटनीतिक प्रयास तीव्र बनाएको छ । यो कदम विशेषगरी कुवेतको बुबियान टापुमा इरानले लक्षित गरेको अमेरिकी सैन्य गोदाममा आक्रमण गरेको घटनापछि आएको हो । उक्त घटनाले अमेरिकाको सैन्य गतिविधिमा चुनौती सिर्जना गरेको थियो ।

फार्सले मूल्याङ्कनअनुसार, प्रस्ताव अमेरिकी-इजरायली आक्रमण र क्षेत्रीय सङ्कटको तीव्रतासँग सम्बन्धित थियो । अमेरिकाले इरानको सैन्य क्षमताको गलत अनुमान गर्दा अमेरिकी सेनाका लागि गम्भीर समस्याहरू सिर्जना भएका थिए ।

इरानले यस प्रस्तावको लिखित जवाफ दिएको छैन । तर युद्धभूमिमा आक्रमण निरन्तर जारी राखेर आफ्नो अस्वीकृति स्पष्ट पारेको छ । यसले इरानको सशक्त र निर्णायक सैन्य प्रतिक्रिया देखाउँछ ।

पृष्ठभूमि : फेब्रुअरी २८ मा इजरायल र अमेरिकाले संयुक्त रूपमा तेहरान र अन्य प्रमुख इरानी शहरहरूमा आक्रमण गरेका थिए । यस आक्रमणमा तत्कालीन इरानी सर्वोच्च नेता अली खामेनेईसहित वरिष्ठ सैन्य कमाण्डर र केही नागरिकको मृत्यु भएको थियो । त्यसपछि इरानले इजरायल र मध्यपूर्वमा अमेरिकी सम्पत्तिलाई लक्षित गर्दै मिसाइल तथा ड्रोन आक्रमणको लहर सुरु गरेको थियो ।

### इरान- इजरायल युद्ध चर्किंदै, अमेरिका प्रभावित

अमेरिका र इजरायलले फेब्रुअरी २८ देखि इरानमाथि संयुक्त रूपमा ठूला सैन्य आक्रमण सुरु गरेपछि मध्यपूर्व क्षेत्रमा युद्धको अवस्था झन् गम्भीर र जटिल बन्दै गएको छ । यस सङ्घर्षका



क्रममा निरन्तर हवाई आक्रमण, प्रतिआक्रमण र सैन्य गतिविधि बढ्दै गइरहेका छन्, जसले क्षेत्रीय सुरक्षा अवस्था कमजोर बनाएको छ । पेन्टागनले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार अप्रिल ३ सम्म आइपुग्दा कुल ३६५ अमेरिकी सैनिक घाइते भएका छन्, जसले युद्धको तीव्रता र यसको असर स्पष्ट रूपमा देखाउँछ । त्यसैगरी ६३ जना नौसेनाका, १९ जना समुद्री सुरक्षा बलका र ३६ जना वायुसेनाका सदस्य घाइते भएका छन्, जसले युद्ध विभिन्न सैन्य क्षेत्रमा फैलिएको देखाउँछ ।

यसैबिच, मृत्यु हुने अमेरिकी सैनिकको सङ्ख्या १३ पुगेको पुष्टि गरिएको छ । तीमध्ये ७ जना प्रत्यक्ष शत्रुतापूर्ण कारबाहीका क्रममा मारिएका हुन्, जुन युद्धको अग्रपङ्क्तिमा भएको भिडन्तको परिणाम मानिन्छ । साथै, इरानले कुवेतमा गरेको आक्रमणका कारण ६ जना सैनिकको ज्यान गएको छ, जसले युद्धको प्रभाव अन्य देशसम्म फैलिएको देखाउँछ । अर्को एक सैनिक साउदी अरेबियामा घाइते भएपछि पछि मृत्यु भएको जानकारी पनि दिइएको छ । यी घटनाहरूले युद्ध केवल एक देशभित्र सीमित नभई क्षेत्रीय स्तरमा फैलिँदै गएको सङ्केत गर्छन् ।

समग्रमा, यो युद्धले मानवीय, सैन्य र भूराजनीतिक रूपमा ठूलो प्रभाव पारिरहेको छ र आगामी दिनहरूमा यसको अवस्था अझै जटिल हुन सक्ने अनुमान गरिएको छ ।

### इरान-अमेरिका युद्धः दुई अमेरिकी विमान नष्ट, चालक बेपत्ता

इरानले चैत २१ गते मध्यपूर्वमा दुई अमेरिकी सैनिक विमान नष्ट गरेको छ । यस घटनामा एक चालक उद्धार गरिएको छ भने कम्तीमा अर्को अझै हराइरहेको छ । यो घटना युद्धको क्रममा पहिलोपटक अमेरिकी विमान नष्ट भएको क्षणको रूपमा लिइएको छ ।

पहिलो विमान इरानभित्र नष्ट भएको थियो । उद्धार गरिएको चालकको जीवन सुरक्षित छ, तर हराइरहेको अर्को चालकको खोजीका लागि अमेरिकी सेनाले व्यापक उद्धार अभियान सुरु गरेको छ । विवरणअनुसार, इरानी सुरक्षा बलले फारसको खाडीमा अर्को अमेरिकी युद्धक विमानलाई प्रहार गरेको छ र त्यस विमान पनि दुर्घटनाग्रस्त भएको बताइएको छ । यी घटनाहरूको कारण मध्यपूर्वमा तनाव थप बढेको छ । इरानले क्षेत्रका विभिन्न लक्ष्यमा प्रहार जारी राखेको छ, जसले इजरायल र खाडीका छिमेकी देशहरूमा दबाब कायम राखेको छ ।

अमेरिकी अधिकारीहरूले घटनास्थल र हराइरहेको चालकको स्थिति पूर्ण रूपमा थाहा पाउन अझै समय लाग्ने जनाएका छन् । यसबिच अमेरिकी र इरानी सैन्य गतिविधिहरू बढ्दै गएपछि क्षेत्रीय सुरक्षा र अन्तर्राष्ट्रिय सम्बन्धहरूमा थप अनिश्चितता उत्पन्न भएको छ ।

# राष्ट्रिय मान्यता प्राप्त दललाई सरकारी अनुदान दिनु अनुचित

राष्ट्रिय स्वतन्त्र पार्टीले निर्वाचनको वाचापत्रमा 'राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलहरूलाई जनमतका आधारमा सार्वजनिक कोषबाट वार्षिक अनुदान दिने व्यवस्था गर्ने उल्लेख गरेको छ । त्यसको लागि सो पार्टीले राजनीतिक दलसम्बन्धी ऐन, प्रतिनिधिसभा निर्वाचन ऐन तथा अन्य आवश्यक कानुन संशोधन गर्ने वाचा गरेको थियो । देशको राज्यकोष सीधा राजनीतिक दललाई पृष्ठपोषण गर्ने यो रास्वपाको वाचा हो । देशको अर्थतन्त्र खस्किरहेको बेला, देश ऋणमा डुबिरहेको बेला जनतासँग उठाइएको कर पार्टीलाई अनुदान दिएर पार्टी सञ्चालन गर्ने रास्वपाको विचार देश र जनताप्रति समर्पित नभएको थाहा हुन्छ । दललाई वार्षिक अनुदान दिने वाचा गरेको रास्वपाले देश विदेशका घटना र सरकारको खबर जनताको घर आँगनमा पुऱ्याएर सुसूचित गर्दै आएको पत्रिकालाई सरकारको सूचना छापेबापत दिँदै आएको विज्ञापन रोक्ने सरकारी निर्णय कसरी सही हुन्छ ?

सरकारले सबै प्रकारका विज्ञापन तथा सूचना सरकारी सञ्चारमाध्यमबाट मात्र प्रकाशन तथा प्रसारण गर्न तीनै तहका सरकारी निकायलाई निर्देशन दिएको खबर प्रकाशमा आयो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले चैत १८ गते सचिवस्तरीय निर्णय गर्दै सङ्घ प्रदेश र स्थानीय तहका सबै निकायलाई परिपत्र गरिसकेको जनाएको छ । उक्त निर्णयअनुसार सरकारी सूचना गोरखापत्र, नेपाल टेलिभिजन, रेडियो नेपालजस्ता सरकारी स्वामित्वका सञ्चारमाध्यमबाट मात्रै प्रकाशन तथा प्रसारण गरिनेछ । सरकारको यो निर्णयबाट निजी सञ्चारमाध्यम बन्द भई श्रमजीवी पत्रकारको रोजीरोटी खोसिने स्थिति सिर्जना हुनेछ । यो एक प्रकारको निजी सञ्चार क्षेत्रमा गरिएको सरकारी आर्थिक नाकाबन्दी हो । यो निषेधको राजनीति हो । यो हाल सञ्चालनमा रहेको सञ्चार क्षेत्र बन्द गर्ने या ताल्चा मार्ने कुचाल हो ।

सरकारद्वारा वर्गीकृत पत्रिकाले सरकारी विज्ञापन छापेबापत आर्थिक सहयोग पाउँदै आएको छ । सञ्चार क्षेत्रबाट विरोधको स्वर नसल्किँदै सरकारले उक्त निर्णय फिर्ता लिनु आवश्यक छ । निजी सञ्चार क्षेत्रलाई अलग्ग गर्ने सरकारको यो कार्यशैलीले सरकारलाई नै नोक्सान हुन्छ । सरकारको सूचना र गतिविधि सञ्चारमाध्यममा ल्याएर सुसूचित पार्ने सञ्चार क्षेत्रलाई आर्थिक बन्देज लगाउने निर्णय र सोच प्रजातान्त्रिक मान्यताविपरीत छ । यो निर्णय सरकारले फिर्ता नलिए भोलि सञ्चार क्षेत्रले सरकारी गतिविधि प्रसारण गरेन भने, सरकारी सबै गतिविधि या कार्यक्रम बहिष्कार गरे भने नोक्सान कसलाई हुन्छ ? देशमा सरकारी सञ्चारका साधन र स्रोत कति नै छ र ? सरकारी मिडियामा मात्र सूचना दिँदा नागरिकहरू, व्यापार-व्यवसायीहरू, सङ्घ संस्थाहरू महत्त्वपूर्ण सूचना र खबरबाट वञ्चित हुनेछन् ।

देशका विभिन्न पत्रिकाले सरकारी सूचना र गतिविधिमात्र जनताको घर आँगनमा ल्याएर सुसूचित पारेका छैनन् । पदको दुरुपयोग गरी अकुत सम्पत्ति कमाउने, सरकारी पदमा रहेर, जनताको करबाट भएको आम्दानीको तलब खाएर अनियमितता गर्ने, भ्रष्टाचार गर्ने, ढिलासुस्ती गर्ने, विभेद गर्ने व्यक्ति, पदाधिकारी र संस्थाहरूलाई खबरदारी गर्दै आएको पत्रिका या सञ्चार जगत्लाई विज्ञापनबापत दिँदै आएको लोककल्यणकारी बजेट रोक्ने काम रास्वपाको सरकारलाई सुहाउँदैन । बरु, सरकारले कुनै पत्रिका या सञ्चार क्षेत्रले नक्कली काम गरिरहेको छ, विज्ञापनमा ठगिरहेको छ भने त्यो नियन्त्रण गर्नुपर्छ । सरकारी विज्ञापन दिन कुनै संस्था या व्यक्तिले दिन्नैपर्ने दाबी गर्छ, दबाब दिन्छ भने सोच्नुपर्छ । राजनीतिक दबाबमा सूचना नै प्रकाशन नगरी विज्ञापनको पैसा लिने, विज्ञापन लिने नाउँमा एक दुई सय पत्रिका निकालेर विज्ञापन लिइरहेको छ भने सरकारले सोच्नुपर्छ । १०/२० वटा पत्रिका प्रकाशन गरेर 'क' वर्गको सुविधा कुनै पत्रिकाले लिइरहेको छ भने त्यसतर्फ सरकारले नियन्त्रण गर्नुपर्छ ।

सरकारको सूचना, कार्यक्रम, निर्णय, गतिविधि प्रसारण गर्ने पत्रिका या सञ्चारमाध्यमलाई सरकारले कुन मनसाय र उद्देश्यले सरकारी विज्ञापन रोक्नुपऱ्यो ? सरकारी सबै सूचना सरकारी सञ्चारमाध्यममा मात्र केन्द्रित गर्दा के देशभरिका जनता सुसूचित हुन्छन् ? सरकारी विज्ञापन रोकेर के सरकारी खर्चमा मितव्ययिता ल्याउन र पारदर्शी कायम गर्न सकिन्छ ? सरकारी सूचना भनेको जनताको सूचना पनि हो । अतः पत्रकार जगत्मै बाधा पुग्ने यो निर्णय सरकारले फिर्ता लिनु बुद्धिमानी हुनेछ । सरकारको निर्णयले सरकारी सूचना, निर्णय, गतिविधि र कार्यक्रम जनतामाझ पुगेन या पुऱ्याउने काम भएन भने भोलि देशको स्थिति के होला ? यस्तो गलत निर्णय र काम गरेर पत्रकारिता पेसालाई असर पुऱ्याउने काम उचित होइन । देशको आम्दानी जोगाउने नाउँमा प्रदान गर्दै आएको विज्ञापनको रकम रोक्ने काम बुद्धिमानी होइन ।

# पुँजीवादी सरकारको नेतृत्व गरेर आमूल परिवर्तन नहुने

मार्क्सवादको क्रान्तिकारी धार छोडेर शान्तिपूर्ण बाटोबाटै समाजवाद ल्याउने विचार संशोधनवाद हो । पुँजीवादी व्यवस्थाको संसदभित्र पसेर या पुँजीवादी संसदीय व्यवस्थामा कुनै दलले बहुमत प्राप्त गरे पनि देशमा समाजवाद स्थापना हुँदैन । संशोधनवाद कम्युनिस्ट मजदुर आन्दोलनको पुँजीवादी विचार हो । नेपालका कम्युनिस्ट भनिने दल र दलका नेताहरूले संसद्लाई उपयोग गर्दै सरकारको नेतृत्व गरे । कम्युनिस्ट पार्टीको नेतृत्वमा पटक पटक सरकार गठन भए पनि देशमा कम्युनिस्टको सिद्धान्त र विचारअनुसार कुनै काम भएन; नीति र नियम बनेन । बरु, कम्युनिस्ट पार्टीको नेतृत्वमा बनेको सरकारले बहुमत जनताको भावनाविपरीत काम गऱ्यो । व्यापक कामदारवर्गलाई सङ्गठित गरी सशस्त्र सङ्घर्षको बाटोबाटै समाजवादमा जाने उपाय नै मार्क्सवादी दृष्टिकोण हो ।

जनतालाई राजनीतिक, सैद्धान्तिक र वैचारिक रूपले सचेत र सङ्गठित गर्न लाग्नुपर्ने कम्युनिस्ट पार्टी र पार्टीका नेताहरू जसरी भए पनि पुँजीवादी सरकारको नेतृत्व गर्न तम्सिए । पुँजीवादी सरकारको नेतृत्व गरेर देशमा कसरी आमूल परिवर्तन हुन्छ ? क्रान्तिको उद्देश्य कसरी पूरा हुन्छ ? देश र जनताको मुख्य उद्देश्य कसरी पूरा हुन्छ ? देश र जनताको मुख्य उद्देश्य छोडेर दलगत र व्यक्तिगत स्वार्थमा अल्झेर स-साना तथा अल्पकालीन स्वार्थ खोज्ने काम अवसरवाद हो । देशका शासकहरू अवसरवादी भए । अवसरवादी दलको नेतृत्वमा बनेको सरकारले देश र जनताको बृहत् हित खोज्दैन; खोज्न ध्यान दिँदैन । अहिले बनेको रास्वपाको नेतृत्वमा बनेको सरकार पनि श्रमजीवीवर्गको हितको निम्ति बनेको सरकार होइन । श्रमजीवीवर्गका जनताको निम्ति बनेको सरकार नआएसम्म बहुमत जनताको हित हुनेछैन ।

रास्वपाको सरकार संयुक्त राज्य अमेरिका र भारतको उठबस या इसारामा चलेको हो भने या चल्छ भने त्यो नेपाल र नेपालीको निम्ति दुर्भाग्य हुनेछ । विदेशी शक्तिराष्ट्रहरूको निर्देशनमा सरकार चले कुनै पनि बेला नेपाल र नेपाली जनतामा दूरगामी असर पर्नेछ र देशको सार्वभौमसत्तामा आँच पुग्नेछ । संयुक्त राज्य अमेरिकी साम्राज्यवाद र भारतीय एकाधिकार पुँजी एसियामा तेस्रो विश्वयुद्ध थोपरी एसियाली देश र जनतालाई ध्वस्त बनाएर आफ्नो हैकम चलाउने खेल खेल्दै छ भन्ने सङ्केत देखा पर्दै छ । यसतर्फ वर्तमान सरकार गम्भीर हुनुपर्ने हो तर भएको देखिँदैन । सरकारको महत्त्वपूर्ण काम भनेको देश बनाउने र जोगाउने नै हो । देश जोगाउन र बनाउन कुनै पूर्वाधार तयार गरिँदैन भने देश जहिल्यै परनिर्भर भइरहने छ; देश ऋणमा डुब्ने छ; देश भ्रष्टाचारको कालोसूचीमा परिरहनेछ ।

अहिले विश्वका विभिन्न मुलुकमा अमेरिकी हैकम चलिरहेको छ; आक्रमण गर्न र गराउन लागेको छ । अमेरिका नेपाललाई पनि उपयोग गर्नेतर्फ उन्मुख छ । नेपाली भूमिमा रहेर, टेकेर तिब्बतमा उपद्रव मच्चाउने काम अमेरिकाले गर्न सक्दैन भन्न सकिँदैन । नेपालमा भारतीय नागरिकहरू पसिरहेझैँ तिब्बतीहरू पनि पसिरहेको खबर सञ्चारमाध्यममा आएको छ । अमेरिकाले चीनको विरोधमा नेपाली भूमिमा रहेर तिब्बतीहरूलाई उचाल्न सक्ने सम्भावना छ । अमेरिकाले युक्रेनलाई उचालेर रुसमा आक्रमण गराएको हो, इजरायललाई उचालेर इरानमा आक्रमण गराएको हो, प्यालिस्टिनमा आक्रमण गराएको हो । नेमकिपाले यसको खबरदारी पहिलेदेखि गर्दै आएको हो । नेमकिपाले विदेशी हस्तक्षेपको विरोध गरिरहँदा एमाले र माओवादी भनिने कम्युनिस्टहरूले वास्तै गरेनन्; बरु उनीहरूले नेमकिपाले विदेशी शक्ति राष्ट्रको मात्र कुरा गरे भनी विरोध गरे । भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनको क्रममा सर्वोच्च अदालत, संसद् भवन, सिंहदरबार र ठुला दलका नेताहरूको घर जलेपछि मात्रै उनीहरूले देशमा विदेशी चलखेल बढेको, विदेशी घुसपैठ भयो भनी विरोध गरे या उनीहरू बल्ल झस्के ।

रास्वपाले प्राप्त गरेको मत सैद्धान्तिक, वैचारिक र सङ्गठित मत होइन । उसले सङ्गठित मत प्राप्त गरेर बहुमत प्राप्त गरेको होइन । अन्य राजनीतिक दलको सङ्गठित मत त स्थिर या निश्चित भएन भने विभिन्न राजनीतिक दलबाट आएका नेता तथा कार्यकर्ताहरूको दल रास्वपाले प्राप्त गरेको मत स्थिर रहन्छ भन्ने होइन । भ्रष्टाचारी प्रकरणका फाइलहरू खोल्नु राम्रो कुरा हो । भ्रष्टाचारीहरू दण्डित हुनुपर्छ । 'एक्सन' मा गयो भनेर दुई चार दिन र महिनाको गतिविधिको आधारमा सरकार सही बाटोमा छ भनेर हचुवा मूल्याङ्कन गर्नु पनि हतार नै हुने छ ।

# भाग्न होइन, दुनियाँ बदल्न सिकाउने कर्मयोद्धा राहुल सांकृत्यायन

राहुल सांकृत्यायनलाई किसान र मजदुरहरू प्रेमले राहुल बाबा भनेर बोलाउँथे। उनी ठूला विद्वान थिए। धेरै भाषा र विषयका उनी जानकार थिए। उनले चाहेका भए उनी ठूलठूला किताबका ठेली लेखेर आरामसँग इज्जत र धन कमाउन सक्थे। तर उनी वास्तवमै एक जना कर्मयोद्धा थिए। उनले बहुमत जनता, गरीब किसान र मजदुरहरूको दुर्दशा तथा उनीहरूको मुक्तिको विचारलाई आफ्नो दायित्व सम्झे। उनीहरूसँग बसेर उनीहरूलाई जागृत गर्ने काम गरे र सङ्घर्षहरूमा उनीहरूको साथै रहे। उनी वास्तवमै जनताको आफ्नो मान्छे थिए।



राहुल सांकृत्यायन

आफ्नो सुविधासम्पन्न कोठाभित्र बसेर संसार र संसारका घटनाक्रमलाई तटस्थ व्याख्या गर्ने तमाम लेखक-बुद्धिजीवीभन्दा राहुल बाबा फरक छन्। जनताको दुर्दशा र सामाजिक परिवर्तनबारे ठूल्ठूला कुरा गर्ने तर पद-ओहदा अनि पुरस्कार भने पछि मरिहत्ते गर्ने लेखक-बुद्धिजीवीभन्दा राहुल भिन्न खालका छन्। राहुलले आफ्नो प्रतिभाको सदुपयोग



समाज परिवर्तन र जनतालाई जगाउनमा गरे। त्यही लक्ष्य पूरा गर्न उनले सरल र सीधा भाषामा स-साना पुस्तक र सयौँ लेखहरूमात्र लेखेनन् बरु जनताबिच गएर दासता र अन्यायको विरोधमा सङ्घर्ष गर्ने सङ्गठनकर्ताको भूमिका समेत निभाए।

राहुलको जन्म भारतको पूर्वी उत्तर प्रदेशको आजमगढ जिल्लाको एउटा पिछडिएको गाउँमा केदारनाथ पाण्डेको रुपमा भएको थियो। बाल्यकालमै जमेर बसेको र रुढीवादले ग्रस्त समाजप्रति उनको मनमा वितृष्णाभाव भरियो र विद्रोह गर्दै उनी घरबाट भागे। तेन्ह वर्षको उमेरमा उनी एउटा मन्दिरको महन्त (पुजारी) बने। अनि आर्य सामाजिक कार्यकर्ता बनी समाजका रुढी र मानसिक दासताविरुद्ध जागरण फैलाउने काममा लागे। तर, भारतीय समाजमा जरा गाडेर बसेको सदियौँ पुरानो गतिरोध, अन्धविश्वास, कुपमण्डुकता र जातीयताजस्ता सामाजिक विकृतिलाई लिएर उनको विद्रोही मन अधैर्य बन्यो। उनी त्यस्ता सामाजिक समस्याको समाधान आर्य समाजले गर्न सक्दैन भन्ने निष्कर्षमा पुगे। उनले बौद्ध धर्म अङ्गाले तर बौद्ध धर्मसँग पनि समाजमा बराबरी र न्याय कायम गर्ने कुनै उपाय थिएन। राहुलसँग भएका सबै प्रश्नहरूको जवाफ बौद्ध धर्मसँग पनि प्राप्त हुन सकेन। समानता र न्यायमा आधारित र हरेक प्रकारका शोषण तथा भेदभावबाट मुक्त समाज बनाउने बाटो खोज्दै जाने क्रममा राहुल मार्क्सवादी विचारधारासम्म पुगे। उनी गेरुवस्त्र फुकालेर मजदुर र किसानहरूको लागि लड्ने र उनीहरूको दिमागमा रहेका कुनै पनि हीनभावना तोड्ने कामलाई आफ्नो जीवनको लक्ष्य बनाए। उनले बुझे- "कम्युनिस्टहरू समाजको आर्थिक निर्माण नयाँ तरिकाबाट गर्न चाहन्छन् र त्यो निर्माण रफ्फु भरेर वा कतै टुटेफुटेको जोडेर हुन सक्दैन। एक प्रकारले त्यो काम नयाँ जगमा नयाँ निर्माण गरेरै मात्र हुन सक्दछ। भारतका साधारण जनताको गरिबी यति धेरै व्यापक छ, त्यसको लागि अनन्ततिर इसारा गर्न सकिँदैन। हामी हाम्रो काममा तुरुन्त जुटिहाल्न जरुरी छ।"

उनको भनाइ थियो, "जनतासामु आफ्नो विचार निर्धक्क भएर राख्नुपर्दछ र त्यहीअनुसार काम गर्न जरुरी छ। हुन सक्छ, केही समयसम्म जनताले तपाईंको भावना नबुझ्न सक्छ वा भ्रममा रहन सक्छन्। तर अन्तमा तपाईको असल उद्देश्यले हिन्दू, मुसलमान सबै गरीब जनतालाई तपाईंको साथमा आबद्ध गरिदिनेछ।"

आफूलाई गरीब जनतासँग जोड्न र रुढीवादी परम्परामाथि चर्को प्रहार गर्न राहुलले सर्वसाधारण जनताको बोलीचालीको भाषामा 'भागो नहीं दुनिया को बदलो', 'दिमागी गुलामी', 'तुम्हारी क्षय', 'नइकी दुनिया', 'मेहरारुन के दुरदसा', 'साम्यवाद ही क्यों' जस्ता स-साना पुस्तकहरू लेखेर जनतालाई जागृत गर्ने कामको सुरुआत गरे। साथै उनले गाउँ-गाउँ घुमेर किसान तथा गरीबलाई जगाउन र अङ्ग्रेज शासन तथा जमिन्दारहरूको विरोधमा लड्न सङ्गठित बनाउने कामको सुरुआत गरे। उनलाई धेरै पटक जेलमा राखियो तर उनले आफ्नो लेख्ने धर्म त्यागेनन्। उनका कतिपय किताब त जेलमा लेखिएका पनि छन्।



सांकृत्यायनको निवास

राहुल दूरदर्शी थिए। त्यसकारण भारतीय समाजको तर्कहीनता, अन्धविश्वास, सदियौँ पुरानो गतिरोध, कुपमण्डुकता आदिलाई घाइते बनाएरै मात्र अघि बढ्न सकिने कुरा उनलाई राम्ररी थाहा थियो। भारतको स्वतन्त्रता आन्दोलनमा धर्मको प्रवेशसँगै उनले धार्मिक विभाजनमाथि प्रहार गर्न जरुरी भएको कुरा बुझिसकेका थिए। उनले धर्मको विरोधमात्र गरेनन् बरु धर्मलाई आज केबल जनताबिच विभाजन ल्याउने र शासक वर्गको सत्ता जोगाउने हतियारको रुपमा मात्र प्रयोग भइरहेको बताए। उनले प्रष्ट शब्दमा भने- "धर्मको नाममा बञ्चरो चलाउने काम भइरहेको छ र त्यसकारण आज धर्मका विभिन्न धाराबिच मेलमिलापको कुरा पनि कहिलेकाहीं सुनिने गरेको छ। तर के त्यो सम्भव छ ? 'धर्मका धाराहरूले तपाईंलाई वैरभाव राख्न सिकाउँदैन।'- यो झुटको के ठेगान। यदि धर्मले वैरभाव नसिकाएको भए दारी र टुप्पीको लडाइँमा हजारौँ वर्षदेखि हाम्रो देश किन पागल बनेको छ ? पुरानो इतिहासलाई छोडौं, आज पनि भारतका शहर र गाउँमा एउटा



सांकृत्यायनको चिहान

धर्मको मान्छे अर्को धर्मको मान्छेको रगत पिउन आतुर किन बन्ने गरेको छ ? वास्तवमा कुरा के हो भने धर्मले वैरभाव राख्न सिकाउँछ। दाजुभाइलाई दाजुभाइको रगत पिउन सिकाउँछ।' हिन्दुस्तानको एकता धर्महरूबिचको एकतामा हुन सक्दैन। बरु धर्मको चित्तामा मात्र हुन सक्छ।'

किसानहरूको लडाइँ लड्ने क्रममा राहुलले अङ्ग्रेज शासनको अन्त्य र किसानले जमिन पाउनेबित्तिकै समस्याको समाधान नहुने कुरा राम्ररी बुझेका थिए। उनले स्पष्ट शब्दमा श्रमिक जनताको वास्तविक स्वतन्त्रता साम्यवादी बन्दोबस्तमा मात्र हुने कुरा बताए। उनले लेखे, 'खेतमा काम गर्ने मजदुरहरूले आफ्नो आर्थिक मुक्ति साम्यवादी बन्दोबस्तमा मात्र हुने कुरा राम्ररी बुझ्न जरुरी छ, आज क्रान्तिको सुरुआत भएको छ र यो क्रान्ति साम्यवादसम्म चालु रहनेछ।"

उनी बिनाथकान काममा लागिरहे। भारतीय समाजमा रहेका हरेक प्रकारका विकृति, हरेक प्रकारका दिमागी दासता, सबै प्रकारका अन्धविश्वास, सबै गलत परम्परामाथि उनले प्रहार गरे। तिनका विरोधमा जनतालाई शिक्षित बनाउने काममा लागिरहे। उनी श्रमिक जनतालाई माया गर्थे र श्रमिक जनताकै पक्षमा आफ्नो जीवन बलिदान गरे। उनको जीवन छोटो रह्यो, तर उनको काम भने अथाह रह्यो। सदियौंदेखि गहिरो निद्रामा सुतेको भारतीय समाजलाई जगाउन सजिलो काम पक्कै थिएन। बाहिरी शत्रुसँग लड्न सजिलो थियो तर आफ्नै समाजमा बसेको दुश्मन र आफैभित्रको संस्कार, मूल्य-मान्यता, रीतिरिवाजविरुद्ध लड्न जनतालाई तयार पार्न त्यत्तिकै गाह्रो थियो। राहुललाई एक किसिमको बेचैनीले सधैँ घेरेकै हुन्थ्यो। यो काम कसरी सम्भव छ ? कति धेरै काम बाँकी छन्। उनी एक समयमा दुई-दुई पुस्तक लेखिरहेका हुन्थे। रेलमा यात्रामा गर्दा, सभा-सम्मेलनहरूको बीचमा हुने घण्टा-आधा घण्टाका समय र सुत्ने समयसमेत कटौती गरी उनले लेख्ने कामलाई निरन्तरता दिएकै हुन्थे। लगातारको कामले उनको अग्लो, बलवान, सुन्दर शरीर पनि जर्जर बन्दै गयो। तर उनी रोकिएनन्। दिमागमा भीषण दबाब पर्दा हुने स्मृति गुमाउने रोगबाट आक्रान्त नहुँदासम्म यो लगातारको यात्रा रोकिएन। उनले सम्झने क्षमता सबै गुमाए। आर्थिक समस्याले उनलाई पनि घेर्‍यो। पूरा उपचार पनि गर्न नपाउँदै सन् १९६३ को अप्रिल १४ को दिन ७० वर्षको उमेरमा उनको निधन भयो। मजदुर किसानहरूका राहुल बाबा बिदा भए। तर उनले सल्काएको चिरागले देखाएको बाटोमा अघि नबढी भारतमा क्रान्ति गर्न सम्भव छैन। आज हाम्रो समाजलाई जस्तो क्रान्तिकारी पुनर्जागरण र प्रबोधनको आवश्यकता छ, त्यसको लागि राहुल सांकृत्यायनको जीवन र कर्म सदैव प्रेरक बनिरहन आवश्यक छ।

***मजदुर विगुल अखबारको हिन्दी लेख नेपालीमा अनुवाद***




**सहकारी...**

र सदस्यहरूले पनि सञ्चालकहरूबारे बुझेर मात्र कारोबार गर्नुपर्छ भन्नुभयो ।

उपप्रमुख रजनी जोशीले सहकारी संस्थाहरूले सहकारीको वित्तीय तथा आर्थिक अनुशासन, सहकारी सिद्धान्त र मूल्य मान्यतालाई मनन गर्दै सदस्यहरूको जीविकोपार्जन र कला कौशल उजागर गरी व्यवसायीकरणतर्फ अगाडि बढ्नुपर्ने बताउँदै सहकारी संस्थाहरूले अबका दिनमा बचतकर्ताहरूको बचत रकम अपचलन नहुने गरी संस्थालाई अगाडि बढाउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

भनपा २ का वडाध्यक्ष एवम् सहकारी समितिका संयोजक हरिप्रसाद बासुकलाले भक्तपुर नगरभित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरूको सङ्क्षिप्त विवरण प्रस्तुत गर्दै सहकारीहरूले संस्थामा रहेको शेयर पुँजी, जगेडा कोषलाई ध्यानमा राख्दै आदर निकेतन सञ्चालन गरी सामाजिक सेवा तथा विभिन्न उपलब्धिमूलक क्षेत्रमा लगानी गर्न सके समाज विकासमा टेवा पुग्ने बताउनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका कोषाध्यक्ष कृष्णश्वरी प्रजापतिले सहकारी सङ्घले स्थापना कालदेखि नै समुदायमा आधारित सहकारीहरूको हितको निम्ति काम गर्दै आएको प्रस्ट पार्दै बचत तथा ऋण सहकारी संस्थाहरूले आर्थिक कारोबारमा मात्र सीमित नरही सामुदायिक हितका लागि उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सके सहकारीको छवि राम्रो हुने विचार व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा सहकारी अनुगमन समितिका हरिरत्न गोर्खाली र नारायणप्रसाद त्वानाबासुले पनि बोल्नुभयो ।

# नेमकिपा कैलालीद्वारा मतदातालाई धन्यवादज्ञापन




कैलाली । नेपाल मजदुर किसान पार्टी कैलालीले फागुन २१ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा पार्टीलाई सहयोग गर्ने मतदाताहरूलाई चैत १८ गते धन्यवाद कार्यक्रम गर्‍यो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले पार्टीले निर्वाचनलाई जनताको राजनीतिक चेतनास्तर नाप्ने 'व्यारोमिटर' को रूपमा उपयोग गर्दै आएको स्पष्ट पार्दै समाजवादी र पुँजीवादी बन्दोबस्तको फरकबारे जनतालाई सचेत गराउनु जरुरी भएको बताउनुभयो ।

विश्वमा अशान्ति फैलिनुमा अमेरिकी साम्राज्यवाद प्रमुखरूपमा दोषी भएको चर्चा गर्दै उहाँले अमेरिकी साम्राज्यवादको पतन नभएसम्म विश्वका जनताले शान्तिपूर्वक बाँच्न पाउनेछैनन् भन्नुभयो ।

नेमकिपाका अर्का केन्द्रीय सदस्य एवम् कैलाली संयोजक रमेशकुमार रावलले निर्वाचनमा जीत हारभन्दा पनि जनतालाई कति सचेत गर्न सक्यौं त्यो नै महत्त्वपूर्ण हुने धारणा राख्नुभयो ।

कार्यक्रममा नेक्राशिसङ्घका केन्द्रीय सदस्य जेबी, नेमकिपा कैलाली सचिव गगन थापामगरलगायतले बोल्नुभएको थियो ।

# गङ्गालाल अस्पतालमा स्वास्थ्य बीमा उपचार सेवा बन्द हुँदा बिरामीलाई पीडा

काठमाडौं, २३ चैत । काठमाडौं बुढानीलकण्ठस्थित सहिद गङ्गालाल हृदय रोग केन्द्रले बीमाको आधारमा स्वास्थ्य उपचार सेवा बन्द गरेको छ ।

अस्पतालले स्वास्थ्य उपचार गरेबापतको रकम बीमा प्राधिकरणबाट नपाएपछि माघ १९ देखि सूचना टाँस गरी अनिश्चितकालको लागि सेवा बन्द गरेको हो । अस्पतालको उक्त निर्णयबाट दैनिक हजारौं हृदय रोगका बिरामीले दुःख पाइराखेका छन् । बाहिर जिल्लाबाट रेफर पुर्जी लिएर आएका बिरामीहरू सहिद गङ्गालाल अस्पताल पुग्दा स्वास्थ्य बीमा सेवा बन्द हुँदा बिरामीको पीडामाथि पीडा थपिएको छ ।

निवर्तमान प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले जसरी भए पनि स्वास्थ्य बीमा सेवा चालू राख्ने बताए पनि केही गरेको थिएन । अहिले नयाँ प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको नयाँ सरकारको त्यतातिर ध्यान पुग्न सकेको छैन । बारा जिल्लाबाट आएका मुटु रोगको बिरामी मुक्ति यादवले आफूसँग स्वास्थ्य बीमा भएको तर अहिले स्वास्थ्य बीमाबाट उपचार नहुने सूचना देख्दा र उपचारका लागि आफूसित पर्याप्त रकम नभएको दुखेसो पोख्नुभयो । अन्य बिरामी र बिरामीका आफन्त पनि निराश हुँदै उपचारको निम्ति रकम जुटाउन बाध्य भएको देखिएको छ ।


## वैदेशिक रोजगारमा जानेले घरमा छोड्नुपर्ने कागजात।

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि,
- निरोगिताको प्रमाणपत्रको प्रतिलिपि,
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,
- म्यानपावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि,
- बीमा गराएको कागजको प्रतिलिपि,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,

वैदेशिक रोजगारमा रहँदा कठिनाइ उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**एकक्षण** — **निर्जला**

# २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनबारे तराईको स्थिति

२०८२ भदौ २३ र २४ गते भएको 'नयाँ पुस्ता' को आन्दोलनपश्चात् 'नयाँ पुस्ता' को मस्तिष्कमा पुराना दलहरूप्रति हेर्ने दृष्टिकोण विगतको भन्दा फरक देखियो । विगत ३५-३६ वर्षदेखि एमाले, काङ्ग्रेस, राप्रपा, माओवादी, मधेसवादी दललगायत अन्य शासक दलहरूले जनताको आधारभूत आवश्यकताहरू पूरा गर्न नसक्दा जनता विकल्प खोज्दै थिए । हरेक निर्वाचनको समयमा जनताले विकल्प खोज्दै आइरहेका थिए । तर, यसपालिको निर्वाचन विगतको भन्दा फरक देखियो । बालेनको रास्वपा प्रवेशपश्चात् मधेसको राजनैतिक वातावरण पनि फरक देखियो । मधेसी जनताको मानसिकतामा अहिलेसम्म पहाडिया शासकहरूले मधेस र मधेसीप्रति हेर्ने दृष्टिकोणमा परिवर्तन गरेनन् । मधेसीको छोरा देशको प्रधानमन्त्री बन्दै छ भन्ने उत्साह देखियो । पार्टीगत हिसाबले जुनसुकै पार्टी भए पनि यसपालि रास्वपामा मतदान गरी बालेनलाई जसरी पनि प्रधानमन्त्री बनाउनुपर्छ भन्ने मानसिकता विकास भएको देखियो ।

यहाँका अधिकतम युवाहरू रोजगारीको सिलसिलामा विदेशमा भएकाले उनीहरूले घरमा फोन गरी घण्टीलाई मतदान गर्न परिवारलाई दबाब दिइरहेको देखियो । अन्य राजनीतिक दलका महत्त्वाकाङ्क्षी उम्मेदवारहरूले पार्टीबाट औपचारिक मनोनयन पत्र नपाउँदा असन्तुष्टहरूले पनि आफ्नै पार्टीको उम्मेदवार र पार्टीलाई सहयोग नगरेको देखियो । विकल्पमा रास्वपालाई नै मतदान गर्न आफ्ना शुभेच्छुकहरूलाई भित्रभित्र खबर गरेको पाइयो । शासक दलका उम्मेदवारहरूलाई के विश्वास थियो भने हाम्रा कार्यकर्ताहरूले नानाथरीका आरोप-प्रत्यारोप लगाए पनि अन्ततः मतदान हामीहरूलाई नै गर्नेछ भन्नेमा ढुक्क थियो तर परिणाम ठीकविपरीत देखियो ।

चुनाव प्रचारप्रसारको क्रममा पुराना शासक दलहरू र रास्वपामा खासै फरक देखिएन । विगतका निर्वाचनमा यिनीहरूको ठाउँ-ठाउँमा झन्डा र ब्यानरहरू राखेर झिलिमिली बनाएको देखिन्थ्यो तर यसपालि पहिलेको तुलनामा कम देखियो । ठूलो आवाज आउने साउन्ड (डिजे) ब्यान्ड मनोनयन दर्ता भएको दिनदेखि नै बस्तीबस्तीमा बजाउन थालियो । भारतीय गाडी सस्तो भाडामा पाउने भएकोले एउटा उम्मेदवारको आठ/दस वटा गाडी आफ्नो निर्वाचन क्षेत्रका विभिन्न ठाउँबाट गुडाइरहेको देखियो । गाडीमा दुई/चार जना मान्छे मात्र देखिन्थे तर ती गाडीहरू बिहानदेखि बेलुकासम्म घुमिरहेको देखिए ।

विभिन्न क्षेत्रमा घरदैलो गर्दाको दृश्यहरूमा विशेषतः एमाले, काङ्ग्रेस, नेकपा, जसपा, रास्वपाहरूले महिलाहरूलाई दैनिक मासुभात खुवाई ६०० ज्याला दिई घरदैलो गराएको पनि देखियो । यिनीहरू पहिला जस्तै ठुलठुला भोजको आयोजना नगरीकन गाउँका एजेन्टहरूमार्फत मत किन्ने काम गरेको देखियो । कतिपय पार्टी निर्वाचित जनप्रतिनिधिहरूले मोटो रकम पाए पनि आफ्ना शुभचिन्तकहरूलाई पैसा दिएको पार्टी र उम्मेदवारहरूलाई मतदान गर्न लगाए । यसपालि रास्वपाको चारैतिर हल्ला फैलिएको हुँदा र उनीहरूको नारा पनि 'चुपचाप घण्टी छाप' भएको र जनताले विकल्प खोजेको बेला उनीहरूको नाराले सार्थकता पायो । शासक दलहरू काङ्ग्रेस, एमाले, माओवादीले आफ्ना कार्यकर्ताहरूलाई सैद्धान्तिक रूपमा स्पष्ट नपार्दाको परिणाम हो - यो परिस्थिति । शासक दलका निर्वाचित जनप्रतिनिधिहरूले पनि भोलिको विकल्प खोज्दै भित्रभित्रै रास्वपालाई समर्थन गरेको देखियो । यिनीहरू निकट भविष्यमा रास्वपामा प्रवेश गर्यो भने आश्चर्य मान्नु पर्दैन । यो चुनावमा रास्वपाले पाएको मत बाहिर भनेजस्तै स्वस्फुर्त मत होइन, उनका उम्मेदवारहरूले भित्रभित्र लाखौं लाख रुपैयाँ खर्च गरेको पनि सुनियो ।

मान्छेलाई आकर्षित पार्न रास्वपाले चुनावको बेला हरेक प्रकारको स्रोत साधनको प्रयोग गरेको देखियो - जस्तै गाडीहरूको लाम, डिजे बाजा, घोडा, मोटरसाइकल, झ्याली बाजालगायत साधनहरू प्रयोग गरेको देखियो । चुनाव आचारसंहिताको उल्लङ्घन गर्दा सम्बन्धित निकाय मूकदर्शक थियो ।

### नेमकिपाको चुनाव प्रचारबारे

नेमकिपाले चुनावलाई जनताको चेतना स्तर नाप्ने ब्यारोमिटरको रूपमा उपयोग गर्दै आएको हो । त्यसैले नेमकिपाका उम्मेदवारहरू निर्वाचन आचारसंहिताको पूर्ण पालना गरी निर्वाचन घोषणापत्र, पर्चा लिई जनताको घरदैलोसम्म पुर्‍याई राजनीतिको नाममा बढ्दै गरेको विकृति, विसङ्गति, अराजक गतिविधि, भ्रष्टाचारलगायतका बारेमा उनीहरू जनतालाई सचेत पार्ने काममै लागे । सङ्ख्यात्मक रूपमा नेमकिपाका सीमित कार्यकर्ता मात्रै हुँदा कतिपय ठाउँमा मान्छेहरू आश्चर्य मान्थे । मानिसहरू 'नेमकिपा एक/दुई जना मात्रै भए पनि डर र लाज नमानी यस्ता काम गर्न सकिरहेका छन्' भनी आश्चर्य मान्दै हेर्थे । ती कार्यकर्ता जुनसुकै ठाउँमा पुग्दा पनि पार्टीको नाम सुन्दा मान्छे आश्चर्य मान्थे र सोध्ने पनि गर्थे नेमकिपा यहाँ पनि छ र ?' पार्टी नेतृत्व र पार्टीले देश र जनताको पक्षमा उठाउँदै आएको विषयमा कार्यकर्ताहरूको मुखबाट सुन्दा युवा कार्यकर्ताहरू झन् उत्साहित देखिन्थे । कतिपय ठाउँमा भन्थे, 'पार्टी राम्रो छ तर जनताको विश्वास लिन किन सकिरहेको छैन ?' कतिपय ठाउँमा भन्थे, "पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँको विचारसँग सहमत छु ।' तर, शासक दलहरूलाई तह लगाउनको लागि यसपालि रास्वपामा मतदान गर्ने कुरा बताउँथे । कतिपय मतदाताहरूले भन्ने गर्थे, "अन्य पार्टीका उम्मेदवारहरूले खाजा खानाको लागि पैसा दिन्छ तर तपाईंहरू पर्चा दिएर कसरी तपाईंलाई मत आउँछ ?" घरदैलोको क्रममा युवाहरूले नेमकिपालाई सहयोग गर्छौं तर हामीलाई अप्ठ्यारो परेको बेला अर्थात् प्रशासनले पक्राउ गर्दा नेमकिपाले पनि सहयोग गर्नुपर्छ ।' त्यस जिज्ञासा राख्दा नेमकिपाका कार्यकर्ताको उत्तर थियो - 'नियमविपरीतको काम नगर्नुहोला । त्यसबाहेक केही अप्ठ्यारो भएको खण्डमा हामी छलफल गरी सहयोग गर्छौं ।' साँझ ती युवाहरूले फोन गरी भने, "हामीसँग १०० वटा जति भोट छ, तिनीहरूलाई खाजा खुवाउनको लागि पैसा पठाइदिनुपर्‍यो ।" नेमकिपाका कार्यकर्ताहरूले तिनीहरूलाई स्पष्ट र नम्र भाषामा नेमकिपाले पैसा दिएर, भोज खुवाएर, झूटा आश्वासन दिएर भोट माग्दैन । पार्टीको घोषणापत्र पढ्नुहोला । हाम्रो विचारसँग सहमत भएको खण्डमा हामीलाई मतदान गरी सहयोग गर्नु होला भनी आग्रह गरे ।

पार्टीको बारेमा धेरैलाई थाहा भए पनि पार्टीको चुनाव चिह्नको बारेमा धेरै मतदाताहरू अनभिज्ञ भएको देखियो । निर्वाचन र अन्य समयमा पनि पार्टीको चुनाव चिह्नको बारेमा कसरी व्यापक रूपमा जनतामाझ पुर्‍याउन सकिन्छ भन्नेबारे कार्यकर्ताहरू अनभिज्ञ थिए । चुनावको समयमा अन्य दल र त्यसका उम्मेदवारहरूले सामाजिक सञ्जाल, सञ्चारमाध्यमको व्यापक प्रयोग गरेको देखियो । नेमकिपाले पनि आफ्ना विचार र चुनाव चिह्न देशव्यापी रूपमा पुग्ने गरी सामाजिक सञ्जाल र सञ्चारमाध्यमहरू प्रयोग गरी अडियो, भिडियोमार्फत मतदाताहरूसमक्ष पुर्‍याउनु आवश्यक थियो/त्यो देखिएन । चुनावको समयमा जुन सक्रियता थियो त्यो सक्रियतालाई निरन्तरता दिनु आवश्यक छ - नेमकिपाको केन्द्रको पनि यसबारे गम्भीर ध्यान जानु आवश्यक छ । जिल्ला जिल्ला घुम्ने र बुझ्ने नेताहरूले मात्र जनताको समस्या बुझ्ने छन् भनी सबैले बुझ्दै छन् ।

**धन्यवादज्ञापन...**

जनताबिच नियमित कक्षा सञ्चालन हुनु आवश्यक छ ।"

कम्युनिस्टहरूले कामदार वर्गको हित हेर्ने हुँदा शोषकहरूले कम्युनिस्टहरूलाई मन नपराने स्पष्ट पार्दै अध्यक्ष बिजुक्छेँले कार्यकर्ताहरूले जनतालाई हृदयदेखि नै पुँजीवादी विचारप्रति घृणा पैदा हुने शिक्षा दिएर सचेत पार्नु आवश्यक छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "देश र जनताको सेवा गर्छौं भन्नेहरूले जानाजान गल्ती गर्नु जनताप्रति बेइमान गर्नु हो । कार्यकर्ताहरू राजनीतिक रूपले परिपक्व हुन जनताको बिचमा पुगेर अध्ययन र अनुभवसहित सिक्नु आवश्यक छ ।"

अध्यक्ष बिजुक्छेँले थप्नुभयो, "निर्वाचनमा प्रतिक्रियावादीहरूले भित्री र बाहिरी रूपमा जालझेल गरेर जनताका उम्मेदवारलाई हराउँछन् । यसकारण कार्यकर्ताहरूको जीउभरी आँखा हुनु आवश्यक छ ।"

दुई-चार वर्ष फूटबल खेल्दैमा कोही पनि पोख्त खेलाडी नहुने उल्लेख गर्दै उहाँले राजनीतिमा पनि पनि २/४ वर्षमै कोही परिपक्व नेता नबने स्पष्ट पार्नुभयो ।

बैठकमा पार्टी सचिव प्रेम सुवालले पार्टी केन्द्रीय समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

बैठकमा केन्द्रीय सदस्यहरूको प्रतिवेदन प्रस्तुति चालू रहेको थियो ।

## हार्दिक समवेदना



जन्म : २०१४।०९।०७
निधन : २०८२।१२।१५

दैलेख जिल्ला गुराँस गाउँपालिका समिति वडा नं.४ निवासी, नेपाल मजदुर किसान पार्टी (साबिक बराह) गाउँ समितिका अध्यक्ष कर्णबहादुर खड्काको निधनले नेमकिपालाई अपूरणीय क्षति पुगेको छ । साथै शोकलाई शक्तिमा बदल्न सम्पूर्ण पार्टी सदस्य एवं घर परिवारलाई धैर्यधारण गर्न शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दै मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**नेपाल मजदुर किसान पार्टी, गुराँस गाउँपालिका समिति**
दैलेख

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३